वनगाड कुपिण्डे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

देवस्थल, सल्यान, कर्णाली प्रदेश नेपाल

# नगर पार्श्वचित्र




२०८२ असार

# दुई शब्द



यस नगरपालिका अन्तर्गत रहेका साविक देवस्थल, बामे, घाँझरीपिपल, मूलखोला गा.वि.स. मा प्रचलित बन्गाडी सँस्कृति र सल्यान जिल्लालाई नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चिनाउन सफल कुपिण्डे तालको संयोजनबाट नामाकरण गरिएको बनगाड कुपिण्डे नगरपालिकाको नगर पार्श्वचित्रको अध्यावधिक गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस नगरपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले नगरको विकासको वर्तमान अवस्थालई चित्रित गरेको छ। यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी नगर विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु। यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको छ। यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस यो पार्श्यचित्र अध्यावधिक गरिएको छ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै अध्यावधिक गर्न लगाउने नगर कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, शाखाका कर्मचारीहरु, वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु।

अन्तमा नगरको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस् भन्ने सुभेच्छा प्रकट गर्दछु।

कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख

# मेरा दुई शब्द



दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि नगरको समग्र तथ्याङ्क आवश्यक पर्दछ। यसै आवश्यकतालाई मध्य नजर गरी नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ। जसमा नगरपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी नगर पार्श्वचित्र अध्यावधिक गरिएको छ।

यस नगरपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु। पार्श्वचित्रमा उल्लेखित विवरणमा नगरको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०७८ का विविध पक्षहरू समावेश गरिएको छ।

अन्तमा प्रस्तुत पार्श्वचित्र अध्यावधिक गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत शाखाहरु, संघसंस्था, वडा सचिवहरू, नगर कार्यपालिकाका कर्मचारीहरू, प्रमुख प्रशासकीय अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रसोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यबाद दिन चाहन्छु।

पुरुषोत्तम आचार्य
नगर उप-प्रमुख



# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ। विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन्। यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र अध्यावधिक) गरिएको हो। पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो नगरको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ। यो पार्श्वचित्रलाई एकातिर नगरको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूको बारेमा अवगत गर्न सकिन्छ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगर प्रमुख, नगर उपप्रमुख, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, विभिन्न संघ-संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु। अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु।

गोकर्ण पन्थी
प्रमुख प्रशासकीय अधिकृत

# वियषसूची

Contents

**खण्ड १: भूमिका .............................................................................. १**

१.१ पृष्ठभूमि ............................................................................. १

१.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरु ........................................... १

१.३ नगर पार्श्वचित्र तयारी विधि ..................................................... २

१.४ नगर पार्श्वचित्र तयारीका सिमाहरु .............................................. २

**खण्ड २: बनगाड कुपिण्डे नगरपालिकाको परिचय ................................... ३**

२.१ नगरपालिकाको संक्षिप्त परिचय.................................................. ३

२.२ भूक्षेत्र (टोपोग्राफि, भिरालोपन)................................................. ८

२.३ माटोको बनावट र उर्वराशक्ति ................................................१०

२.४ खानीको स्रोत र उपयोगको स्थिति..............................................१०

२.५ हावापानी .........................................................................१०

२.६ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु ............................११

२.७ मुख्य नदी तथा तालहरु...........................................................१९

२.८ मुख्य चाडपर्वहरु................................................................. २१

**खण्ड ३ : जनसाङ्खिक विवरण .................................................२२**

३.१ जनसंख्याको विवरण.............................................................२२

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ............................ २४

३.३ उमेर समुहअनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ..... २९

३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण ..........................................३०

३.५ उमेर समूहअनुसार जनसख्याको विवरण......................................... ३१

३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण.................................... ३३

३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ........................................ ३३

३.८ धर्मअनुसार जनसंख्याको विवरण ........ ३५

३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ........ ३६

३.१० महिलाका नाममा भएको घरजग्गाको स्वामित्वको विवरण ........ ३८

३.११ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ........ ३९

३.१२ छानाको आधारमा घरको बनोटको विवरण ........ ४१

३.१३ जगको आधारमा घरको बनोटको विवरण ........ ४२

३.१४ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ........ ४३

३.१५ बसाई सराईको बवस्था ........ ४३

३.१६ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ........ ४४

**खण्ड ४ : भू-उपयोग ........ ४५**

४.१ नगरपालिकाको भू-उपयोगको विवरण ........ ४५

४.२ शहरीकरणको स्वरुप ........ ४६

४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप ........ ४६

४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ........ ४८

४.५ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ........ ४९

४.६ भू-क्षय सम्भावित क्षेत्र ........ ५०

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ........ ५१**

५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरुप ........ ५१

५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ........ ५१

५.३ आश्रित जनसंख्याको विवरण ........ ५२

५.४ सिंचाइ ........ ५२

५.६ कृषि तथा पशुपालन ........ ५४

**५.६.१ कृषि ........ ५४**

**५.६.२ सेवा केन्द्रहरुको प्रभाव क्षेत्र तथा जनसंख्याको विवरण ........ ५५**

५.६.३ कृषक समूहको विवरण ........................................................ ५६

५.६.४ कृषि पकेट क्षेत्र.................................................................५८

५.६.५ कृषि उपज संकलन केन्द्र.........................................................५८

५.६.६ कृषि बजारीकरण ...............................................................५८

५.६.७ कृषि तथा खाद्य सुरक्षा आयोजना तर्फको कृषक पाठशाला विवरण.......५९

५.६.८ जग्गाको उर्वराशक्ति.............................................................. ६०

५.६.९ विभिन्न प्राविधिक शाखाहरुको कार्यक्रम तथा संचालित आयोजनाहरु ..... ६०

५.६.१० नगरमा सञ्चालित एग्रोभेटहरुको विवरण................................... ६२

५.६.११ पशुपालन ........................................................................ ६२

५.६.१२ विकासमान बजार क्षेत्रहरूको स्थिति......................................... ६२

५.७ उद्योग तथा व्यापार क्षेत्र ........................................................ ६३

५.७.१ थोक तथा खुद्रा व्यापार........................................................ ६५

५.७.२ निकासी पैठारी स्थिति .......................................................... ६५

५.७.३ ढुवानी तथा भण्डार व्यवस्था ................................................. ६५

५.७.४ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ........... ६६

५.७.५ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति................... ६६

५.८ खानीको स्रोत र उपयोगको स्थिति............................................. ६६

५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू........................................ ६६

५.१० बैंक तथा वित्तीय संस्थाको विवरण............................................ ६८

५.११ सहकारी संस्थाको विवरण ...................................................... ६८

**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ........................................ ७०**

६.१ यातायात ............................................................................ ७०

६.१.१ विद्यमान सडक सञ्जाल ......................................................... ७१

६.१.२ यातायात सेवा ................................................................... ७२

६.१.३ वडा केन्द्रदेखि नगपालिका केन्द्रसम्मको दुरी.................................. ७२

६.२ संचार ........................................................................ ७२
६.२.१ टेलिफोन तथा मोबाइल फोन सेवा ........................................... ७२
६.२.२ टेलिभिजनको विवरण ........................................................ ७३
६.२.३ हुलाक सेवा ................................................................. ७३
६.३ विभिन्न सुविधाको उपलब्धता अनुसार घरपरिवारको विवरण ............................ ७४
६.४ विद्युत ....................................................................... ७४
६.४.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण .................................. ७४
६.४.२ विद्युतीकरणको वर्तमान अवस्था ............................................ ७६
६.४.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ................................ ७६
६.५ खेलकुद तथा मनोरन्जन ..................................................... ७७
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा** ................................................ **७८**
७.१ शिक्षा ........................................................................ ७८
७.१.१ साक्षरता स्थिति ............................................................ ७९
७.१.२ शैक्षिक जनशक्तिको विवरण ................................................ ८०
७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण ....................................... ८१
७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ... ८२
७.१.५ विभिन्न तहका विद्यार्थीहरूको विवरण ...................................... ८२
७.१.६ शिक्षक दरवन्दी विवरण ..................................................... ८३
७.१.७ विद्यालय संख्या: उपलब्ध दरवन्दीको आधारमा ............................ ८४
७.१.८ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ......................................... ८४
७.२ स्वास्थ्य ..................................................................... ८५
७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू ............................................ ८७
७.२.२ गाउँघर क्लिनिक र नियमित खोप ........................................... ८७
७.२.३ एच. आई. भी./एड्सको अवस्था ............................................ ८८
७.२.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण ...................................... ८८

७.२.६ खोपको विवरण........................................................ ८८
७.२.७ बाल्यकालमा हुने रोगका जोखिम ........................................ ८९
७.२.८ शिशु तथा ५ वर्ष बाल मृत्युदर............................................९०
७.२.९ बालपोषण सम्वन्धी विवरण ..............................................९०
७.२.१० सुरक्षित मातृत्वसम्बन्धी विवरण ........................................ ९१
७.३ नागरिक सुरक्षा सेवा...................................................... ९२
७.३.१ सामाजिक सूचकहरू .........................................................९२
७.३.२ बृद्धबृद्धाहरूको अवस्था .....................................................९२
७.४ महिला तथा बालबालिका ................................................ ९२
७.४.१ महिला सम्बन्धी विवरण.....................................................९२
७.४.२ बालश्रमको अवस्था........................................................ ९३
७.४.३ बाल विकास केन्द्र.......................................................... ९४
७.४.४ बाल क्लव/बाल सञ्जाल ....................................................९५
७.५ शान्ति सुरक्षा................................................................. ९५
७.६ सामाजिक सुरक्षा भत्ता ......................................................९६
७.७ अपाङ्गताको विवरण..........................................................९६
७.८ खानेपानी तथा सरसफाई .................................................. ९८
७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण................ ९८
७.८.२ वडागत खानेपानीको विवरण ............................................. ९८
७.८.३ खानेपानी आयोजना .........................................................९९
७.८.४ शौचालयको विवरण ........................................................१०३
७.८.५ वडागत शौचालयको संख्याको विवरण ................................. १०४
७.८.६ खुला दिसामुक्त क्षेत्र........................................................१०५
७.९ फोहोर मैला व्यवस्थापन....................................................१०६
**खण्ड ८: वन तथा वातावरण** ................................................. १०७

८.१ प्राकृतिक वन तथा वनस्पति ........................................................ १०७

८.२ जैविक विविधता सम्वन्धी विवरण.................................................... १०९

८.३ जिल्लामा पाइने मुख्य वनस्पतिहरू.................................................... ११०

८.४ लघु वन पैदावार......................................................................... ११०

८.५ जिल्लामा पाईने वन्यजन्तु ............................................................ १११

८.६ वन क्षेत्र सम्वन्धी विवरण............................................................... १११

८.७ सरकारद्वारा व्यवस्थित वन............................................................. ११२

८.८ सामुदायिक वन............................................................................ ११२

**८.८.१ सामुदायिक वनहरूबाट बिक्री वितरण गरेको वनपैदावरको विवरण** ........ ११३

८.९ धार्मिक वन ................................................................................ ११५

८.१० कबुलियती बन सम्वन्धी विवरण ...................................................... ११५

८.११ जडिबुटी सम्बन्धी विवरण .............................................................. ११५

८.१२ वन संरक्षणका लागि चाल्नु पर्ने कदम ............................................... ११६

८.१३ बिरुवा उत्पादन .......................................................................... ११७

८.१४ वृक्षारोपण.................................................................................. ११९

८.१५ भू-संरक्षण.................................................................................. १२१

८.१६ स्थानीय तहमा दर्ता भएका उजुरीहरुको विवरण..................................... १२१

**खण्ड ९: विकास सुचकांक र गरिबीको स्थिति**........................................ १२२

९.१ मानव विकास सुचकको विवरण (HDI) ................................................ १२२

९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)................................... १२३

९.३ मानव विकास र गरीबी .................................................................. १२३

९.४ गरिबी न्यूनीकरण ......................................................................... १२३

९.५ समग्र विकास स्थिति...................................................................... १२५

९.६ नगरपालिकाको विगत ५ आर्थिक वर्षको आय व्ययको विवरण ........................ १२६

९.७  नगरपालिकाको अन्य तहसँगको अन्तर सम्बन्ध तथा साझेदार संघ/संस्था ................. १२६

**खण्ड १०: नगरपालिकाका ऐन तथा कार्यविधि ........................................... १२८**

१०.१ नगरसभाबाट पारित भएका ऐन कानूनहरु ............................................... १२८

१०.२ नगर कार्यपालिकाबाट पारित भएका ऐन कानूनहरु......................................... १२९

# खण्ड १: भूमिका

## १.१ पृष्ठभूमि

भरपर्दो तथ्याङ्कीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो। यसले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले नगरमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थीत ढंगले संकलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। दशौं पञ्चवर्षीय योजना (२०७२-२०७७) ले पनि नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र तीन वर्षीय अन्तरिम योजना (२०७२/७३-२०७६/७७) ले पनि विकास योजना सम्बन्धका लागि नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी नगर पार्श्वचित्र (Municipal Profile) तयार गरिएको हो।

## १.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरु

नगर पार्श्वचित्र मूलतः बनगाड कुपिण्डे नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो। यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्ने।

- क) नगरभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने।
- ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने।
- ग) नगरपालीकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी लगाउनु।
- घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।
- ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।
- च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।
- छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचनाको उपलब्धता गराई ब्यवस्थापनमा सहयोग गर्ने।
- ज) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने।
- झ) नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने।
- ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने।

## १.३ नगर पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा के-कस्ता तरिका र साधनहरूको प्रयोग गरियो त्यसैलाई अध्ययन विधिमा उल्लेख गरिएको छ। नगर पार्श्वचित्रका तयारीका विधीहरू निम्नानुसार छन्।

क) यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्यांकहरू समावेश गरिएको।

ख) राष्ट्रिय जनगणना, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको छ।

ग) भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तु समावेश गरिएको छ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक तथा द्वित्तीय सूचना संकलन गरी गरिएको छ। भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्यांकहरू, डिजिटल तथ्यांक (GIS Data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागिता मूलक छिटो मूल्यांकन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ। यसका साथै नगरको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अन्तवार्ता गरी नगरका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ। नगरका समग्र तथ्यांकहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्यांकहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्यांकहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ।

## १.४ नगर पार्श्वचित्र तयारीका सिमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगर पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाईएको छ। नगरका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्यांक, केन्द्रीय तथ्यांक विभाग, विभिन्न मन्त्रालय विभागहरू, सम्बन्धित नगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्यांकको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यस डकुमेन्टले बनगाड कुपिण्डे नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई पनि केही सिमिततामा बाँधिएको छ। यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड २: बनगाड कुपिण्डे नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय




नक्सा नं. १ : नगरपालिकाको संक्षिप्त विवरणको नक्सामा

बनगाड कुपिण्डे नगरपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको पश्चिम उत्तरतर्फ महाभारत पर्वत श्रृंखलाको मध्यभागमा अवस्थित छ। पूर्वमा सिद्धकुमाख गाउँपालिका पश्चिममा सुर्खेत जिल्ला, उत्तरमा जाजरकोट जिल्ला र दक्षिणमा शारदा नगरपालिका तथा कालिमाटी गाउँपालिका छन्। विश्व मानचित्रमा यसको अवस्थिति २८° २०' ०" उत्तरी आक्षांशदेखि २८° ४०' ०" उत्तरी आक्षांश र ८१° ५८' ०" पूर्वी देशान्तरदेखि ८२° ८' ३०" पूर्वी देशान्तर सम्म छ। करीब ३३८.२१ व.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिका समुन्द्र सतहबाट ५५० मिटरदेखि २३०० मिटरको उचाईमा रहको छ। प्राकृति सम्पदा साँस्कृति विविधताले भएको यस नगरपालिकामा अवस्थित कुपिण्डेदह मुख्य पर्यटकीय महत्वको स्थान हो। यस नगरपालिका नेपाल सरकारद्वारा गाउँपालिका नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको प्रतिवेदनअनुसार २०७३ फाल्गुण २७ गतेको मन्त्रीपरिषद्को निर्णयअनुसार घोषणा गरिएको हो। साविकका ७ गा.वि.स.हरू देवस्थल, बामे, मुलखोला, घाँजरी पिपल, कुपिण्डेदह, माझँकाडा र निगालचुलालाई मिलाएर स्थापना गरिएको यस नगरपालिकामा १२ वडा रहेका छन्। साविक देवस्थल, बामे, घाँझरीपिपल, मूलखोला गा.वि.स. मा प्रचलित बन्गाडी सँस्कृति र सल्यान जिल्लालाई नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चिनाउन सफल कुपिण्डेदहको संयोजनबाट बनगाड कुपिण्डे नगरपालिका नामाकरण गरिएको हो। साविकका गा.वि.स. अनुसार नगरपालिकाको वडा विभाजन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १ बनगाड कुपिण्डे नगरपालिकाका साविकका गाविसहरुको विवरण

| वडा नं. | समावेश भएका साविकका गा.वि.स.हरू | साविकका वडा नं. |
|---|---|---|
| १ | देवस्थल | १-९ |
| २ | बामे | १-५ |
| ३ | बामे | ६-९ |
| ४ | मुलखोला | १-३, ५, ६ |
| ५ | मुलखोला | ४, ७-९ |
| ६ | घाँजरीपिपल | ३, ४, ६, ८ |
| ७ | घाँजरीपिपल | १, २, ५, ७, ९ |
| ८ | कुपिण्डेदह | १-५ |
| ९ | कुपिण्डेदह | ६-९ |
| १० | माझकाँडा | १-५ |
| | निगालचुला | १ |
| ११ | माझकाँडा | ६-९ |
| १२ | निगालचुला | २-९ |

## Bangad Kupinde Municipality




नक्सा नं. २: नगरपालिकाको नक्सामा साविकका गा.वि.स.हरू

## Bangad Kupinde Municipality




नक्सा नं. ३: बनगाड कुपिण्डे नगरपालिकाको वडा विभाजन गरिएको नक्सा




नक्सा नं. ४: बनगाड कुपिण्डे नगरपालिकाको वडागत क्षेत्रफलको नक्सा

# २.२ भूक्षेत्र (टोपोग्राफि, भिरालोपन)




नक्सा नं. ५: बनगाड कुपिण्डे नगरपालिकाको भिरालोपना दर्शाउने नक्स




नक्सा नं. ६: बनगाड कुपिण्डे नगरपालिकाका जमिनको उचाईअनुसार नक्सा

## २.३ माटोको बनावट र उर्वराशक्ति

नगरको भु-बनावट कडा चट्टान, बलौटे माटो, रातो माटो, चिम्टाइलो माटो आदिको समिश्रणबाट निर्माण भएको छ। खोला किनारामा भएका फाँटहरूको बनावट नदिले थुपारेको माटो र बलौटे माटोले बनेको छ। यहाँका फाँटहरूमा उर्वरा शक्ति राम्रो भएकाले कृषि उत्पादन र तरकारी राम्रो हन्छ। तर नगरको ठूलो क्षेत्रफल पहाड तथा वनले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि सिमित रहेको छ। भेरी नदी किनारा र आसपासका भूमिहरूमा माटोको कारण खाद्यान्न बालीको लागि बढी उर्वराशक्ति रहेको पाईन्छ। समथल भूभागमा खाद्यान्न बालीको लागि उर्वर भूमि पाइन्छ भने भिराला पाखाहरूमा खोटेसल्ला, सुन्तला, अनार तथा नदीका आसपासका भूभागमा धान, गहुँ, मकैको लागि उर्वर रहेको पाइन्छ। बोट विरुवामा सिसौ, मसला, टुनी, जामुन आदिको लागि पनि उपयुक्त रहेको छ। अधिकांश कृषकहरूको कृषि पेशा परम्परागत रुपमा नै रहेकोले कृषि उत्पादनमा खासै वृद्धि हुन सकेको अवस्था छैन। जसका कारण कृषि पेशामा युवाहरूको आकर्षण कम रहेको छ। नगरमा रहेका सम्भाव्य क्षेत्रहरूमा समेत उर्वर भूमि बृद्धि गर्ने दिर्घकालिन सोचले सार्थकता पाउन सकेको छैन। नगरमा माटोको बनावट र उर्वराशक्तिको अध्ययनको आधारमा नगरवासीहरूको आर्थिक हैसियत वृद्धि गर्न के-कस्ता उत्पादन प्रणाली अपनाउन सकिन्छ। यस विषयमा छुट्टै अध्ययन गर्नुपर्ने देखिन्छ।

## २.४ खानीको स्रोत र उपयोगको स्थिति

नगरको खानीसम्बन्धी सम्भाव्यता अध्ययन गरेको हालसम्म पाइदैन तापनि महाभारत पर्वतमालामा ठुलो मात्रामा चुनढुंगा उपलब्ध हुन सक्ने सम्भावना देखिएको छ। विस्तृत रुपमा वातावरणीय र पर्यावरणीय अध्ययन गरेर उक्त क्षेत्रमा चुनढुंगा उत्खनन्सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ। नगरमा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा, स्लेट (घर छाउने ढुंगा), खरी आदि प्रसस्त मात्रामा पाइन्छ। हाल यसको उपयोग घर निर्माणका साथै सिमेन्ट ब्लक, खम्बा, पोल, ह्युमपाइप बनाउन यस नगर र आसपासका अन्य गाउँपालिका तथा नगरपालिकामा प्रयोग भएको पाइन्छ भने केही अंश बालुवा, गिट्टी, तथा ढुंगाहरू अन्य जिल्लामा समेत निर्यात गरिन्छ।

## २.५ हावापानी

यस बनगाड कुपिण्डे नगरपालिकाको हावापानी यहाँका भू-धरातलीय बनावटमा पाइने विषमतासँगै हावापानीमा पनि बिविधता पाइन्छ। होचो, मैदानी र नदीका बेसीहरूमा गृष्मकालमा गर्मी र हिउँदमा चिसो हुन्छ भने उच्च भेगमा गृष्मकालमा सामान्य तापक्रम रहे पनि हिंउदमा ठण्डा हुन्छ। भेरी नदीको किनार आसपास मध्यान्ह पछि उच्च गतिमा हावा चल्छ। नगरका विशेष गरी वैशाख महिनादेखि भदौ महिनासम्म निकै गर्मी हुने यस नगरमा पुष र माघ महिनामा ज्यादै जाडो हुन्छ। गर्मीयाममा यहाँको तापक्रम अधिकतम १४ डिग्री देखि ३१ डिग्री सेल्सियससम्म पुग्दछ भने हिउँदमा सामान्यतया ३ डिग्री देखी २८ डिग्री सेल्सियस न्यूनतमसम्म पुग्न जान्छ। यहाँको जलवायुमा प्रचुरमात्रामा आद्रता पाईन्छ। सल्यान जिल्लाको सम्पूर्ण भागमा वार्षिक ११०० मि.मि. भन्दा बढी वर्षा हुने गर्दछ। प्रायः धेरै वर्षा हुने मौसम बैशाख-जेष्ठ महिनामा शुरु भै भाद्र आश्विनमा

समाप्त हुने र गर्मी महिनाको तुलनामा जाडो महिनामा कम बर्षा हुने गर्दछ। नगरको दक्षिण भूभागमा रहेको निगालचुली लेकमा हिउँदमा हिउँसमेत पर्दछ। तापक्रम, वर्षा र मौसमको वितरणका आधारमा नगरमा निम्न प्रकारका हावापानी रहेको पाईन्छ।

१. उप-उष्ण जलवायुः नगरको होचो क्षेत्र समुन्द्र सतहदेखि करिव १५०० मिटरसम्मको उचाईमा यसप्रकारको जलवायु पाईन्छ। गर्मी महिनामा धेरै गर्मी र हावा चल्छ भने हिउँदमा जाडो हुने गर्दछ।

२. समशीतोष्णः बनगाड कुपिण्डेको मध्य पहाडी क्षेत्रका १५०० मिटरदेखि २३०० मिटरसम्मको उचाईमा यसप्रकारको हावापानी पाईन्छ। उच्च भूभागमा पर्ने हुनाले हिउँदमा निकै जाडो हुने गर्दछ। निगालचुला लेकमा हिउँ समेत पर्दछ।

## २.६ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कारण नेपालको आकर्षक पर्यटन गन्तव्यहरूमध्ये सल्यान जिल्ला र विशेषतः बनगाड नगर महत्वपूर्ण स्थान रहेको छ। कुपिण्डे दह, निगालचुला लेक लगायत विभिन्न धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेका मठमन्दिरहरू जस्तै कृष्ण मन्दिर, तारुपरे सिद्ध गुफा नगरका प्रमुख पर्यटकीय क्षेत्र हुन्। यी क्षेत्रहरूको वरिपरि केही विकासका पूर्वाधारहरू निर्माण गरी, संरक्षण तथा संवर्द्धनगर्न सकेको खण्डमा र यी क्षेत्रहरूको बारेमा प्रचार प्रसार गरी नगरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी राम्रो आम्दानी तथा रोजगारीका अवसरहरू प्राप्त गर्न सकिन्छ।

बनगाड कुपिण्डे नगरको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा रहेको कुपिण्डेदह नगरको वडा नं. ८ मा अवस्थित छ। सल्यानको सदरमुकाम खलङगा देखि करिब १५ कि.मि. पश्चिममा तिन तिर पहाडले घेरिएको र उत्तर निकास पनि चट्टानले थुनिएको मनमोहक कुपिण्डेदह अत्यन्तै रमणीय स्थलको रुपमा रहेको छ। यस क्षेत्रमा जैविक विविधता रहेको पाइन्छ। यसैगरी तारुपरे सिद्ध गुफा, निगालचुला लेक र अन्य धार्मिक तथा पुरातात्विक मन्दिरहरू यस नगरका महत्वपूर्ण पर्यटकीय क्षेत्र हुन्।

### कुपिण्डे दह

सल्यान जिल्लाको महत्वपूर्ण सम्पदाको रुपमा रहेको कुपिण्डेदह हाल बनगाड कुपिण्डे नगरपालिका अन्तर्गत वडा नं. ८ मा अवस्थित छ। सल्यानको सदरमुकाम खलङ्गादेखि करिब १५ कि.मि. पश्चिममा रहेको कुपिण्डेदहको पूर्व, दक्षिण र पश्चिममा अग्ला पहाड तथा उत्तरतर्फ पहाडी चट्टानले थुनिएको छ। यसको मनमोहक दृष्यले तथा आसपासमा रहेको जैविक विधिताले पर्यटकलाई लोभ्याउने गर्दछ। खलङगादेखि बाविया चौरसम्म कच्ची सडकबाट पुग्न सकिन्छ। बावियाचौरबाट करिब १५ मिनेटको पैदलयात्रा पछि कञ्चन पानी भएको कुपिण्डेदह पुग्न सकिन्छ। यस दहको गहिराई करिब ५५ मिटर रहेको छ। यस दहमा रहेको पानीको रङ परिवर्तन भैरहेको जस्तो देखिन्छ। कुपिण्डे दह केही लाम्चो आकारमा फैलिएको छ। यस दहको वरिपरि कुपिण्डे, मुस्लेरी, आगर्नेटा, परिगाउँ, लामडाँडा र ज्यामिरे गाउँहरू रहका छन्। दहको सिरानमा कैलु बराहको मन्दिर रहेको छ। यस मन्दिरमा ताल पारीको कुपिण्डे गाउँ निवासी गोसाई थर गरेका पुजारीले काम



गर्दछन्।सन्तान नभएका महिलाहरूले सन्तान प्राप्तिको लागि कैलु बराहाको पुजा अर्चना र भाकल गरे पछि सन्तान प्राप्तीको बरदान पाइने जन विश्वास रहेको छ।कैलु बराह मन्दिरमा विशेषगरी पूर्णिमा र संक्रान्तीको बेला भेडा र कुखुराको वली चढाइन्छ।हरेक वर्ष कान्तिक पूर्णिमाको अवसरमा ठूलो मेला लाग्ने गर्दछ।

कुपिण्डे तालको उत्पत्तिको सन्दर्भमा एक रोचक किंवदन्ती छ।जसअनुसार द्वापर युगको अन्त्यतिर हाल ताल रहेको स्थानमा एउटा गाउँ थियो।त्यस गाउँमा कुनैदिन एक जना साधु बास बस्न आए र घर घरमा चारेर बास मागे पनि उनले कुनै घरमा बास पाउन सकेनन्। त्यस बिच एक जना बृद्धाले बल्लतल्ल बास बस्न त दिईन् तर ति बृद्धाका घरमा अन्नको एक दाना पनि थिएन।छिमेकीको घरबाट मागेर ल्याएको ढुटोको रोटि पकाएर कर्कलोको तरकारीसँग खान दिइन।ती सन्यासीले अत्यन्तै मिठो मानेर ढुटोको रोटि खाई सुते विहान भाले बास्ने वित्तिकै ति वृद्धालाई ब्युझाए अनि भने “हे बुढी आमा, म कैलु बराहा हु” अरुलाई बास बस्न नदिने पापिष्टहरूको गाउँ छिन भरमा डुबाईदिदैछु, तपाई कुपिण्डेको लेक तिर जानुहोस्। साधुको सल्लाह अनुसार ती बृद्धा लेकतिर लागिन्।यता छिनभरमै मुसलधारे पानी बर्षियो।गाउँ जलमग्न भयो।भनिन्छ, त्यो जलासय भित्र हजारौ वर्ष पछिसम्म पनि घरका आकृतिहरू देखिन्थे।कुकुर भुक्थे, कुखुराका भालेहरू बास्थे ढिकीजाँतो चलेको आवाज आउने गर्दथ्यो।त्यती मात्र होइन, तालको किनारमा लुगा धुन आउनेहरूको लागि मागे जति ताउला र भाडाहरू आफै निस्केर आउथे र लुगा धोइसकेपछि आफै पानी भित्र डुब्दथे।एकदिन एउटी महिलाले लोभ गरी ताउलो घरमा लाने प्रयत्न गरिन् त्यसपछि ति ताउलाहरू बाहिर आउन छाडे।अहिले पनि औंसी, पुर्णिमा र संक्रान्तिका बेला दह भित्र थरिथरिका आवाजहरू घन्केको सुन्न सकिन्छ भन्ने विश्वास छ।साथै तालको कन्चन पानीमा कुनै पात पतिंगर खस्यो की चराले टिपेर लैजाने हुँदा यो ताल यति सफा र सुन्दर देखिएको हो भन्ने गरिन्छ।विक्रम संवत २०४० को दशकसम्म घना वनजंगल, विभिन्न वन्यजन्तुहरूको बासस्थान र पानीका मुहानहरू पर्याप्त रहेको साथै तालको सतह समेत घटेको थिएन।त्यस्तै भूक्षयको समस्या पनि थिएन।

वि.सं. २०५० को दशक पछि वनजंगलको विनास, आगलागी, चोरी शिकारी तथा माझखोला, ज्यामिरे खोला र मुस्लेरी खोलाबाट खहरे सृजित भई दहमा गेग्रानहरू थुप्रिँदै गएको र पानीका मुहानहरू सुकेर तालको सतह घट्दै गएको छ। तत्काल ताल संरक्षणमा विशेष अभियान सञ्चालन गरी दह आसपासका भू तथा जलाधार क्षेत्रलाई संरक्षण गर्नु पर्ने देखिन्छ। दहको वरिपरि वातावरण मैत्री चक्रपथ निर्माण गर्ने, दहमा जम्मा भएका गेग्रान निकाल्ने तथा ताल वरिपरि पार्क, रिसोर्ट, होटलको व्यवस्था गर्ने र नौका (डुङ्गा) हरूको भरपर्दो व्यवस्था गर्ने तथा बावियाचौर-बालुवासंग्रही खण्डको सडक निर्माण गरी संचालन गर्ने जस्ता पर्यटकीय पूर्वाधार विकास कार्यहरू सम्पन्न गर्न सकेको खण्डमा कुपिण्डेदह अनुपम सौन्दर्यले भरिपूर्ण पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित हुने निश्चत छ।

## निगालचुला लेक

सल्यान जिल्लाको दक्षिणी भागमा अवस्थित निगालचुला समुद्रसतहबाट करिव २४०९ मिटरको उचाईमा रहेको छ। यस निगालचुलामा रहेको निगालचुला लेक घना जंगलले भरिपूर्ण रहेको छ। जहाँ राष्ट्रिय सम्पदाको रुपमा रहेका लोपोन्मुख जनावरहरू जस्तै, बाघ, बदेल, भालु, चितुवा, ब्वाँसो, स्यालजस्ता महत्वपूर्ण वन्यजन्तुहरू पाइन्छन्। साथै विभिन्न चराचुरुङ्गीहरूको आवाजले त्यस लेकलाई संगितमय बनाएको छ भने चैत्र-वैशाख-जेष्ठमा जंगललाई लालिगुँरास फुलले रातम्य पारेको हुन्छ भने पुस-माघ-फागुनमा हिउँ परेर सेताम्य भएर सेतो टोपि लगाए जस्तो देखिन्छ। विभिन्न जडीबुटी पाइने प्रख्यात यस लेकमा बाखा चरण तथा पशु चरणबाट मनग्य आम्दानी प्राप्त गर्न सकिन्छ।



# तारुपरे सिद्ध गुफा

तारुपरे सिद्ध गुफा सल्यान जिल्ला बनगाड कुपिण्डे नगरपालिका वडा नं. ४ काफलपानीमा अवस्थित रहेको एक धार्मिक तथा ऐतिहासिक स्थल हो। जो धार्मिक रुपले सिद्धबाबाको पुजाआजा गर्ने गरिन्छ भने ऐतिहासिक रुपमा यहाँको मौलिकता झल्किने जात्रा लाग्ने गर्दछ। धार्मिक रुपले र ऐतिहासिक रुपले प्रत्येक वर्ष दशै पछि कोजाग्रत पूर्णिमाको दिनमा स्थानीय तथा बाह्य भक्तजनहरू आएर गाईको दुध चढाउने चलन छ।

यस सिद्धबाबालाई आफूले मनले चिताएको बर मागेमा पुरा हुने जन विश्वास रहेको पाइन्टछ। यहाँ सिद्ध बाबालाई भेडाको सौरा पनि चढाउने चलन चलि आएको छ। गाईको दुध चढाएमा त्यस गाईले बहर (बाच्छा) मात्र दिने र त्यसरी गाईले दिएको बाच्छालाई रोग नलाग्ने र धेरै वर्ष बुढो हुँदा पनि बाँच्ने विश्वास पनि चलेको पाइन्छ। यदि मनले सोचेर भक्तीपूर्ण रुपले भेडाको सौराको बलि दिएमा निसन्तान दम्पत्तिबाट सन्तान हुने पनि जनविश्वास रहेको छ। यस तारुपरे लेकमा पहिले सामान्य दह रहेको भन्ने गरिन्छ। अहिले पनि दह रहेको ठाउँमा खाडल परेको हेर्न सकिन्छ।

त्यसै तारुपरे लेखबाट निस्किएको पानीको मुहान विभिन्न बस्तीमा खानेपानी उपलब्ध भएको देखिन्छ। जहाँ सिद्ध गुफा भन्ने गरिन्छ। त्यहाँ त्यस गुफाभित्र जाँदा गाईको थुन आकारको बनावट देख्न सकिन्छ र गुफाभित्र मादल जस्तै देखिने एउटा ढुङ्गा रहेको छ त्यस ढुङ्गालाई हामीले बजाउँदा मादल कै जस्तो स्वर दिने र गाना पनि छुट्याउन सकिने गरी बजाउन सकिन्छ। साथै ठिक त्यसै दिन कोजाग्रत पूर्णिमाको दिनमा तारुपरे मेला (जात्रा) लाग्ने पनि गर्दछ। यस मेलामा यहाँको सँस्कृति झल्कीने नाचगान र बाजागाजा ल्याएर मेलाको रौनक बढाउने गर्दछ। जस्तै सिगारू नाच (बन्गाडी टप्पा), पैसेरी नाच, लरे नाच, सरिङ्गे (मयुर) नाचका साथै झ्याली, मादल र दमाह, बासुरी बजाएर मेलालाई आकर्षकको रुपमा हेर्न सकिन्छ।



तापरे सिद्ध गुफा



**तापरे सिद्ध गुफाको भित्रि भाग**

तारुपरे सिद्ध गुफा एक धार्मिक र ऐतिहासिक रुपमा चल्दै आएको परम्परा छ त्यसलाई सूचना प्रचार प्रसार गरेर पर्यटकीय स्थलको रुपमा हेर्न सकिने बनाउन सकिन्छ।तारुपरेको महत्वलाई साँस्कृतिक रुपमा बचाउन सकिने स्थान रहेको छ।यसलाई व्यवस्थित र मनोरम बनाउन सके आर्थिक संकलन केन्द्र बनाउन पनि सकिन्छ र त्यस तारुपरे लेखलाई संरक्षित गरेर पानीको श्रोतलाई दिगो बनाउन पनि सकिन्छ जुन वरपरको बस्तीमा पानीको अभावबाट बचाउन सकिने हुन सक्छ त्यसैले तारुपरे गुफा संरक्षण र संवर्द्धनआवश्यक देखिन्छ।

## सिद्ध गुफा

सिद्धगुफा बनगाड कुपिण्डे नगरपालिका वडा नं. १२ (साविकको निगालचुला गा.वि.स. ३ नं. वडा) मा अवस्थित छ।किवदन्ती अनुसार धेरै पहिला जुन (चन्द्रमा) र ताराको लडाइबाट उक्त गुफा बनेको मान्यता छ।उक्त गुफा भित्रका गाईको बिला, कालो घोडा, विभिन्न प्रकारका ढुंगाका मुर्तिहरु रहेको पाइन्छ।उक्त गुफालाई संरक्षणको लागि नगरपालिका हुँदै जि.वि.स.सम्म सडक र संरक्षणको लागि पहल हुँदै आए पनि उचित संरक्षणको अभावमा पर्यटकहरुलाई आकर्षण गर्न सकिएको छैन।उचित व्यवस्थापन र संरक्षण गर्न सकेको खण्डमा पर्यटकको गन्तव्य स्थानको रुपमा विकास गर्न सकिने निश्चित छ।

# Bangad Kupinde Municipality




नक्सा नं. ७ : बनगाड कुपिण्डे नगरपालिकामा रहेका धार्मिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरूको नक्स

## कृष्ण मन्दिर

सल्यान जिल्ला वनगाड कुपिण्डे नगरपालिका अन्तगत वडा नं. १ मा अवस्थित कृष्ण मन्दिर पौराणिक कालमा भेरी नदिको किनारमा कृष्ण भगवान प्रकट भएको र त्यहि कालदेखि देवताहरूको बासस्थान रहेको पवित्र भूमि भएको हुँदा यस ठाउँलाई देवस्थल नामाकरण गरिएको कथन रहेको छ। यस कृष्ण मन्दिरभित्र रहेको कृष्ण भगवानका मुर्तिहरू चोरी गरी फलावाङ भन्ने स्थानमा पुऱ्याइएको र रातारात उक्त फलावाङ भन्ने ठाउँबाट उक्त मुर्तिहरू गायव भएका र पुनः ति मुर्तिहरू यहि स्थानमा फेला परेको जन श्रुति पाइन्छ। यस्तो महत्वपूर्ण धार्मिक तथा पर्यटकिय स्थल संरक्षणको अभावमा जिर्ण बन्दै गएको छ।

उक्त स्थानलाई संरक्षण तथा सम्बर्द्धन गरी धार्मिक पर्यटकिय स्थल बनाउन सकिने र आम्दानीको श्रोतमा समेत वृद्धि हुने देखिन्छ। आधुनिक युगमा मानिसहरूमा धर्म प्रतिको विश्वास घट्दै गएको हुँदा धार्मिक स्थलहरूप्रति मानिसहरूले वेवास्था गर्दै जान थाले। यस्तो महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थललाई जर्गेना गर्न सके मानिसहरूमा धार्मिक भावना जागृत भै समाजमा धार्मिक सहष्णिुता कायम भै सामाजिक सद्भाव, साम्प्रदायिक सद्भाव समेत कायम रहने हुँदा सम्बन्धित निकायले यस प्रतिचासो देखाउन जरुरी देखिन्छ।



# मैदु पोखरी

मैदु पोखरी नाम कसरी रहन गयो भन्ने सन्दर्भमा स्थानीय बुढापाखालाई मैदु पोखरीको पहिलेको नाम पन्च पोखरीको नामले परिचीत त्यस ठाउँमा पोखरीको पूर्व तर्फ १८० मिटरको दुरीमा एक सिद्ध मन्दिर रहेको छ, त्यस ठाउँमा सिद्ध नामक देवताले बास गरेको हुँदा त्यस ठाउँलाई सिद्ध भनिएको र पोखरीमा पानी कतैबाट पनि बगेर नआउने, बगेर पनि नजाने र एक्कासी रातीमा उत्पत्ती भएको भनी भनाई रहेको छ। त्यस ठाउँमा सिद्ध नाम गरेको देतवाको बास हुँदासम्म त्यस वरपरका जग्गा जमिन जोत खन गर्दा केही भाग छोड्नुपर्ने र नछाडेमा मानिस विरामी पर्ने वा गोरु बिरामी भै मृत्यु हुने भनाई रहेको छ। पछि त्यस नामलाई परिवर्तन गरी मैदु भन्ने एउटा टोलको नामबाट मैदुपोखरी नामाकरण गरिएको भन्ने जनश्रुती छ। कालान्तरमा जनसंख्याको वृद्धि, अव्यवस्थित बसोबासले पोखरी वरपर घर बनाउने प्रचलन बढेको छ भने बर्षा समयमा माटो, ढुंगा बगेर बिस्तारै पोखरीको सतह पुरिदै जाँदा पोखरीको अस्तित्व संकटमा पर्न गएको छ। जसलाई गहनतापूर्वक लिई पोखरीको अस्तित्वलाई जिवन्त राख्न संरक्षण तथा संवर्द्धन गर्नतर्फ सबैलाई अभिप्रेरित गर्नुपर्छ जसबाट यस क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिन्छ।



## २.७ मुख्य नदी तथा तालहरु

जल सम्पदाको दृष्टिले नेपाल ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध राष्ट्र र एसियामा पहिलो राष्ट्र मानिन्छ। नेपालमा ६ हजारभन्दा बढी नदिनालाहरू रहेका छन्। यी नदीनालाहरूबाट सिँचाई सुविधा, खानेपानीको आपूर्ति, जल यातायात, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रुपले प्रयोग गर्न सकिने देखिन्छ। तर समग्रमा जल उपयोग ज्यादै न्यून भई इन्धनका विविध साधनको प्रयोग गरि रहनु परेको कुरालाई नकार्न सकिन्न। भरी नदी कर्णाली नदीको सहायक नदी हो। भेरी नदी पहिलो स्तरको नदी अन्तर्गतको नदी हो। यस नदीले वनगाड कुपिण्डे नगरपालिकाको करिब ४५ किलो मिटर क्षेत्रफललाई छोएर बगेको छ।



नगरपालिकाको पश्चिम सिमाना रहेको भेरी नदी नै नगरको प्रमुख नदीको रुपमा रहेको छ। यो नदी उत्तरतर्फबाट दक्षिणतिर वडा नं. २, ३, १ र ११ हुँदै वगेको छ। पर्यटकीय दृष्टिले ज्यादै महत्व बोकेको यस भेरी नदीको प्राकृतिक वहाव पनि विचित्रको छ। नगरमा सिंचाई, खानेपानी, तथा विद्युत उत्पादनमा समेत भेरी नदीलाई उपयोग गर्न सकिने देखिन्छ। यस बाहेक नगर भए अन्य खोला तथा खहरेहरु बग्ने गरेका छन् जस्तै, संग्रही खोला, बनगाड खोला, क्युरेनी खोला, च्युरा खोला, कुपिण्डे दह आदि।

# Bangad Kupinde Municipality




नक्सा नं. ८ : बनगाड कुपिण्डे नगरपालिकाका नदी, ताल तथा पोखरीहरूको नक्सा

नगरपालिकाको पश्चिम सिमाना रहेको भेरी नदी नै नगरको प्रमुख नदीको रुपमा रहेको छ। पर्यटकीय दृष्टिले ज्यादै महत्व बोकेको यस भेरी नदीको प्राकृतिक वहाव पनि विचित्रको एवं रहष्यमय देखिन्छ। यसबाहेक नगरमा धेरै नदीनाला, खोलाहरू बगेको देख्न सक्छौ जस्तै, संग्रही खोला, बनगाड खोला, कुपिण्डे दह आदि।

## २.८ मुख्य चाडपर्वहरु

यस नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे संक्रान्ती, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध, कर्कट संक्रान्ति, भुर्की पूजन, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, बारारवि अवल, सुवरात, ईद, वकरईद, मोहरम, ग्यारही सरिफ, इदुलफितर, क्रिशमस डे,नयाँ वर्ष, गौरा, होली, आइतबारी, देवीजात, जेष्ठ पूर्णिमा (राजी जातिको), चराईहरू (राना थारु जातिको), धुरिया पूजा, भूतुवा पूजा, रनपुतला (ब्राह्मण, क्षेत्री), अनन्त्य, भुवा (रणकौशल प्रदर्शन गरिने खेल), पुसे १५, ओल्के, असारे १५, गंगा दशहरा, विसु तिहारे आदि चाडपर्वहरू रहेका छन्। यसैगरी नगरमा हुने गरेका प्रमुख जात्राहरूमा गाईजात्रा, कृष्णाष्टमी जात्रा र लाखे जात्रा हुन् भने विशेष अवसरहरूमा झ्याउरे, सोरठी, सिगांरु, टप्प, सारङ्गे आदि नृत्यहरू गरी मनोरन्जन गर्ने प्रचलन रहेको छ।

# खण्ड ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण




नक्सा नं. ९ : बनगाड कुपिण्डे नगरपालिकाको नक्सा

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण हुनु आवश्यक छ। नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै स्थानीय निकाय तहमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। बनगाड कुपिण्डे नगरपालिकामा वि.सं. २०७८ को राष्ट्रिय जनगणना पछि घरधुरी सर्वेक्षण भएको छैन। त्यसैले यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार हाल बनगाड कुपिण्डे नगरपालिकाको जनसंख्या ३२,९४० रहेको छ जस मध्ये पुरुष ४७.८ प्रतिशत (१५,७३८ जना) र महिला ५२.२ प्रतिशत (१७,२०२ जना) रहेका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९१.४८ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ९७.३९ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५८.९४ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३२.५७ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ८.३९ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार बनगाड कुपिण्डे नगरपालिकामा ७,४२८ घरपरिवार रहेका छन्। यस नगरपालिकाको कुल जनसंख्या मध्ये २.१ प्रतिशत (६९२ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जस मध्ये ३७७ जना पुरुष र ३२६ जना महिला छन्। हाल यस नगरपालिकामा प्रति परिवार औषत ४.४३ जना सदस्य रहेको देखिन्छ।

तालिका नं. ३ : जनसंख्याको विवरण

| विवरण | २०७८ |
|---|---|
| जम्मा जनसंख्या | ३२९४० |
| पुरुष | १५७३८ |
| महिला | १७२०२ |
| जम्मा घरधुरी | ७४२८ |
| लैंगिक दर | ९९.४९ |
| औषत परिवार आकार | ४.४३ |
| ५ वर्ष र सो भन्दा माथिको सक्षरता दर | ७०.५ |
| जनघनत्व (प्रति वर्ग कि.मि.) | ९७.४० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

यस नगरपालिकाको जनसंख्या बसाइसराईको कारण राष्ट्रिय जनगणना २०६८ को जनसंख्या भन्दा २०७८ को जनसंख्या ८.६३ प्रतिशतले घटेको अवस्था देखिन्छ।

## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण




नक्सा नं. १० : बनगाड कुपिण्डे नगरपालिकाको कुल जनसंख्याको विवरण

### तालिका नं. ४ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औसत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | लैंगिक अनुपात | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४३.५१ | ४.२१ | १०९५ | ४४२२ | २०७९ | २३४३ | ८८.७३ | १०१.६३ |
| २ | ४९.५७ | ४.४१ | ४४८ | १९७९ | ९४८ | १०३१ | ९१.९५ | ३९.९२ |
| ३ | २१.५६ | ४.२९ | ४८२ | २०६८ | ९६० | ११०८ | ८६.६४ | ९५.९१ |
| ४ | २०.०६ | ५.०९ | ४५३ | २३०८ | ११७४ | ११३४ | १०३.५३ | ११५.०५ |
| ५ | २६.०२ | ३.९४ | ८५० | ३३४० | १७११ | १६२९ | १०५.०३ | १२८.७४ |
| ६ | ३०.०२ | ४.४८ | ६२६ | २८०८ | १२७५ | १५३३ | ८३.१७ | ९३.५३ |
| ७ | २१.५५ | ४.२६ | ६०४ | २५७९ | १२३३ | १३४६ | ९१.६ | ११९.६७ |
| ८ | २९.८९ | ४.५८ | ७९१ | ३६३० | १६७८ | १९५२ | ८५.९६ | १२१.४४ |
| ९ | २०.८३ | ४.७५ | ५६९ | २७०५ | ११९० | १५१५ | ७८.५५ | १२९.८६ |
| १० | २१.०२ | ४.७७ | ४७१ | २२५१ | १०९५ | ११५६ | ९४.७२ | १०७.०८ |
| ११ | २४.३४ | ४.५२ | ६७० | ३०२९ | १४९४ | १५३५ | ९७.३३ | १२४.४४ |
| १२ | २९.८३ | ४.६३ | ३९३ | १८२१ | ९०१ | ९२० | ९७.९३ | ६१.०४ |
| | ३३८.२१ | ४.४३ | ७४२८ | ३२९४० | १५७३८ | १७२०२ | ९१.४९ | ९७.३९ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

बनगाड कुपिण्डे नगरपालिकाको कूल जनसंख्या ३२,९४० रहेको छ। जसमा महिलाको जनसंख्या १७,२०२ र पुरुषको जनसंख्या १५,७३८ रहेको छ। लैङ्गिक अनुपात ९१.४९ (प्रति १०० महिलामा पुरुषको संख्या) रहेको छ। यस नगरको क्षेत्रफल ३३८.२१ वर्ग कि.मि. रहेको छ। समग्र नगरको जनघनत्व ९७.३९ जना प्रति वर्ग कि.मि. रहेको छ। नगरमा औषतमा प्रति परिवार ४.४३ जनसंख्या बसोबास गर्दछन्। यस नगरपालिकाका १२




वडाहरूको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं १ रहेको छ जसमा जम्मा ४,४२२ मानिसहरूले बमोबास गर्दछन्। नगरका ३ हजारभन्दा बढी जनसंख्या भएको वडाहरू ३ ओटा छन्। वडा नं. ८ मा ३,६३०, वडा नं. ५ मा ३,३४०, र वडा नं. ११ मा ३,०२९ मानिसहरू बसोबास गर्दछन। वडा नं. १२ लाई सबै भन्दा कम जनसंख्या (१,८२१) ले आफ्नो वासस्थानको रुपमा प्रयोग गरेको पाइन्छ। क्षेत्रफलको हिसाबमा वडा नं. २ (४९.५७ वर्ग कि.मि.) सबैभन्दा ठूलो वडा हो भने वडा नं. ४ (२०.०६ वर्ग कि.मि.) सबैभन्दा सानो वडा हो। जनघनत्वलाई आधार मान्दा वडा नं. ५ सबैभन्दा बढी जनघनत्व (१२८.७४ जना/वर्ग कि.मि.) भएको वडा हो। त्यस्तै वडा नं. २ सबैभन्दा कम जनघनत्व (३९.९२ जना/वर्ग कि.मि.) भएको वडा हो। औषत घरधुरीको आधारमा सबैभन्दा बढी वडा नं. ४ मा प्रति परिवार ५.०९ जनसंख्या रहेको छ भने सबैभन्दा कम वडा नं. ७ मा ४.२६ जनसंख्या प्रति परिवार बसोबास गर्दछन्। जसको विस्तृत विवरण तालिका नं. ४ उल्लेख गरिएको छ।




नक्सा नं. ११ : बनगाड कुपिण्डे नगरपालिकाको लिङ्गअनुसार जनसंख्याको नक्सा




नक्सा नं. १२ : बनगाड कुपिण्डे नगरपालिकाको वडागत घरधुरीको नक्सा




नक्सा नं. १३ : बनगाड कुपिण्डे नगरपालिकाको वडागत क्षेत्रफलको नक्सा

## ३.३ उमेर समुहअनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

तालिका नं. छ : १० बैवाहिक स्थितिको विवरण

| सि.नं. | विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | अविवाहित | ४६३४ | ४०४६ | ८६८० |
| २ | विवाहित | ७३७३ | ९०३१ | १६४०४ |
| ३ | एकल (विधुवा/विधुर) | २७१ | ८५६ | ११२७ |
| ४ | सम्बन्ध विच्छेद (पारपाचुके) भएको | २७ | ३४ | ६१ |
| ५ | छुट्टिएका | २८ | ६५ | ९३ |
| | | १२,३३३ | १४,०३२ | २६,३६५ |

स्रोतः राष्ट्रिय जनगणना २०७८




यस नगरपालिकामा भएको १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका कूल जनसंख्या २६,३६५ मध्ये १२,४८१ पुरुष र १३,८३९ महिला रहेका छन्।तालिकामा १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ।जसमा १४,३२५ जना (५४.४३ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने ६२३ जना (२.३७ प्रतिशत) रहेको छ।पुनः विवाह गर्ने ९७६ जना (३.७१ प्रतिशत), विधुवा/विधुर ८४९ जना (३.२३ प्रतिशत), पारपाचुके भएका ४७ जना (०.१८ प्रतिशत) र छुट्टिएका ६१ जना (०.२३ प्रतिशत) रहेका छन्।नगरमा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १,६०१ (६.५७ प्रतिशत) ले बढी रहेको छ।भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा १९५ (१.७३ प्रतिशत) ले बढी रहेको देखिन्छ।जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, २०२० (एघारौं संशोधन २०५८) ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानुन व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्। राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। नेपाल स्वास्थ्य सर्वेक्षणले गरेको अध्ययन प्रतिवेदन सन् २०२२ अनुसार २५ प्रतिशत किशोरकिशोरीहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०७८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

तालिका नं. ६ : पहिलो विवाह गर्दाको उमेरको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १० वर्ष सम्ममा | १ | १ | २ | ०.०१ |
| १०-१४ वर्ष | १४८ | ५७६ | ७२४ | ४.११ |
| १५-१७ वर्ष | १५५१ | ३८४४ | ५३९५ | ३०.६९ |
| १८-२० वर्ष | ३५०९ | ४१२५ | ७६३४ | ४३.४३ |
| २०-२४ वर्ष | १७०७ | १०६७ | २७७४ | १५.७८ |
| २५-२९ वर्ष | ५९० | २५१ | ८४१ | ४.७८ |
| ३०-३४ वर्ष | ११३ | ३४ | १४७ | ०.८३ |
| ३५-३९ वर्ष | ३७ | ७ | ४४ | ०.२५ |
| ४०-४४ वर्ष | ७ | २ | ९ | ०.०५ |
| ४५-४९ वर्ष | ३ | १ | ४ | ०.०२ |
| ५० भन्दा माथि | २ | १ | ३ | ०.०१ |
| जम्मा | ७६६८ | ९९८६ | १७५७७ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८




१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। बनगाड कुपिण्डे नगरपालिकामा १८ वर्षदेखि २० वर्ष उमेर समूहमा विवाह गर्नेको संख्या सबैभन्दा बढी ४३.४३ प्रतिशत देखिन्छ भने त्यसपछि १५ वर्ष देखि १७ वर्षसम्मको उमेर समूहको संख्या ३०.६९ प्रतिशत देखिन्छ। तेस्रोमा २० देखि २४ वर्ष उमेरसमूहको संख्या १५.७८ प्रतिशत रहेको छ भने १०-१४ वर्ष उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ४.११ प्रतिशत रहेको देखिन्छ। नगरमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह भएका व्यक्तिहरू अझै पनि जिवितै छन्। जुन गलत सामाजिक परम्परा र मूल्य मान्यतालाई फेरी पनि नदोहोऱ्याउन उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गर्नु पर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण

**तालिका नं. ७ : उमेर समूहअनुसार जनसंख्याको विवरण**

| उमेर समुह | पुरुष | | | | महिला | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | | | जनसंख्या | प्रतिशत | | | जनसंख्या | प्रतिशत |
| | | पुरुषबाट | उमेर समुहबाट | जम्माबाट | | महिलाबाट | उमेर समुहबाट | जम्माबाट | | |
| ०-४ | १७०० | १०.८० | ५२.०० | ५.१६ | १५६९ | ९.१२ | ४७.९९ | ४.७६ | ३२६९ | ९.९२ |
| ५-९ | १७०५ | १०.८३ | ५२.१६ | ५.१८ | १६०१ | ९.३१ | ४८.९७ | ४.८६ | ३३०६ | १०.०४ |
| १०-१० | २१८१ | १३.८६ | ६६.७२ | ६.६२ | १९७५ | ११.४८ | ६०.४१ | ६. | ४१५६ | १२.६२ |
| १५-१९ | १८२७ | ११.६१ | ५५.८९ | ५.५५ | २०४१ | ११.८६ | ६२.४३ | ६.२ | ३८६८ | ११.७४ |
| २०- २४ | १५३६ | ९.७६ | ४६.९९ | ४.६६ | १८५४ | १०.७८ | ५६.७१ | ५.६३ | ३३९० | १०.२९ |
| २५-२९ | ११३७ | ७.२२ | ३४.७८ | ३.४५ | १३८३ | ८.०४ | ४२.३० | ४.२ | २५२० | ७.६५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०-३४ | ९११ | ५.७९ | २७.८७ | २.७७ | ११३४ | ६.५९ | ३४.६९ | ३.४४ | २०४५ | ६.२१ |
| ३५-३९ | ७६३ | ४.८५ | २३.३४ | २.३२ | १०८६ | ६.३१ | ३३.२२१ | ३.३ | १८४९ | ५.६१ |
| ४०-४४ | ७४९ | ४.७६ | २२.९१ | २.२७ | ९७३ | ५.६६ | २९.७६४ | २.९५ | १७२२ | ५.२३ |
| ४५-४९ | ६७७ | ४.३० | २०.७१ | २.०६ | ८३५ | ४.८५ | २५.५४ | २.५३ | १५१२ | ४.५९ |
| ५०-५४ | ७२१ | ४.५८ | २२.०६ | २.१९ | ७७६ | ४.५१ | २३.७३ | २.३६ | १४९७ | ४.५४ |
| ५५-५९ | ५३५ | ३.४० | १६.३७ | १.६२ | ५०७ | २.९५ | १५.५० | १.५४ | १०४२ | ३.१६ |
| ६०-६४ | ४३९ | २.७९ | १३.४३ | १.३३ | ४९३ | २.८७ | १५.०८ | १.५ | ९३२ | २.८३ |
| ६५-६९ | ३७४ | २.३८ | ११.४४ | १.१४ | ४२५ | २.४७ | १३.०० | १.२९ | ७९९ | २.४३ |
| ७०-७४ | २९१ | १.८५ | ८.९० | ०.८८ | ३४९ | २.०३ | १०.६७ | १.०६ | ६४० | १.९४ |
| ७५-७९ | १३४ | ०.८५ | ४.१० | ०.४१ | १३२ | ०.७७ | ४.०३ | ०.४ | २६६ | ०.८१ |
| ८०-८४ | ३७ | ०.२४ | १.१३ | ०.११ | ४२ | ०.२४ | १.२८ | ०.१३ | ७९ | ०.२४ |
| ८५-८९ | १० | ०.०६ | ०.३१ | ०.०३ | १६ | ०.०९ | ०.४८ | ०.०५ | २६ | ०.०८ |
| ९०-९४ | ६ | ०.०४ | ०.१८ | ०.०२ | ५ | ०.०३ | ०.१५ | ०.०२ | ११ | ०.०३ |
| ९०+ | ५ | ०.०३ | ०.१५ | ०.०२ | ६ | ०.०३ | ०.१८ | ०.०२ | ११ | ०.०३ |
| जम्मा | १५७३८ | १०० | | ४७.७८ | १७२०२ | १००. | | ५२.२२ | ३२९४० | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

यस नगरपालिका मा वि.सं. २०६८ को जनगणनाअनुसार, ०-१४ वर्ष उमेर समूहको संख्या ४१.८१ प्रतिशत रहेको छ, १५-४४ वर्ष उमेर समूहको जनसंख्या ४२.४६ प्रतिशत छ काम गर्ने उमेर १५ देखि ५९ वर्षसम्मको जनसंख्या ५२.१७ प्रतिशत रहेको छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या ६.०२ प्रतिशत रहेको छ। तथ्याङ्कले नगरमा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरूमा पनि यस नगरपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

**जनसंख्याको उमेरगत संरचना**



## ३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा विभिन्न जात/जातिको बसोबास रहेको पाईन्छ। जातजाति समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा क्षेत्री १६,७६८ जना (४६.५१%), त्यस पछि मगर ८,४६७ (२३.४९%), तेस्रोमा कामी ५,२७८ (१४.६४%) र चौथोमा दमाई तथा ढोली १,८७३ (५.२०%) रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ८ : बनगाड कुपिण्डे नगरपालिकामा जातजातिअनुसार जनसंख्या विवरण**

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | १७४७० | ५३.६ |
| २ | मगर | ७४८० | २३ |
| ३ | विश्वकर्मा | ४१७७ | १२.८ |
| ४ | परियार | १७९३ | ५.५ |
| ५ | ब्राह्मण - पहाड | ४४८ | १.४ |
| ६ | ठकुरी | ४४४ | १.४ |
| ७ | मिजार | ३९३ | १.२ |
| ८ | राउटे | १४७ | ०.५ |
| ९ | सुनुवार | १३४ | ०.४ |
| १० | बादी | ७८ | ०.२ |
| ११ | अन्य | ५२३ | १.५ |
| १२ | जम्मा | ३२९४० | १००.०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

**तालिका नं. ९ : मातृभाषा अनुसार जनसंख्याको विवरण**

| क्र.सं. | भाषाभाषी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ३१७३४ | ९६.३ |
| २ | मगर खाम | ६४४ | २ |
| ६ | अवधी | ३० | ०.१ |
| ७ | अन्य | २६ | ०.१ |

| | | | |
|---|---|---|---|
| ३ | मगर ढुट | २७६ | ०.८ |
| ४ | खाम्ची (राउटे) | २४७ | ०.४ |
| ५ | हिन्दी | ३१ | ०.१ |
| ८ | थारु | १९ | ०.१ |
| ९ | नेपालभाषा (नेवारी) | १३ | ०.०४ |
| १० | जम्मा | ३२९४० | १००.०० |

यस नगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने मातृभाषामा सबैजसोले नेपाली बोल्ने गरेको पाइन्छ। तथ्याङ्कको आधारमा नेपाली भाषालाई मातृभाषाको रुपमा बोल्नेको संख्या ३१,७३४ (९६.३%), भने अन्य भाषा बोल्नेहरू अन्यन्तै न्यून रहेको छ। जसमा हिन्दी भाषा बोल्ने ३१, अवधी भाषा बोल्ने ३०, अन्य भाषा बोल्ने २६, थारु भाषा बोल्ने १९ र नेवारी भाषा बोल्ने १३ जना रहेको पाइन्छ।




## आदिवासी

यस नगरको कुल जनसंख्या ३२,९४० मध्ये २४.८९ प्रतिशत (८,२०० जना) जनसंख्या आदिवासी (मगर, नेवार, थारु, तामाङ, गुरुङ आदि) रहेको छ। जसमा सबैभन्दा बढी ७,४८० (२२.७ प्रतिशत) मगर जातिको समुदायको बसोबास रहेको पाइन्छ। मुख्यतः कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातिहरूको आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधिक बचाई राखेको पाइन्छ। यी समुदायद्वारा बनगाड कुपिण्डे नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल निर्णायक तहमा जुन सहभागिता देखिएको छ। झण्डै आधा शताब्दीदेखि यस नगरपालिकाको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत अगाडि लम्केको देखिन्छ।

## उत्पीडित समुदाय

जातजातिको हिसाबले बनगाड कुपिण्डे नगरपालिकामा तेस्रो ठुलो समुदायको रुपमा रहेको उत्पीडितहरूले लगभग २१.४० प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., आ.वि. र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत सिपको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ५ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। नगरको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

# ३.८ धर्मअनुसार जनसंख्याको विवरण

**तालिका नं. १० : धर्मअनुसार जनसंख्याको विवरण**

| क्र.सं. | धर्मा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ३१३८६ | ९५.३ |
| २ | क्रिश्चियन | १३९९ | ४.२ |
| ३ | वौध | ९३ | ०.३ |
| ४ | इस्लाम | ५३ | ०.२ |
| ५ | प्रकृति | ९ | ०.०२ |
| जम्मा | | ३२९४० | १००.०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या (३२,९४० जना) मध्ये ३१,३८६ (९५.३) प्रतिशतले हिन्दु धर्म अपनाएको पाइन्छ। क्रिश्चियन धर्म अपनाउने जनसंख्या १३९९ अर्थात् ४.२ प्रतिशत रहेको पाइन्छ। वौध धर्म अपनाउने जनसंख्या ९३ अर्थात् ०.३ प्रतिशत रहेको पाइन्छ। इस्लाम धर्म अपनाउने जनसंख्या ५३ अर्थात ०.२ प्रतिशत रहेको पाइन्छ। भने प्रकृति धर्म

अपनाउने जनसंख्या ९ अर्थात् ०.०२ प्रतिशत रहेको पाइन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ।




## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

**तालिका नं. ११: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण**

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ९४० | १४४ | ४ | ७ | १०९५ |
| २ | ४४८ | ० | ० | ० | ४४८ |
| ३ | ४८२ | ३ | १ | ० | ४८६ |
| ४ | ४५३ | १ | ० | ० | ४५४ |
| ५ | ६९८ | २ | ० | ० | ७०० |
| ६ | ६२६ | ६ | ० | ७ | ६३९ |
| ७ | ६०४ | ११ | १ | १ | ६१७ |
| ८ | ७९१ | १९ | ० | १ | ८११ |
| ९ | ६५० | २३ | १ | १ | ६७५ |
| १० | ४७१ | १० | ० | ० | ४८१ |
| ११ | ६१० | १४ | १ | १ | ६२६ |
| १२ | ३९६ | ० | ० | ० | ३९६ |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | ७२६६ | २३६ | ८ | १८ | ७४२८ |
| प्रतिशत | ९६.५ | ३.२ | ०.१ | ०.२ | १००.०० |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

माथिको तालिकामा बनगाड कुपिण्डेमा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा आफ्नो स्वामित्वमा रहेको घर संख्या ७,२६६ अर्थात ९६.५ प्रतिशत, भाडामा बस्ने परिवारको संख्या २३६ अर्थात ३.२ प्रतिशत रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ८ अर्थात ०.१ प्रतिशत र अन्य घरधुरीको संख्या १८ अर्थात् ०.२ प्रतिशत रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



# ३.१० महिलाका नाममा भएको घरजग्गाको स्वामित्वको विवरण

तालिका नं. १२ : महिलाका नाममा अचल सम्पतिको स्वामित्वसम्बन्धी विवरण

| क्र.सं. | अचल सम्पति | स्वामित्व भएको | स्वामित्व प्रतिशत | स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा घरपरिवार |
|---|---|---|---|---|---|---|
| १ | घरमा | २५० | ३.३६ | ७१३४ | ४४ | ७४२८ |
| २ | जग्गामा | ५१० | ६.८६ | ६९१८ | ४४ | ७४२८ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

माथिको तालिकामा बनगाड कुपिण्डेमा महिलाका नाममा भएको घर तथा जग्गा भएको स्वामित्वको विवरण देखाइएको छ। जम्मा ७,४२८ घरपरिवारमध्ये महिलाको स्वामित्वमा रहेको घर संख्या २५० (३.३६ प्रतिशत) र महिलाको स्वामित्वमा रहेको जग्गा ५१० (६.८६ प्रतिशत) रहेको छ। ४४ घरपरिवारले महिलाको स्वामित्वमा रहेको घर र जग्गाको विवरण उल्लेख नगरेको पाइयो। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ३.११ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं. १३ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/ फल्याक | प्रिफ्याब | बासँजन्य सामाग्री | काचो ईँट्टा | टिन/ जस्ता | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६२९ | ४५३ | ६ | १ | १ | ० | ५ | ० | १०९५ |
| २ | ४४१ | ५ | १ | १ | ० | ० | ० | ० | ४४८ |
| ३ | ४३७ | ३ | ३ | ० | ० | ० | ० | ० | ४८६ |
| ४ | ४४८ | ५ | ० | ० | ० | १ | ० | ४३ | ४५४ |
| ५ | ६५९ | ४० | ० | ० | ० | ० | ० | १ | ७०० |
| ६ | ६०२ | ३६ | ० | ० | १ | ० | ० | ० | ६३९ |
| ७ | ५२७ | ८८ | ० | ० | १ | १ | ० | ० | ६१७ |
| ८ | ७५५ | ५६ | ० | ० | ० | ० | ० | ० | ८११ |
| ९ | ६५८ | १६ | ० | ० | ० | १ | ० | ० | ६७५ |
| १० | ४४४ | ३७ | ० | ० | ० | ० | ० | ० | ४८१ |
| ११ | ५१६ | १०८ | १ | ० | १ | ० | ० | ० | ५२६ |
| १२ | ३९६ | ० | ० | ० | ० | ० | ० | ० | ३९६ |
| जम्मा | ६५१२ | ८४७ | ११ | २ | ४ | ३ | ५ | ४४ | ७४२८ |
| प्रतिशत | ८७.७ | ११.४ | ०.१ | ०.०३ | ०.०५ | ०.०४ | ०.१ | ०.६ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

माथिको तथ्यांकलाई हेर्दा यस बनगाड कुपिण्डेमा धेरैजसो घरपरिवारले माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारोको प्रयोग गरेको देखिन्छ। नगरमा रहेको कुल घरपरिवारमध्ये ८७.७ प्रतिशत अर्थात् ६,५१२ घरपरिवारको घरको बाहिरी गारो माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनाइएको छ। सिमेन्टको जोडाइ ईँटा तथा ढुंगाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ८४७ (११.४ प्रतिशत) छ भने सबैभन्दा कम अर्थात् नगरमा २ बटा मात्र घरमा प्रिफ्याब सामग्रीबाट बाहिरी गारो बनेको देखिन्छ र काठ तथा फल्याकबाट बाहिरी गारो बनेको घरसंख्या ११ (०.१ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


बाहिरी गारोका आधारमा घरको विवरण
६५१२
८४७
११
२
४
३
५
४४
७०००
६०००
५०००
४०००
३०००
२०००
१०००
०
माटोको जोडाई
सिमेन्टको जोडाई
काठ/फल्याक
प्रिफ्याब
बाँसजन्य सामग्री
काचो ईंटा
जस्ता/टिन
अन्य

## ३.१२ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. १४ : छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | जस्ता / टिन / च्यादर | ढुङ्गा / स्लेट | सिमेन्ट/ ढलान | खर / पराल / छवाली | माटो | टायल / खपडा / झिंगटी | अन्य | काठ/ फल्याक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६५४ | ३ | २७८ | २ | १०६ | ५१ | ० | १ | १०९५ |
| २ | ४५ | ३६३ | १ | १४ | २४ | ० | १ | ० | ४४८ |
| ३ | ३३५ | ३४ | ५ | ५९ | ५ | ४ | ४४ | ० | ४८६ |
| ४ | ३८८ | ५० | ४ | १२ | ० | ० | ० | ० | ४५४ |
| ५ | ५०६ | ५० | १८ | २ | ९४ | ० | ० | ३० | ७०० |
| ६ | ५७० | २४ | २२ | ८ | १४ | १ | ० | ० | ६३९ |
| ७ | ५४१ | २९ | २४ | १३ | १० | ० | ० | ० | ६१७ |
| ८ | ६०४ | १०० | ३५ | ० | २ | ० | ० | ७० | ८११ |
| ९ | ५५३ | ६० | २८ | ३० | २ | ० | १ | १ | ६७५ |
| १० | ४११ | ५ | २० | ४५ | ० | ० | ० | ० | ४८१ |
| ११ | ४४२ | ८ | ८२ | ७९ | ११ | ४ | ० | ० | ६२६ |
| १२ | ३३४ | ६१ | ० | ० | ० | १ | ० | ० | ३९६ |
| जम्मा | ५३८३ | ७८७ | ५१७ | २६४ | २६८ | ६१ | ४६ | १०२ | ७४२८ |
| प्रतिशत | ७२.४६ | १०.५९ | ६.९६ | ३.५५ | ३.६० | ०.८२ | ०.६१ | १.३७ | १०० |

स्रोतः राष्ट्रिय जनगणाना २०७८

यस नगरपालिकामा भएका घरधुरीहरूलाई छानाको बनोटको आधारमा छुट्याउँदा जस्ता, टिन तथा च्यादरको छानो भएको घरको संख्या सबैभन्दा धेरै ५,३८३ अर्थात ७२.७४ प्रतिशत रहेको छ भने सबैभन्दा थोरै ४६ (०.६१ प्रतिशत) अन्य छानो रहेको देखिन्छ। यसैगरी दोस्रोमा ढुङ्गा तथा स्लेटबाट बनेको छाना रहेको घरधुरी संख्या ७८७ अर्थात १०.५९ प्रतिशत, माटोबाट बनेको घरधुरी संख्या २६८ अर्थात् ३.६० प्रतिशत, सिमेन्ट तथा ढलान रहेको घरधुरी ५१७ अर्थात ६.९४ प्रतिशत र खर, पराल तथा छवाली गरेको छाना भएको घरधुरी २६४ अर्थात् ३.५५ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा दिइएको छ।



## ३.१३ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. १५: जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाई भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गा | ढलान पिल्लर सहितको | काठ /बाँसको खम्बा गाडेको | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ७३८ | ११७ | २३५ | ५ | ० | १०९५ |
| २ | ४४३ | ३ | १ | ० | १ | ४४८ |
| ३ | ४३७ | ५ | ० | ४४ | ० | ४८६ |
| ४ | ४४९ | ५ | ० | ० | ० | ४५४ |
| ५ | ६८१ | १३ | ६ | ० | ० | ७०० |
| ६ | ६२१ | ९ | ८ | १ | ० | ६३९ |
| ७ | ५५५ | ६० | १ | १ | ० | ६१७ |
| ८ | ७६१ | २३ | २७ | ० | ० | ८११ |
| ९ | ६३९ | ९ | २७ | ० | ० | ६७५ |
| १० | ४४७ | ३२ | २ | ० | ० | ४८१ |
| ११ | ४९७ | ९५ | ३१ | ३ | ० | ६२६ |
| १२ | ३९६ | ० | ० | ० | ० | ३९६ |
| जम्मा | ६६६४ | ३७१ | ३३८ | ५४ | १ | ७४२८ |
| प्रतिशत | ८९.७ | ५ | ४.६ | ०.७ | ०.०१ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

बनगाड कुपिण्डे नगरपालिकामा परिवारले प्रयोग गरेको घरको जगअनुसार घरको अवस्थालाई हेर्दा माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको घरको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ६,६६४ (७९.७ प्रतिशत) भएको पाईयो भने दोस्रोमा सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको जग भएको घरधुरी ३७१ (५ प्रतिशत), ढलान पिल्लरसहितको जग भएका घरधुरी ३३८ (४.६ प्रतिशत), काठ, तथा बाँसको खम्बा गाडेको जग भएको घरधुरी संख्या ५४ (०.७ प्रतिशत), र सबै भन्दा थोरै अन्य जग भएको घरधुरी १ अर्थात (०.०१ प्रतिशत) रहेको छ।जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### भवनको उपयोग

बनगाड कुपिण्डे नगरपालिका भित्र रहेका भवनहरूमा विभिन्न समयमा बस्ने घर परिवारको संख्यालाई हेर्ने हो भने सबैभन्दा बढी आवासीय प्रयोग भएको देखिन्छ।

### भवन संवेदनशीलता

शहरहरूमा भइरहेको जनसंख्या वृद्धि र शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरूमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ। भवन, अत्यावश्यक सुविधाहरू, लाइफलाइन आदिको संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ।

## ३.१४ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं. १६ : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुउपस्थित घरधुरी | उपस्थित घरधुरी | पुरुप | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| २०७८ | ७४२८ | १४५६ | ५९७२ | २२७१ | ७२० | २९९१ |
| प्रतिशत | | १९.६ | ८०.४ | ७५.९ | २४.१ | |

स्रोतः राष्ट्रिय जनगणाना २०७८

अनुपस्थित घरधुरी संख्या १९.६ प्रतिशत अर्थात १,४५६ घरधुरी अनुपस्थिति रहेको देखिन्छ। जसमा पुरुषको संख्या ७५.९ प्रतिशत (२,२७१ जना) रहेको छ भने महिलाको संख्या २४.१ प्रतिशत (७२० जना) रहेको देखिन्छ। लैङ्गिक आधारमा अनुपस्थित घरधुरीको संख्या पुरुष र महिलाको बिचमा ठूलो अन्तर देखिन्छ। नगरको कुल जनसंख्याको ९.०८ प्रतिशत (२,९९१ जना) जनसंख्या अनुपस्थित देखिन्छ।

## ३.१५ बसाई सराईको बवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरूमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ। यस बनगाड कुपिण्डे नगरपालिकामा छिमेकी गा.वि.स. एवं जिल्लाबाट बसाई सराई गर्ने क्रम तिब्र रुपमा बढीरहेको देखिन्छ।

## ३.१६ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्य पाउनु पर्छ। यसको आधारमा सरकाले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

**तालिका नं. १७ : व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण**

| वडा नं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | सम्बन्ध विच्छेद दर्ता | बसाई सराईको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | |
| १ | ४१ | ३३ | ७४ | १५ | १७ | ३२ | ४१ | १ | २१ |
| २ | ३४ | १८ | ५२ | १० | ५ | १५ | २३ | २ | ३८ |
| ३ | ४२ | ५३ | ९५ | २६ | १५ | ४१ | ३२ | ३ | ४५ |
| ४ | ३६ | २८ | ६४ | ९ | ४ | १३ | २६ | ० | २५ |
| ५ | ४३ | ४१ | ८४ | ११ | ८ | १९ | ३१ | २ | ४ |
| ६ | ५८ | ३० | ८८ | ८ | ६ | १४ | ३१ | २ | ३२ |
| ७ | ३१ | ४३ | ७४ | ९ | ५ | १४ | ३२ | २ | ३० |
| ८ | ८१ | ६७ | १४८ | १४ | १० | २४ | ५६ | ६ | ३२ |
| ९ | ४५ | ४४ | ८९ | १४ | ९ | २३ | २४ | २ | २७ |
| १० | ४२ | ४० | ८२ | १२ | ६ | १८ | ३५ | ३ | १५ |
| ११ | ३४ | ४५ | ७९ | १२ | ८ | २० | ३० | ३ | ३३ |
| १२ | ३१ | २९ | ६० | १२ | ८ | २० | २० | २ | ४९ |
| **जम्मा** | ५१८ | ४७१ | ९८९ | १५२ | १०१ | २५३ | ३८१ | २८ | ३५१ |

**स्रोतः वनगाड कुपिण्डे नगरपालिका २०८१।०८२**

नगरमा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। आर्थिक वर्ष २०८१।०८२ मा यस नगरपालिकामा जन्म दर्ता गर्नेको संख्या ९८९ रहेको छ। जसमा महिलाको संख्या ४७१ र पुरुषको संख्या ५१८ रहेको छ। सबैभन्दा बढी जन्मदर्ता हुने वडा नं. ८ (साविकको कुपिण्डेदह गा.वि.स.) रहेको छ। यस अवधिमा मृत्यु दर्ता गर्नेको संख्या २५३ (महिला १०१, पुरुष १५२) रहेको देखिन्छ। विवाह दर्ताको स्थिति हेर्दा नगरमा यस अवधिमा ३८१ जोडीको विवाह दर्ता भएको देखिन्छ। सो अवधीमा नगरमा जम्मा २८ वटा सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिन्छ। यस अवधिमा जम्मा ३५१ बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

# खण्ड ४ : भू-उपयोग

## ४.१ नगरपालिकाको भू-उपयोगको विवरण

बनगाड कुपिण्डे नगरपालिकाको विद्यमान भू-उपयोग हेर्दा नगरको झण्डै ६९.७६ प्रतिशत (२३५.९२ वर्ग कि.मि.) भूभाग वन क्षेत्रले ढाकिएको छ। त्यसैगरी नगरको कुल क्षेत्रफल ३३८.२१ वर्ग कि.मि. को २४.२४ प्रतिशत (८१.९९ वर्ग कि.मि.) खेतीयोग्य जमिन, जलाधार क्षेत्रले ५.१७ प्रतिशत (१७.४७ वर्ग कि.मि.) र बालुवा क्षेत्र ०.८३ प्रतिशत (२.८१ वर्ग कि.मि.) ले ओगटेको छ। नगरमा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरबासीहरूको आर्थिक हैसियत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १८ : नगरको भू-उपयोगको विवरण**

| क्र.सं. | भू-उपयोग | ओगटेको क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | वनजंगल, झाँडी तथा बुट्यान क्षेत्र | २३५.९२ | ६९.७६ |
| २ | नदी, ताल, पोखरी | १७.४७ | ५.१७ |
| ३ | बालुवा | २.८१ | ०.८३ |
| ४ | खेतीयोग्य जमिन | ८१.९९ | २४.२४ |
|  | जम्मा | ३३८.२१ | १०० |

**स्रोतः बनगाड कुपिण्डे नगरपालिका भू-उपयोग प्रतिवेदन २०८१**



## ४.२ शहरीकरणको स्वरुप

नगरमा सडक, विद्युत, संचारजस्ता सुविधाहरू रहेका अधिकांश क्षेत्रमा शहरीकरण प्रक्रियाले तिव्र रुप लिएको देखिन्छ। नगरपालिकाका कतिपय वडाहरूमा ग्रामीण विशेषता रहेको पाइन्छन् भने कतिपय प्रमुख वडा र वस्तीहरूमा शहरीकरण भइरहेको शहरोन्मुख अवस्थामा रहेको पाइन्छ। आदि मुख्य शहरी क्षेत्र विद्यमान छन्। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। जिल्लाका अधिकांश भू(भागबाट नगरमा बसाइसराइको क्रम तिव्ररुपमा बढिरहेको हुँदा ती स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ।



बनगाड कुपिण्डे नगरपालिकास्थित सल्ली बजार क्षेत्र

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका जिल्लाहरूमध्ये सल्यान जिल्लामा अवस्थित यस बनगाड कुपिण्डे नगरपालिकाको आफ्नै ऐतिहासिक महत्व रहेको छ। सल्यानको सदरमुकाम खलंगादेखि करिव १५ कि.मि. पश्चिममा तिन तिर पहाडै पहाडले घेरिएको र उत्तर तिरको निकास पनि पहाडि चट्टानले थुनिएको मनमोहक कुपिण्डे दह सल्यान जिल्लाकै आर्कषक पर्यटकीय स्थल हो। यसैगरी धार्मिक तथा ऐतिहासिक महत्व बोकेका कृष्ण मन्दिर, तारुपरे सिद्ध गुफा र निगालचुला लेकले यस नगरलाई पर्यटकहरूको लागि आकर्षणको केन्द्र बन्न मद्दत गरेको छ। बनगाड कुपिण्डे नगर जलवायुको आधारमा बसोबासको लागि पहाडी जिल्लाहरूमध्ये अधिकतम उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल विकासको क्रममा रहेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू पनि जिल्लाका अन्य नगरहरूको तुलनामा सुलभ रहेको देखिन्छ।




नक्सा नं. १४: बनगाड कुपिण्डे नगरपालिकाभित्रका बस्तीको नक्सा

नगरका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररुपमा भइरहेको छ। हुलाक, टेलीफोन, अस्पताल र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ। सल्यान जिल्लाकै विभिन्न भागमा तिब्र गतिमा बजारीकरण र शहरीकरणतर्फ उन्मुख भइरहेका बस्तीहरू र उपयुक्त बस्तीहरू बजारोन्मुख बस्तीहरू मात्र नभएर ग्रामीण व्यापारको साथै कृषि उत्पादनहरूको बेचविखनको लागि समेत जनस्तरबाट बजार केन्द्रका रुपमा उपयोग गरिएका छन्। नेपाल सरकारले त्यस्ता बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भएरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ। साथै, वातावरणीय स्वच्छता कायम राख्न ढल निकास प्रणालीको व्यवस्थित विकास र सेवा सुविधालाई व्यवस्थितरुपले प्रदान गर्न वस्तीस्तरमा रहेका घरहरूको व्यवस्थित घर नम्बर प्रणाली तुरुन्त अपनाइनु आवश्यक देखिन्छ।

नगरको कुल ७,४२८ परिवारहरू मध्ये घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी ५ प्रतिशत, बाहिरी गाह्रो सिमेन्टको जोडाइ भएका ११.४ प्रतिशत र सिमेन्ट ढलान छाना भएका ६.९६ प्रतिशत मात्र देखिन्छन्। नगरमा कुल ३.२ प्रतिशत परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ९६.५ प्रतिशत परिवारको आफ्नै घर रहेको छ। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा आवधिक योजना निर्माणको क्रममा नै सम्बन्धित नगरपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।

- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

**तालिका नं. १९: नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण**

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पीय जोखिमका दृष्टिकोणले नेपाल ११ स्थानमा रहेको र नगरमा भुकम्प प्रतिरोधात्मक भवन कम भएको, भवन आचार संहिता पूर्णरुपमा लागु नभएको पहाडी क्षेत्रमा अवस्थित रहेकोले | जुनसुकै समयमा |
| २ | भू-क्षय तथा पहिरो | नगरको भू(संरक्षण र बनोट जटिल र कमजोर भएको, नगरमा भिरपाखाहरू प्रशस्त रहेको तथा विभिन्न हिमताल फुट्नसक्ने जोखिमका कारण यस नगरका धेरै भाग पहिरोको लागि धेरै संवेदनशील छन्। | जुनसुकै समयमा |
| ३ | आगलागी | नगरका धेरै जसो भु(भागमा घनावस्ती रहेको, सचेतनाको अभाव, अग्नी नियन्त्रणको अभाव, सिलिण्डर पड्कने आदि कारणले आगलागीको नगर संवेदनशील रहेको छ। | जुनसुकै समयमा |
| ४ | मौसमी सुख्खा | नगरका धेरै भागहरूमा खेतीपातीका लागि बर्षे पानीमै भरपर्नु पर्ने अवस्था रहेको र पानी नपरेमा नहरको सिचाईं नपुगेका क्षेत्रहरुमा मौसमी सुख्खा रहने गर्दछ। | असार-भदौ |
| ५ | किट आतंक | जलवायु परिवर्तन तथा बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ६ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

## ४.६ भू-क्षय सम्भावित क्षेत्र

यस नगर महाभारत पर्वत श्रृंखलाको मध्य भागमा पर्ने तथा नगरको केही भूभागको भिरालोपना ४० देखि ५० डिग्री सम्म भएकोले सामान्यतया भूक्षयको दृषिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको बसाई सराईका कारणबाट त्यस क्षेत्रमा परिरहेको वनविनासको चाप अनियन्त्रित डढेलो, चरीचराउ तथा गोठ तथा खर्क राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई यस क्षेत्रबाट बर्सेनी गेग्ग्रानीहरू तलको नदीहरूमा बग्ने र नदी सतहलाई उकारी बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। यसरी महाभारत पर्वत र त्यसको फेदीमा अवस्थित विभिन्न वस्ती र त्यहाँबाट निस्कने खोलाहरू समेत समग्र भू-क्षय प्रणालीमा आबद्ध हुन पुगेका छन्। मूलतः नगरका प्रमुख नदी प्रणालीहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले अत्याधिक प्रतिकुल प्रभाव पारेको छ। महाभारत पर्वत श्रृंखलाबाट खस्केर आउने पहिरोको विस्तार क्षेत्रबाट शुरु हुने गेग्रानहरू खोलामा नअटाई नदी क्षेत्र भन्दा बहिर फैलिने र कही कटान र कही भरान गर्दै मरुभुमीहरणको प्रक्रियालाई तीब्र बनाइरहेका छन्। यसक्रमलाई रोक्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण महाभारत क्षेत्रलाई आरक्षित गर्ने तर्फ अघि बढ्नु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरको अर्थतन्त्र मुख्यतयाः कृषि, उद्योग, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा पहाडी भूभाग भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरमा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। राप्ती राजमार्गको मध्यखण्डमा अवस्थित सल्यानमा आर्थिक विकासको सम्भावना बढेर गएको छ। त्यसैगरी नगरमा ठूलो संख्यामा रहेका नदीनाला, तालहरूसहितको शिवालिक क्षेत्र, वनजंगल तथा जैविक विविधताले नगरको विकासमा थप सम्भावना बोकेका छन्। कुखुरा पालन, पशु पालन, मील, फर्निचर उद्योग, धागोको उद्योग, ग्रिल उद्योग आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन्। यस नगरका मानिसहरू उल्लेखनियरुपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ। यस नगरको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरू मध्ये सल्यान जिल्ला र विशेषतः बनगाड कुपिण्डे नगर महत्वपूर्ण स्थान रहेको छ। कुपिण्डे दह, भेरी नदी, निगालचुला लेक, विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व बोकेका मठमन्दिरहरू जस्तै कृष्ण मन्दिर, तारुपरे सिद्ध गुफा आदि नगरका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्। यी क्षेत्रहरूमा केही पूर्वाधार निर्माण कार्यहरू भएको खण्डमा र तिनीहरूको प्रचार प्रसार गर्न सके पर्यटन व्यवसायबाट राम्रो आम्दानी तथा रोजगारीका अवसरहरू प्राप्त गर्न सकिने थियो।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २०: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| १० वर्ष देखि ५९ वर्ष सम्मको जनसंख्या | आर्थिकरुपले सक्रिय जनसंख्या | | |
|---|---|---|---|
| | पूरुष | महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
| २६३६५ | ८११६ (३०.७८%) | ९२२५ (३४.९%) | १७३४१ (६५.८%) |

स्रोतः राष्ट्रिय जनगणना २०७८

नगरमा १० वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ८,११६ (३०.७८ प्रतिशत), महिलाको संख्या ९,२२५ (३४.९ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता ५.५९ प्रतिशत देखिन्छ भने नगरको १० वर्ष देखि ५९ वर्षसम्मका जनसंख्याको १७,३४१ अर्थात् ६५.८ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ३४.२ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २१ : आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०७८ | १०,७३१ | ३२.५७ | २४९८ | ७.५८ | १३,२२९ | ४०.१६ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

नगरमा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १०,७३१ (३२.५७ प्रतिशत), आश्रित बृद्धबृद्धाहरूको संख्या २,४९८ (७.५८ प्रतिशत) देखिन्छ। कुल जनसंख्यामध्ये जम्म आश्रित जनसंख्या १३,२२९ (४०.१६ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

## ५.४ सिंचाइ

यस बनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा रहेको नदी, ताल, खोलाको पानीलाई काठ, स्याउला र ढुङ्गाले कुलोमा पानी फर्काई आफ्नो परम्परागत श्रोत साधनको परिचालन गरी संचालित कुलोहरू सिंचाइका आधारशिला हुन्। सिंचाइका प्रमुख श्रोतहरू स्थानीय साना खोलाहरू मात्रै हुन्। यी श्रोतहरू बाहेक नगरमा खेतीयोग्य जमिनमा सिंचाई गर्न पानीको श्रोत छैन। कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा नै निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रसस्त बृद्धि हुने देखिन्छ। सिँचाई कखेको लागि धेरै जसो ठाउँमा स्थानीय सरकार तथा प्रदेश सरकारबाट बर्षेनी बजेटको व्यवस्था भई पक्की कुलाहरु निर्माण भएर सिँचाई तथा खेतीमा ठूलो टेवा पुगेको छ।

तालिका नं. २२ : नगरमा भएका सिंचाईको आयोजनाहरुको विवरण

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | किसिम |
|---|---|---|---|
| १ | मान्टुरा सिंचाई आयोजना | वडा नं. १, देवस्थल | कुलो |
| २ | पधेरा मुल सिंचाई आयोजना | वडा नं. १, देवस्थल | कुलो |
| ३ | अदाला सिंचाई | वडा नं. १, देवस्थल | कुलो |
| ४ | सिगारी खान सिंचाइ | वडा नं. १, देवस्थल | कुलो |
| ५ | अदालतारा सिंचाई | वडा नं. १, देवस्थल | कुलो |
| ६ | पाटीको सिचाई | वडा नं. १, देवस्थल | कुलो |
| ७ | पंतालीस सिंचाई | वडा नं. १, देवस्थल | कुलो |
| ८ | दखाली सिंचाई | वडा नं. १, देवस्थल | कुलो |
| ९ | फिरी सिंचाई | वडा नं. १, देवस्थल | कुलो |
| १० | बस्नौरा पाखे सिंचाई | वडा नं. १, देवस्थल | कुलो |
| ११ | कोप्चा सिंचाई | वडा नं. १, कोप्चा | कुलो |

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | किसिम |
|---|---|---|---|
| १२ | आम्रा सिंचाई | वडा नं. १, आम्रा | कुलो |
| १३ | नाम्रा सिंचाई | वडा नं. १, नाम्रा | कुलो |
| १४ | दखाली सिंचाई | वडा नं. १, | कुलो |
| १५ | सिदुरे सिंचाई | वडा नं. १, मालते | कुलो |
| १६ | पाटी ज्यूला सिंचाइ | वडा नं. १, खहरे खोला | कुलो |
| १७ | लाहाघाट सिंचाई | वडा नं. २ | कुलो |
| १८ | वेतिनी सिंचाई | वडा नं. २ | कुलो |
| १९ | छिपछिपे सिंचाई | वडा नं. ३ | कुलो |
| २० | कारागाउँ सिंचाई | वडा नं. ३ | कुलो |
| २१ | चिउरी गौरा सिंचाई | वडा नं. ३ | कुलो |
| २२ | खेहगारा सिंचाई | वडा नं. ३ | कुलो |
| २३ | दोहछुरा सातजीत्रे पोखरा औल सिचाई | वडा नं. ३ | कुलो |
| २४ | कालीखोला बुरेली सिंचाई | वडा नं. ३ | कुलो |
| २५ | बुरेली धरा कारागाउँ सिंचाई | वडा नं. ३ | कुलो |
| २६ | कोटखोला बेलखेत सिंचाई | वडा नं. ४ | कुलो |
| २७ | लंगेटा सिंचाइ | वडा नं. ४ | कुलो |
| २८ | बराखेत सिंचाई | वडा नं. ४ | कुलो |
| २९ | न्यूलागाडा सिंचाई | वडा नं. ४ | कुलो |
| ३० | सिस्ने पातल सिंचाइ आयोजना | वडा नं. ४, मुलखोला | कुलो |
| ३१ | सिर्पा गार शेरागाउँ टाटके सिंचाई योजना | वडा नं. ५ | कुलो |
| ३२ | शंखपिपल सिंचाइ योजना | वडा नं. ५ | कुलो |
| ३३ | रौताला सिंचाई योजना | वडा नं. ५ | कुलो |
| ३४ | माल्पे रातपारा सिंचाई | वडा नं. ५ | कुलो |
| ३५ | नयटा डाँसी खोला सिंचाई | वडा नं. ५ | कुलो |
| ३६ | कटुजेलीखोला सिंचाइ आयोजना | वडा नं. ५, मुलखोला | कुलो |
| ३७ | जुगेखोली सिंचाई आयोजना | वडा नं. ६, घाँजरी पिपल | कुलो |
| ३८ | कालागाउँ कुलो सिंचाई | वडा नं. ६, कालागाउँ | कुलो |
| ३९ | कवर खेत, पुराना गाउँ टाट्के हुँदै घरेलीसम्म सिंचाई | वडा नं. ७ | कुलो |
| ४० | विकासी कुलो सिंचाई | वडा नं. ७ | कुलो |
| ४१ | पाँचदुने सिंचाई | वडा नं. ७ | कुलो |
| ४२ | संग्रही खोला टापु सिंचाई | वडा नं. ८ | कुलो |
| ४३ | बागेखोला ढोरपिपल सिंचाई | वडा नं. ८ | कुलो |
| ४४ | गल्छी सिचाई | वडा नं. ८ | कुलो |
| ४५ | बागेखोला कालिखेत सिंचाई | वडा नं. ८ | कुलो |
| ४६ | ज्यामीरखोला सिंचाई आयोजना | वडा नं. ९, कुपिण्डे | कुलो |
| ४७ | खानीखोला सिंचाई आयोजना | वडा नं. ९, कुपिण्डे | कुलो |
| ४८ | हारे तिनु सिंचाइ | वडा नं. ९, कुपिण्डे | कुलो |
| ४९ | ज्यामिरे जिउला सिंचाई | वडा नं. ९, कुपिण्डे | कुलो |

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | किसिम |
|---|---|---|---|
| ५० | फेदी कृषि सिंचाई | वडा नं. ९, कुपिण्डे | कुलो |
| ५१ | बिच हारे सिंचाइ | वडा नं. ९, कुपिण्डे | कुलो |
| ५२ | जागिरी सिंचाई | वडा नं. ९, कुपिण्डे | कुलो |
| ५३ | बाट्के सिंचाई | वडा नं. १० | कुलो |
| ५४ | जोगिन्द्र सिंचाई | वडा नं. १० | कुलो |
| ५५ | अथोङरे सिंचाई | वडा नं. १० | कुलो |
| ५६ | जलगडडा सिंचाइ आयोजना | वडा नं. ११, माँझकाँडा | कुलो |
| ५७ | दुईखोली रातामाटा सिंचाई | वडा नं. ११ | कुलो |
| ५८ | बागमारे सिंचाई | वडा नं. ११ | कुलो |
| ५९ | सिमलचौर सिंचाई | वडा नं. ११ | कुलो |
| ६० | सिस्ने पाताल सिंचाई | वडा नं. ११ | कुलो |

स्रोतः नगर कार्यपालिकाको कार्यालय २०८१।०८२

## ५.६ कृषि तथा पशुपालन

### ५.६.१ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य, सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

नगरको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा कृषिका लागि सिमित मात्रामा उपयोगी क्षेत्र रहेको छ। नगरको कुल भुभागको २०.०९ प्रतिशत अर्थात् ७१.३७ वर्ग कि.मि. (७,१३७ हेक्टर) क्षेत्र कृषिका लागि उपयोग गरिएको देखिन्छ। सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, अदुवा, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ। नगरमा सबैभन्दा धेरै

क्षेत्रमा खाद्यान्न, दलहन र तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा फलफुल र मसला बाली लगाइने गरेको छ। बनगाड नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ। कृषि क्षेत्रको विकासको निम्ति विभिन्न कृषी सेवा केन्द्र तथा उपकेन्द्रहरू पनि स्थापना गरिएको छ। नगरमा ४९ वटा कृषक समूहहरू रहेका छन्।

### (क) हिउँदे बाली

नगरमा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा कोदो, फापर, जौ, उखु, मसुरो, चना, अरहर, मास, गहन, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, सुन्तला जात, आँप, अम्बा, लिचि, कटहर, आरु, नास्पति, हिउँदे तरकारी, बसन्ते तरकारी, वर्षे तरकारी, आलु, मसला बाली, माछा रहेका छन्।

### (ख) वर्षे बाली

नगरका प्रमुख वर्षे बालीहरूमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, गहन, अन्य तरकारी, वर्षे तरकारी, आलु, फलफूल, सुन्तला, कागती निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा छन्।

**तालिका नं. २३ : मुख्य बालिको बिवरण**

| सि.नं. | कृषि सेवा केन्द्र र सहायक केन्द्र | कार्य गर्ने वडाहरु |
|---|---|---|
| १ | मूलखोला | वडा नं. १ देखि वडा नं. ९ सम्म |
| २ | मार्के | वडा नं. १० देखि वडा नं. १२ सम्म |

स्रोतः नगर कार्यपालिकाको कार्यालय २०८१।०८२

## ५.६.२ सेवा केन्द्रहरुको प्रभाव क्षेत्र तथा जनसंख्याको विवरण

**तालिका नं. २४ : सेवाकेन्द्रहरुको प्रभाव क्षेत्र तथा जनसंख्याको विवरण**

| क्र.सं. | सेवा केन्द्रको नाम | जनसंख्या | | | कुल क्षेत्रफल हे. | कुल खेतीयोग्य जमिन हे. | खेती गरिएको जमिन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | घरधुरी | | | खेती हे. | पाखो हे. | जम्मा |
| १ | कृषि सेवा सम्पर्क केन्द्र मार्के | | | | | | | | |
| | निगालचुला | 1,188 | 1,131 | 531 | 437 | 576 | 75 | 406 | 881 |
| | कुपिण्डेदह | 3,641 | 3,366 | 1,107 | 1,236 | 1,092 | 140 | 730 | 870 |
| | माझकाँडा | 2,658 | 2,603 | 816 | 936 | 1,037 | 94 | 755 | 849 |
| २ | कृषि सेवा केन्द्र मूलखोला | | | | | | | | |
| | मूलखोला | 2,878 | 2,715 | 849 | 1,076 | 932 | 121 | 668 | 789 |
| | घाँजरीपिपल | 3,036 | 2,878 | 748 | 1,117 | 1,342 | 342 | 808 | 1,150 |
| | देवस्थल | 2,550 | 2,235 | 625 | 1,002 | 852 | 114 | 608 | 722 |
| | बामे | 2,719 | 2,454 | 918 | 959 | 1306 | 100 | 958 | 1,058 |

स्रोतः नगर कार्यपालिकाको कार्यालय २०८१।०८२

### ५.६.३ कृषक समूहको विवरण

तालिका नं. २५: कृषक समूहको विवरण

| सि. नं. | समूहको नाम | वडा नं. | ठेगाना | सदस्य संख्या | | | किसिम |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | जम्मा | |
| १ | पतझर फलफुल उत्पादन समूह | १२ | निगालचुला | १० | | | मिश्रित |
| २ | सल्लेरी आलु उत्पादक समुह | १२ | निगालचुला | १० | | | मिश्रित |
| ३ | श्री राम फलफुल उत्पादक समुह | १२ | निगालचुला | १० | | | मिश्रित |
| ४ | जयलक्ष्मी बहुउद्देश्य महिला कृषक समुह | १२ | निगालचुला | १६ | | | मिश्रित |
| ५ | सुन्तलाजात फलफुल उत्पादन समुह | ४ | मुलखोला | २४ | | | मिश्रित |
| ६ | राम जानकी वाली विकास कृषक समुह | ५ | मुलखोला | १३ | | | पुरुष |
| ७ | सगरमाथा महिला कृषक समुह | ५ | मुलखोला | | | | महिला |
| ८ | लालीगुराँस फलफुल उत्पादन समुह | ६ | घाँजरीपिपल | ११ | | | मिश्रित |
| ९ | विष्णू आमखोली तरकारी उत्पान समुह | ७ | घाँजरीपिपल | १० | | | मिश्रित |
| १० | वनझाडी कृषक समुह | ७ | घाँजरीपिपल | १० | | | मिश्रित |
| ११ | भेरी तरकारी उत्पान कृषक समुह | १ | देवस्थल | १४ | | | मिश्रित |
| १२ | लक्ष्मी कृषक समुह | १ | देवस्थल | | | | महिला |
| १३ | चेतनशिल कृषक समुह | १ | देवस्थल | १ | | | मिश्रित |
| १४ | शारदा कृषक समुह | १ | देवस्थल | १ | | | मिश्रित |
| १५ | पानीखोला कृषक समुह | १ | देवस्थल | | | | मिश्रित |
| १६ | सरस्वती कृषक समुह | १ | देवस्थल | १० | | | मिश्रित |
| १७ | राप्ती दलित कृषक समुह | १ | देवस्थल | ३ | | | मिश्रित |
| १८ | मयुरपंखी कृषक समुह | १ | देवस्थल | १० | | | मिश्रित |
| १९ | मनकामना महिला कृषक समुह | १ | देवस्थल | | | | महिला |
| २० | चिनारी तरकारी उत्पादन समुह | १ | देवस्थल | ११ | | | मिश्रित |
| २१ | कालिका बाली विकास कृषक समुह | १ | देवस्थल | १० | | | मिश्रित |
| २२ | बाली विकास कृषक समुह | २ | बामे | १५ | | | मिश्रित |
| २३ | हरियाली कृषक समुह | ३ | बामे | १२ | | | मिश्रित |
| २४ | झरणा बहुउद्देश्यीय कृषक समुह | ३ | बामे | १६ | | | मिश्रित |
| २५ | कालीका ताजा तरकारी उपभोक्ता समुह | ११ | माँझाकाडा | ५ | | | मिश्रित |
| २६ | कूभिण्डेश्वरी तरकारी उत्पादन समुह | ९ | कुभिण्डेदह | १७ | | | मिश्रित |
| २७ | झरना बहुउद्देश्यीय कृषक समुह | ३ | बामे | ५ | | | मिश्रित |
| २८ | सिसने पातल बहुउद्देश्यीय समुह | ४ | मुलखोला | १२ | | | मिश्रित |
| २९ | सगरमाथा महिला कृषक समुह | ५ | मुलखोला | १७ | | | मिश्रित |
| ३० | बसन्त स्वावलम्बन समूह | ११ | माँझाकाडा | १२ | | | मिश्रित |
| ३१ | दलित जनजागरण कृषक समुह | १० | माझाकाडा | ० | | | महिला |
| ३२ | भगवती तरकारी वीउ उत्पादन कृषक समुह | ४ | मुलखोला | ११ | | | मिश्रित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३ | श्री वरपिपल कृषक समुह | ९ | कुपिण्डेदह | २ | | | मिश्रित |
| ३४ | श्री गोगन वाली फलफुल समूह | ६ | घाँजरीपिपल | ९ | | | मिश्रित |
| ३५ | श्री नव जागृति कृषक समुह | १० | माँझकाँडा | | | | महिला |
| ३६ | श्री लालीगुँरास महिला कृषक समुह | १२ | निगाल्चुला | ३ | | | मिश्रित |
| ३७ | श्री हिमालय तरकारी बीउ उत्पादन कृषक समुह | ४ | मुलखोला | ९ | | | मिश्रित |
| ३८ | श्री टाटके तरकारी बीउ उत्पादन कृषक समूह | ७ | घाँजरीपिपल | ९ | | | मिश्रित |
| ३९ | श्री तारा वती कृषक समूह | ९ | कुपिण्डेदह | ६ | | | मिश्रित |
| ४० | श्री प्रगतिशिल कृषक समूह | ८ | कुपिण्डेदह | २० | | | मिश्रित |
| ४१ | श्री राधा कृष्ण ताजा तरकारी कृषक समूह | १ | देवस्थल | ० | | | महिला |
| ४२ | श्री हरियाली ताजा तरकारी कृषक सूह | १ | देवस्थल | ४ | | | मिश्रित |
| ४३ | श्री प्रगतिशिल बीउ उत्पादन तथा तरकारी | ११ | माझकाँडा | ० | | | महिला |
| ४४ | श्री असल सामुदायिक | ५ | बामे | १४ | | | मिश्रित |
| ४५ | श्री भगवती सामुदायिक संस्था | ५ | बामे | १५ | | | मिश्रित |
| ५६ | श्री कालिदेवी बीउ उत्पादन कृषक समुह | ८ | कुपिण्डेदह | १३ | | | मिश्रित |
| ४७ | श्री खाण्डुला कृषक समूह | ११ | माझकाँडा | ४ | | | मिश्रित |
| ४८ | श्री राम जानकी तरकारी तथा खाद्यान्न उत्पादन कृषक समूह | १० | माझकाँडा | २५ | | | पुरुष |
| ४९ | श्री तारा पोरेवेशी कृषक समूह | | मूलखोला | १५ | | | मिश्रित |
| | जम्मा | | | | | | |

स्रोतः नगर कार्यपालिकाको कार्यालय २०८१।०८२

यस नगरमा विभिन्न समयमा गठन गरिएका ४९ वटा कृषक समुहहरू मध्ये महिला कृषक समुह ७ वटा रहेका छन् जसमा १३१ महिला सदस्यहरू संलग्न छन् भने हितकोष रकम रु. ३,३०,६५० संकलन भएको देखिन्छ। यसैगरी २ वटा पुरुष कृषक समुहमा ४२ पुरुष सदस्यहरू संलग्न छन् र हितकोष रकम रु. ५,५०० रहेको छ। लैंगिक हिसावले महिला कृषक समूहको संख्या ५ ले बढी रहेको देखिन्छ भने नगरमा मिश्रित कृषक समुहहरूको संख्या ४० वटा देखिन्छन् जसमा ७५० (४०८ पुरुष र ३४२ महिला) सदस्यहरू रहेको र हितकोष रकम रु. ६,६५,६९५ रहेको छ। आ.व. २०७२/०७३ सम्ममा यि समुहहरूले हितकोष रकम १० लाख १ हजार ८ सय ४५ संकलन गरेको देखिन्छ। त्यसै गरी आ.व. २०७२/७३ सम्म ८ वटा कृषि सहकारी संस्था कृषि क्षेत्रमा सक्रिय रहेको देखिन्छ। जसमा महिला ८१ र पुरुष २१९ सदस्य गरी जम्मा ३०० जना संलग्न रहेको देखिन्छ। यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २६ : नगर क्षेत्रभित्र रहेका कृषि सहकारी संस्थाहरुको विवरण**

| क्र. सं. | सहकारी संस्थाको नाम | वडा नं. | ठेगाना | सदस्यता विवरण | | | शेयरका अवस्था जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | |
| १ | श्री कृष्ण कृषि सहकारी संस्था लिमिटेड | १ | देवस्थल | ४१ | ७१ | ११२ | ११२८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | श्री जनमुक्ति कृषि सहकारी संस्था लि. | १२ | निगाल्चूला | २ | २३ | २५ | २६४३४ |
| ३ | श्री जन कल्याण कृषि सहकारी संस्था लि. | ६ | घाँजरीपिपल | ० | २५ | २५ | ५०००० |
| ४ | श्री सिर्जनात्मक कृषि सहकारी संस्था लि. | १० | माँझकाँडा | ३ | २२ | २५ | १०६२४० |
| ५ | श्री मुलखोला कृषि सहकारी संस्था लि. | ५ | मुलखोला | ३ | २२ | २५ | ५१००० |
| ६ | श्री सिद्ध लेख कृषि सहकारी संस्था लि. | ३ | बामे | २७ | ४ | ३१ | ५०००० |
| ७ | श्री पवित्र कुपिण्डे कृषि सहकारी संस्था लि. | ८ | कुपिण्डेदह | १ | २६ | २७ | ५४००० |
| ८ | श्री शुभकामना कृषि सहकारी संस्था लि. | १ | देवस्थल | ४ | २६ | ३० | १५००० |
| | जम्मा | | | ८१ | २१९ | ३०० | ३६३९५४ |

स्रोतः वनगाड कुपिण्डे नगरपालिका COPOMIS पोर्टल, २०८१।०८२

### ५.६.४ कृषि पकेट क्षेत्र

यस बनगाड कुपिण्डे नगरपालिकाको सबै वडामा विभिन्न कृषि उपजहरु उत्पादन हुने गरेका छन्। वडा नं. १० र ११ का खानीगाउँ, थापाचौर, पाँचहारे, पाखापानी, लछुहाले आदि स्थानमा टिमुर खेती व्यवसायिकरुपमा गर्ने गरेको देखिन्छ भने खानीगाउँ, माझकाँडा, घाँझरीपिपल, पाँचहारे क्षेत्रमा सुन्तला खेती पनि व्यावसायिक रुपमा गर्ने गरेको देखिन्छ। वडा नं. १ को अम्रा, देवस्थल सल्लीमा तरकारी खेतीको पकेटक्षेत्र रहेका छन् भने सोही वडाको नाम्रामा प्याज खेतीको पकेट क्षेत्र रहेको छ। त्यस्तै बामेमा अदुवाको पाकेट क्षेत्र छ।



### ५.६.५ कृषि उपज संकलन केन्द्र

नगरपालिकाको विभिन्न वडाहरूमा उत्पादित कृषि उपजहरू संकलन तथा बिक्री गर्नका लागि मूलखोला(१, गर्चेमा कृषि उपज संकलन केन्द्र रहेको छ। त्यस्तै वडा नं. १ देवस्थल सल्ली बजारमा हाटबजार पनि रहेको छ तर हालसम्म हाट बजार व्यवस्थितरुपमा लाग्ने गरेको छैन।

### ५.६.६ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीत रुपमा आफ्नो उपजको आफैं

बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ। बनगाड कुपिण्डे नगरपालिका निर्माण हुनुभन्दा पहिलेदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरू विभिन्न खालका अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भईसकेको छैन। नगरमा विभिन्न ढाँचामा कृषि बजारीकरणका मोडलहरू विकास र अभ्यास भएको देखिन्छ। जस्तै,

१. डुलुवा कृषि बजारीकरण
२. फुटपाथ कृषि बजारीकरण
३. स्थायी खुद्रा कृषि उपज बिक्री स्थल
४. स्थायी थोक कृषि उपज बजार
५. फुटपाथ जीउँदो पशु, पंक्षी र माछा बिक्री स्थल
६. स्थायी जिउँदो पशु, पंक्षी र माछा बिक्री स्थल
७. पशुपंक्षीजन्य उत्पादनको बजारीकरण (दुध, मासु, अण्डा)
८. बजारस्थलमा कृषि वस्तु बजारीकरण (सुपर स्टोर्स देखि मिनि मार्केटसम्म)

उल्लेखित कृषि उपज बजारीकरणका प्रवृत्तिहरूमा विशिष्ट चरित्रहरू देखिन्छ। प्रारम्भका दिनमा उत्पादकले आफ्ना कृषि उपजहरू डोको, थुन्से, डालोमा बोकेर बजारका सम्भावित ग्राहक उपभोक्ता खोज्दै डुलेर वस्तुको बिक्री गर्नु पर्ने अवस्था थियो। अझ पनि कतिपय पर्व र मौसमहरूमा उत्पादकत्व घरेलु खर्चको जोहो गर्न यस्तै डुलुवा कृषि बजारीकरणलाई निरन्तरता दिएको पाइन्छ। यस्तो अभ्यासमा उत्पादक आफै आउने क्रमको साटो विचौलिया कारोवारीहरूले पनि यहि प्रक्रिया अपनाएर कृषि उपज बजारीकरण गर्दै आएका पाइन्छन्। यो प्रक्रियाले रोजगारको सृजना र गाउँसम्म बजारको विस्तारमा टेवा पुऱ्याएको देखिन्छ। यस्ता विचौलीया कृषिउपज विक्रेताहरूले ठेलागाडामा बजारीकरण गर्ने तथा सडकको फुटपाथ तथा कालोपत्रे समेत अतिक्रमण गरेर कारोबार गर्ने प्रचलन नै बस्यो। च्यूरा, बालुवा संग्रही/रैकर, ढोरपिपल, सुनौली बजार नगरको स्थानीय बजार हुन् भने देवस्थलको सल्लीबजार यस नगरको मात्र नभएर सल्यान जिल्लाकै प्रमुख व्यापारिक केन्द्र रहेको छ।

## ५.६.७ कृषि तथा खाद्य सुरक्षा आयोजना तर्फको कृषक पाठशाला विवरण

तालिका नं. २७ : कृषि तथा खाद्य सुरक्षा आयोजना तर्फको कृषक पाठशाला विवरण

| क्र.सं. | पाठशालाको नाम | ठेगाना | सहभागि कृषक | | | बाली | जात |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | पिपल्चौतारा कृषि तथा खाद्य सुरक्षा कृषक पाठशाला | घाँजरीपिपल ६ | ७ | १८ | २५ | गहुँ | डब्लु के १२०४ |
| २ | वनझाडी कृषि तथा खाद्य सुरक्षा कृषक पाठशाला | घाँजरीपिपल ८ | १६ | ९ | २५ | गहुँ | डब्लु के १२०४ |
| ३ | वनझाडी कृषि तथा खाद्य सुरक्षा कृषक पाठशाला | घाँजरीपिपल ८ | १६ | ९ | २५ | मकै | मन ३ |

स्रोतः जिल्ला कृषि विकास कार्यालय, सल्यान, २०७२/०७३

### ५.६.८ जग्गाको उर्वराशक्ति

जिल्लाको ठूलो क्षेत्रफल हिमाल, पहाड तथा भिरपाखाले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि सिमित रहेको छ। समशीतोष्ण एवं शितोष्ण हावापानी रहेको यस नगरको भूमि कृषिका लागि अति उपयुक्त रहेको छ। विगतमा नगरमा रहेका विरुवा, कुँडर, अर्घौ शिशुवा फाँट उर्वरा क्षेत्र रहेकामा हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि साघुरिन्दै गएको देखिन्छ। भेरी नदी किनारा र आसपासका भूमिहरूमा गेगरिलो माटोको कारण खाद्यान्न बालीको लागि कम उर्वराशक्ति रहेको पाईन्छ। समथल भूभागमा खाद्यान्न बालीको लागि उर्वर भूमि पाइन्छ भने भिराला पाखाहरूमा फलफूल, डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ। अधिकांश कृषकहरूको कृषि पेशा परम्परागत रुपमा नै रहेकोले कृषि पेशामा युवा पुस्ताहरूको आकर्षण कम रहनाले नगरमा रहेका सम्भाव्य क्षेत्रहरूमा समेत उर्वर भूमि बृद्धि गर्ने दिर्घकालिन सोचले सार्थकता पाउन सकेको देखिँदैन।

### ५.६.९ विभिन्न प्राविधिक शाखाहरुको कार्यक्रम तथा संचालित आयोजनाहरु

#### (क) साना सिंचाइ तथा मल बीउ ढुवानी अनुदान विशेष कार्यक्रम

कृषकहरूका लागि आवश्यक पर्ने तर विस्तृत इन्जिनीयरिङ अध्ययन आवश्यक नहुने र स्थानीय सीप र दक्षताबाट कार्यान्वयन हुन नसक्ने सामुहिक उपभोगका स(साना अस्थायी बाँध, पैनी, छेकवार कुलो सुधार संरक्षण, पोलिथिन पाइप, स्प्रिङ्कलर, थोपा सिंचाई, इनार वा पोखरी निर्माण, वर्षात्को पानी सङ्कलन ट्यांकी निर्माण आदि स-साना सिंचाई कार्यक्रमको माध्यमबाट कृषकहरूलाई खाद्यान्न तथा तरकारी खेती वा यस्तै अन्य आय आर्जनको कार्यक्रमहरूमा टेवा पुऱ्याउन र बाढी पहिरोको कारण बन्द भइरहेको सिंचाई प्रणालीमा तत्काल स(साना राहत पुऱ्याई कुलो सञ्चालनमा ल्याउन सम्बन्धित उपभोक्ता र कृषक समूहको समेत कम्तिमा १५ प्रतिशत आर्थिक सहभागिता (नगद वा श्रमदान) बढिमा एक लाख रुपैयासम्मको अनुदान सहयोग पुऱ्याई राहत दिने उद्देश्यले अन्य जिल्लाहरूमा जस्तै सल्यानमा पनि जापान के.आर. २ को आर्थिक सहयोगमा विगत केही समयदेखि साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। शुरुमा जिल्ला सिंचाई कार्यालय मार्फत संचालन हुदै आएको यस कार्यक्रम आ.व. २०५७/०५८ देखि जिल्ला कृषि विकास कार्यालयमार्फत कार्यान्वयन हुँदै आएको छ। नगरमा कृषि उत्पादनमा वृद्धि ल्याउन कृषकहरूलाई रासायनिक मल तथा उन्नत बीउको प्रयोग गर्ने बानीको विकास गर्ने उद्देश्य स्वरुप रासायनिक मल ढुवानी तथा उन्नत बीउ विजन ढुवानीमा अनुदान नभएता पनि यस कार्यालयको सिफारिसमा कृषक समूह तथा सहकारीलाई साल्ट ट्रेडिङ कर्पोरेशन र कृषि सामग्री कम्पनीले उपलब्ध गराइरहेको छ। यस कार्यालयबाट हालसम्म ४ जनाले रासायनिक मलको थोक बिक्रेता प्रमाण(पत्र लिई नविकरण समेत गराई तपसिल अनुसारका बिक्रेताहरूले कारोबार गरिरहेका छन्।

तालिका नं. २७ : प्रमाण पत्र पाउने फर्मको विवरण

| क्र.सं. | प्रमाण पत्र पाउने फर्म | ठेगाना |
|---|---|---|
| १ | लक्ष्मी मल बिक्री केन्द्र | माँझकाँडा |
| २ | शिद्ध गुफा ईन्टरप्राईजेज | देवस्थल |
| ३ | कमला एग्रोभेट | सल्लिबजार |
| ४ | चन्द्र रासायनिक मल बिक्री केन्द्र | सल्लीबजार |
| ५ | आकृती एग्रो सेन्टर | मूलखोला |
| ६ | | |

स्रोतः जिल्ला कृषि विकास कार्यालय, सल्यान, २०७२/०७३

## (ख) कृषि तथा खाद्य सुरक्षा आयोजना

**तालिका नं. २९ : कृषि तथा खाद्य सुरक्षा आयोजना आ.व. २०७३/७४ मा थप कृषक पाठशाला विवरण**

| सि. नं. | पाठशालाको नाम | ठेगाना | सहभागी कृषक | | | बाली | जात |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | फुलबारी कृषि तथा खाद्य सुरक्षा पाठशाला | वडा नं. ७ घाँझरीपिपल | २५ | | २५ | गहुँ | धौलागिरी |
| २ | टाटके कृषि तथा खाद्य सुरक्षा पाठशाला | वडा नं. ६ घाँझरीपिपल | २५ | २ | २५ | गहुँ | गौतम |
| ३ | पेदी खोला कृषि तथा खाद्य सुरक्षा पाठशाला | वडा नं. ६ घाँझरीपिपल | २५ | | २५ | गहुँ | धौलागिरी |
| ४ | जलखेत कृषि तथा खाद्य सुरक्षा पाठशाला | वडा नं. ६ घाँझरीपिपल | २५ | | २५ | गहुँ | धौलागिरी |
| ५ | बिएलसी कृषि तथा खाद्य सुरक्षा पाठशाला | वडा नं. ६ घाँझरीपिपल | २५ | | २५ | मकै | अरुण-२ |
| ६ | कसारी कृषि तथा खाद्य सुरक्षा पाठशाला | वडा नं. ६ घाँझरीपिपल | २५ | | २५ | मकै | अरुण-२ |

## (ग) उच्च मूल्य कृषि वस्तु विकास आयोजना

**तालिका नं. ३० : पार्ड नेपालद्वाा सञ्चालित उच्च मूल्य कृषि वस्तु विकास आयोजना सम्बन्धी विवरण**

| सि. नं. | सहकारी तथा समूहको नाम | ठेगाना | कोषको नाम | मूल्य चेन | सदस्य संख्या |
|---|---|---|---|---|---|
| १ | कपिण्डेदह बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं. ९ | मूल्य श्रृङ्खला कोष | बाखा | ६१ |
| २ | फलबारी इको(भिलेज कृषक समूह | वडा नं. ९ | मूल्य श्रृङ्खला कोष | टिमुर | ३१ |
| ३ | दलित अगुवा कृषक समूह | वडा नं. ८ | मूल्य श्रृङ्खला कोष | बाखा | २८ |
| ४ | पिपलटाकुरा सिएफयूजी | वडा नं. ११ | मूल्य श्रृङ्खला कोष | बाखा | २० |
| ५ | सगरमाथा बाखा पालन समूह | वडा नं. ११ | उत्पादन उपरान्त कोष | बाखा | २० |
| ६ | डाँफेमुनाल बाखापालन समूह | वडा नं. ११ | मूल्य श्रृङ्खला कोष | बाखा | ३० |
| ७ | बसन्ता एसजिएच | वडा नं. ११ | मूल्य श्रृङ्खला कोष | बाखा | ३५ |
| ८ | प्रगतिशील ताजा तरकारी उत्पादन समूह | वडा नं. ११ | मूल्य श्रृङ्खला कोष | बेमौसमी तरकारी | ३० |
| ९ | नवजागृति महिला बचत समूह | वडा नं. १० | मूल्य श्रृङ्खला कोष | अदुवा | ३० |
| १० | डाँडागाउँ बाखा पालन समूह | वडा नं. ७ | उत्पादन उपरान्त कोष | बाखा | १५ |
| ११ | हरियाली बाखा पालन समूह | वडा नं. ७ | उत्पादन उपरान्त कोष | बाखा | १५ |
| १२ | गैराबारी बाखा पालन समूह | वडा नं. ७ | उत्पादन उपरान्त कोष | बाखा | १६ |
| १३ | झारेचौर बाखा पालन समूह | वडा नं. ७ | उत्पादन उपरान्त कोष | बाखा | १३ |
| १४ | गोठीखोला बाखा पालन समूह | वडा नं. ७ | मूल्य श्रृङ्खला कोष | बाखा | २५ |
| १५ | हरियाली बाखा पालन समूह | वडा नं. ६ | मूल्य श्रृङ्खला कोष | बाखा | १५ |
| १६ | बनझाडी कृषक समूह | वडा नं. ६ | मूल्य श्रृङ्खला कोष | बेमौसमी तरकारी | २४ |
| १७ | बिष्णु आमखोली ताजा तरकारी उत्पादन समूह | वडा नं. ६ | मूल्य श्रृङ्खला कोष | बेमौसमी तरकारी | २५ |
| १८ | टाट्के तरकारी विउ उत्पादन समूह | वडा नं. ६ | मूल्य श्रृङ्खला कोष | तरकारी बीउ | २० |
| १९ | रासी दलित सामुदायिक संस्था | वडा नं. १ | उत्पादन उपरान्त कोष | बाखा | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | भेरी बाख पालन समूह | वडा नं. १ | उत्पादन उपरान्त कोष | बाखा | १५ |
| २१ | राधाकृष्ण ताजा तरकारी उत्पादन समूह | वडा नं. १ | मूल्य श्रृङ्खला कोष | बेमौसमी तरकारी | २४ |
| २२ | चौतारी बाखापालन समूह | वडा नं. १ | मूल्य श्रृङ्खला कोष | बाखा | ३३ |
| २३ | गतिशील महिला कृषक समूह | वडा नं. १ | मूल्य श्रृङ्खला कोष | बेमौसमी तरकारी | १४ |
| २४ | सरस्वती ताजा तरकारी उत्पादन समूह | वडा नं. १ | मूल्य श्रृङ्खला कोष | बेमौसमी तरकारी | १० |
| २५ | हिमालय ताजा तरकारी बिउ उत्पादन समूह | वडा नं. ४ | मूल्य श्रृङ्खला कोष | तरकारी बीउ | ३० |
| २६ | बनगाड कृषि सहकारी संस्था लि. | वडा नं. ४ | मूल्य श्रृङ्खला कोष | बेमौसमी तरकारी | २६ |
| २७ | कालिका कृषक समूह | वडा नं. ५ | मूल्य श्रृङ्खला कोष | अदुवा | ३९ |
| २८ | तारपारेबेसी कृषक समूह | वडा नं. ४ | मूल्य श्रृङ्खला कोष | अदुवा | ३६ |
| २९ | सिस्नेबाँध ताजा तरकारी उत्पादन समूह | वडा नं. ४ | मूल्य श्रृङ्खला कोष | बेमौसमी तरकारी | १२ |
| ३० | अम्बरजीत सिएफयूजी | वडा नं. १२ | उत्पादन उपरान्त कोष | टिमुर | १४ |
| ३१ | लालिगुराँस सिएफयूजी | वडा नं. १२ | उत्पादन उपरान्त कोष | टिमुर | १८ |
| ३२ | झरना आलु उत्पादन समूह | वडा नं. १२ | उत्पादन उपरान्त कोष | टिमुर | १६ |
| ३३ | सिद्ध सिएफयूजी | वडा नं. ३ | मूल्य श्रृङ्खला कोष | अदुवा | ४४ |
| ३४ | असल सहकारी | वडा नं. ३ | मूल्य श्रृङ्खला कोष | अदुवा | ३० |

### ५.६.१० नगरमा सञ्चालित एग्रोभेटहरुको विवरण

**तालिका नं. ३१ नगरमा सञ्चालिन एग्रोभेटहरुको विवरण**

| क्र.सं. | एग्रोभेटको नाम | ठेगाना | क्र.सं. | एग्रोभेटको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १ | जानकी एग्रोभट सेन्टर | सल्लिबजार | ४ | ग्यालेक्सि एग्रोभेट सेन्टर | माझकाँडा |
| २ | दशरथ एग्रोभेट सेन्टर | सल्लिबजार | ५ | पेरम एग्रोभेट सेन्टर | कुपिण्डे |
| ३ | आकृती एग्रोभेट सेन्टर | मुलखोला | ६ | कमला एग्रोभेट सेन्टर | सल्लिबजार |

स्रोतः वनगाड कुपिण्डे नगरपालिका, २०८१/०८२

### ५.६.११ पशुपालन

विशेषगरी गाई, भैसी, बाखा, सुँगुर, खरायो, कुखुरा, भेडा नै यहाँका मुख्य घरपालुवा जनावर हुन। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाई, भैसी, भेडा फर्महरू रहेका छन। त्यस्तै गरी भेटेनरी सेवा पनि बनगाड कुपिण्डे नगरमा उपलब्ध रहेको छ।

### ५.६.१२ विकासमान बजार क्षेत्रहरूको स्थिति

सल्यान जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरू मध्ये सल्लीबजार पनि एक हो। सल्ली बजार बनगाड कुपिण्डे नगरपालिकाको देवस्थलमा रहेको छ। यसका अतिरिक्त वालुवा संग्रही, नगरको चारैतिर छरिएर रहेका तथा तिब्ररुपमा विकास भइरहेका ग्रामीण बजार एवं सेवा आपुर्ति गर्ने केन्द्रहरूको समेत निकै व्यापक सञ्जाल रहेको छ। त्यस्ता बजार केन्द्रहरूबाट नगरमा उपलब्ध हुने सामान र सेवालाई ग्रामीण क्षेत्रमा समेत अधिकतमरुपमा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। केही प्रमुख ग्रामीण बजारकेन्द्रहरूको नाम, बजार रहेको क्षेत्र र प्रकृतिको विवरण निम्न तालिकामा दिइएको :

| सि. नं. | बजारको नाम | स्थान/गाविस | बजारको प्रकृति |
|---|---|---|---|
| १. | सल्लीबजार | देवस्थल | प्रमुख व्यापारिक केन्द्र |
| २. | शंखपिपल, च्यूरा | मूलखोला | स्थानीय बजार |

| | | | |
|---|---|---|---|
| ३. | बालुवा संग्रही/रैकर | माझकाँडा | स्थानीय बजार |
| ४. | ढोरपिपल | माझकाँडा | स्थानीय बजार |
| ५. | सुनौली बजार | घाँजरी पिपल | स्थानीय बजार |
| ६ | गर्चे बजार | मूलखोला | स्थानीय बजार |
| ७ | जयतपानी बजार | कुपिण्डेदह | स्थानीय बजार |
| ८ | नाथेखोला | मुलखोला | स्थानीय बजार |

## ५.७ उद्योग तथा व्यापार क्षेत्र

बनगाड कुपिण्डे नगरपालिकाको औद्योगिक स्थितिलाई हेर्दा स्थानीय कच्चा पदार्थमा आधारित कृषिजन्य, वनजन्य उद्योगहरूमात्र स्थापना भएको पाइन्छन् भने तत्पश्चात औद्यागिक दृष्टिकोणले विविधीकरण भएको पाइन्छ। कृषिमा आधारित उद्योग अन्तर्गत खाद्य मिल, फलफुल तथा तरकारीका नर्सरीहरू, कुखुरापालन, माछापालन, डेरी जस्ता क्षेत्रहरूमा कुटिर तथा घरेलु उद्योगहरू सञ्चालन भएका छन्। वन पैदावरमा आधारित उद्योग अन्तगर्त सःमिल, फर्निचर, जडिबुटी उद्योगहरू रहेको छन्। अन्य उत्पादनमुलक उद्योग अन्तगत ग्रील, फर्निचर जस्ता उद्योगहरू रहेका छन्। सबैभन्दा बढी उद्योगको रुपमा व्यवसायमुलक सेवा उद्योगहरू छन्। यसमा कार्यशाला शिक्षक तथा प्रशिक्षक सेवा, कोल्ड स्टोर, सिलाई, होटेल रेस्टुरेन्ट, केबुल, फोटो स्टुडियो, चलचित्र आदि छन्।

बनगाड कुपिण्डे नगरपालिकामा कुल ७६४ घरेलु तथा साना उद्योगहरू संचालित छन्। यि संचालित विभिन्न घरेलु तथा साना उद्योगहरूमध्ये सबैभन्दा बढी अर्थात् ८५.०७ प्रतिशत (६५० वटा) वाणिज्य तर्फका विभिन्न किसिमका पसल, सप्लायर्स, मनि ट्रान्सफर आदी रहेको पाइन्छ। यसैगरी दोस्रोमा ३.४० प्रतिशत (२६ वटा) निर्माण ठेक्का, २.२२ प्रतिशत (१७ वटा) मिल, सुनचाँदी व्यसायी, १.९६ प्रतिशत (१५ वटा), कृषि तथा पशुपंक्षीपालन १.४३ प्रतिशत (११ वटा) र होटल तथा रेष्टुरेन्टहरू २.३५ (१८ वटा) रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ३२ : नगरमा संचालित घरेलु तथा साना उद्योगहरुको विवरण**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत | क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मिल | १७ | २.२२ | ९ | फोटो स्टुडियो | ३ | ०.३९ |
| २ | निर्माण/ठेक्कापट्टा | २६ | ३.४० | १० | स्टेस्नरी | ३ | ०.३९ |
| ३ | सिलाई कटाई | ५ | ०.६५ | ११ | डेरी/पाउरोटी उद्योग | ३ | ०.३९ |
| ४ | सुनचाँदी | १५ | १.९६ | १२ | कृषि र पशुपंक्षिपालन | ११ | १.४३ |
| ५ | ग्रिल उद्योग | ३ | ०.३९ | १३ | कम्प्युटर ईन्स्टिच्युट | १ | ०.१३ |
| ६ | होटल/रेष्टुरेन्ट | १८ | २.३५ | १४ | वर्कशप | ४ | ०.५२ |
| ७ | फर्निचर उद्योग | ३ | ०.३९ | १५ | वाणिज्य तर्फ | ६५० | ८५.०७ |
| ८ | टेलिभिजन नेटवर्क | २ | ०.२६ | | जम्मा | ७६४ | १००.०० |

स्रोत : वनगाड कुपिण्डे नगरपालिका २०८१/०८२


नगरमा संचालित विभिन्न घरेलु तथा साना उद्योगहरुको विवरण
टेलिभिजन नेटवर्क
६५०
डेरी/पाउरोटी उद्योग
२६
स्टेस्नरी
१८
फोटो स्टुडियो
१७
फर्निचर उद्योग
१५
ग्रिल उद्योग
११
वर्कशप
५
सिलाई कटाई
४
कृषि र पशुपंक्षिपालन
३
सुनचाँदी
३
मिल
३
होटल/रेष्टुरेन्ट
३
निर्माण/ठेक्कापट्टा
३
वाणिज्य तर्फ
२
कम्प्युटर ईन्स्टिच्युट
१
०
१००
२००
३००
४००
५००
६००
७००

### ५.७.१ थोक तथा खुद्रा व्यापार

बनगाड कुपिण्डे नगरपालिकाको प्रमुख बजार केन्द्र सल्ली बजार हो। जुन यस नगरको मात्र नभएर सल्यान जिल्लाको पनि प्रमुख व्यापारिक केन्द्र मध्ये एक रहेको छ। यस सल्ली बजारबाट मध्यपश्चिमाञ्चल लगायत देशका विभिन्न स्थानहरूमा जस्तै नेपालगञ्ज, दाङ, कृष्णनगर, महेन्द्रनगर, धनगढी लगायत काठमाडौंसँगको व्यापार समेत हुने गरेको छ। च्यूरा, बालुवा संग्रही/रैकर, सुनौली बजार नगरका स्थानीय बजार हुन्। यी बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ।

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला मध्यपश्चिमाञ्चालका अन्य जिल्ला लगायत देशका विभिन्न स्थानहरूसँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री सल्ली बजारबाट हुने गरेको पाइन्छ।

### ५.७.२ निकासी पैठारी स्थिति

नगरबाट बाहिर निकासी हुने वस्तुहरूमा तयारी खाद्यान्न, चाउचाउ, प्लाष्टिक व्याग, पाइप, चोकर, ब्रान, तयारी (रेडीमेड) कपडा, इन्धन, कोइला, विस्कुट, साबुन, सिमेन्ट, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू लगायत कृषिजन्य उत्पादनहरू जस्तै सुन्तला, ताजा तरकारी, ताजा अदुवा, बीउ अदुवा, मकै खायन, बेसार, मकैको बीउ, तरकारीको बीउ, भटमास, मह, आलु, माछा, टिमुर आदि छन्। यी कृषिजन्य उत्पादनहरू देशका विभिन्न स्थानहरू दाङ, नेपालगंज, बुटवल, महेन्द्रनगर, धनगढी काठमाडौंमा मात्र निर्यात नभई तेस्रो मुलुक भारत, फ्रान्समा पनि निर्यात हुने गरेको पाइन्छ। यसैगरी आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी आदि रहेका छन्।

### ५.७.३ ढुवानी तथा भण्डार व्यवस्था

नगरभित्र उत्पादित मालसामानहरू नगरको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधानको रुपमा, ट्रक, टयाक्टर आदि रहेको छन्। नगरको पक्की सडक नभएका क्षेत्रहरूमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनमा समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको देखिन्छ। नगरको आन्तिरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरूमा पुल निर्माण गर्नुपर्ने देखिन्छ।

बनगाड कुपिण्डे नगरपालिकामा उत्पादन हुने खाद्यान्नहरूको भण्डारको व्यवस्था सरकारीस्तरमा पनि भएको पाइन्छ नगरमा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राख्ने गर्दछन। कृषि सामाग्री संस्थान, खाद्य संस्थान, नेशनल ट्रेडिङ्ग र साल्ट ट्रेडिङ्ग जस्ता संस्थानहरूको आफ्नै गोदाम भएका कारण उक्त संस्थानहरूले जनताका आवश्यकताका बस्तु मलखाद, चिनी, चामल

गोदाममा राख्ने गर्छन।

### ५.७.४ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरू उत्पादित बस्तुहरू चामल, तोरी, पिठो, मैदा, चिनी, गुड, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारीसम्बन्धी उद्योगहरूको अन्य जिल्ला तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ। उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरमा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न बनगाड कुपिण्डे नगरपालिका लागि परेको छ। नगरमा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स(साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरमा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.७.५ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

बनगाड कुपिण्डे नगरपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कोदो, फापर, जौं, गहुँ, माछा, फलफुल, तरकारी, अदुवा, बेसार, टिमुर आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य जिल्लाबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

## ५.८ खानीको स्रोत र उपयोगको स्थिति

बनगाड कुपिण्डे नगर विभिन्न खनिज श्रोतमा धनि रहेको देखिन्छ। महाभारत पर्वत श्रृंखला अन्तर्गत पाईने कोईला यस नगरको खनिज पदार्थमा प्रमुख रहेको छ। भौगोलिक विकटताले यहाँको कोईला उत्खनन् तथा प्रयोग भने भएका छैनन्। त्यसैगरी पत्रे चट्टान र नरम खालको चट्टान भएको ठाउँमा पाईने चुन ढुङ्गा नगरको विभिन्न भागमा पाईन्छ। यसको उत्खनन् र प्रयोग त्यति नभएकाले यसको महत्व पनि यहाँ त्यति भएको पाईदैन। मुख्यगरी घर छाउने कार्यमा प्रयोग हुने खानीढुङ्गा नगरको विभिन्न ठाउँमा पाईएको छ। मानिसहरूले स्थानीय रुपमा घर बनाउने र घर छाउने गर्ने भएकोले यसको प्रयोग व्यापक रुपमा भएको छ भने अन्य खानीहरू तामा खानी, सिसा खानी पनि पाईन्छ। यी उपलब्ध खानीहरूको राम्रोसँग उत्खनन् तथा प्रयोग गरी विभिन्न खानी उद्योग संचालन गर्न सकेको खण्डमा नगरलाई आर्थिकरुपले प्रबल बनाई नगरमा आवश्यक पूर्वाधारहरूको विकास गर्न टेवा पुग्ने देखिन्छ।

## ५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू

नगरमा आर्थिक विकास अन्तर्गत पर्यटन, यातायात सेवा, पदयात्रा मार्गहरू, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, खानी उद्योग र ताल तलैयामा माछापालन व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस नगरका ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलपूल, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलो तथा नहर हरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यापक रुपमा विस्तार गर्नाको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरै स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरमा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ। नगरका धेरै ठाउँहरूमा प्राकृतिक तालतलैयाहरू भएका र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने सम्भावना रहेको छ। नगरका सामुदायिक वन उपभोक्ता समूहहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवद्र्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ। नगरमा रहेका मुख्य पर्यटकीय क्षेत्रहरू तथा धार्मिक, साँस्कृतिक महत्वका स्थलहरूको संरक्षण र सूचना संकलन गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ र थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

नगरमा विभिन्न किसिमका खनिज पदार्थहरू जस्तै कोइला, चुनढुङ्गा, खानीढुङ्गा, तामा खानी तथा शिसा खानीहरू रहेको छ। जुन नगरको भौगोलिक विकटताले गर्दा उत्खनन् र प्रयोग गर्न सकिरहेको

छैन। यहाँको भौगोलिक विकटताको समस्यालाई समाधान गरी यहाँका ती खानीहरूको उत्खनन् र प्रयोग गरी विभिन्न खानी उद्योगहरू निर्माण गर्न सकिने प्रबल सम्भावना रहेको छ। जसले नगरमा थप आर्थिक अवसरहरू श्रृजना भई नगरलाई थप आवश्यक पूर्वाधारहरू निर्माण गर्न मद्धत पुग्नेछ। नगरमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरका युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.१० बैंक तथा वित्तीय संस्थाको विवरण

नगरमा उद्योग व्यापार अन्य क्षेत्रमा लगानी गर्न वित्तीय संस्थाहरूमा वाणिज्य बैंकहरू शून्यप्राय छ। यस क्षेत्रमा भएको विभिन्न बचत तथा ऋण सहकारी संस्थाहरूनै यहाँ उद्योग, व्यापार तथा अन्य क्षेत्रमा ऋण लगानी गरिरहेका छन्। राष्ट्र बैंकबाट क वर्गको बाणिज्यको अनुमति पाएको लक्ष्मी बैंकले यस नगरपालिकाको वडा नं.१ स्थित सल्लीबजारमा शाखा रहेको छ भने विकास बैंक तर्फ शांग्रिला डेभ्लपमेन्ट बैक पनि शाखा कार्यालय सल्लिबजारमा संचालनमा रहेको छ। देशका विभिन्न क्षेत्रबाट पैसा आदान प्रदान गर्न तथा विदेशबाट विप्रेशण प्राप्त गर्न वडा नं. १ सल्लीबजारमा आईएमईको २ वटा काउन्टर चालु भएका हाल निसकृय अवस्थामा रहेका छन्।

## ५.११ सहकारी संस्थाको विवरण

तालिका नं. ३३ : सहकारी संस्थाको विवरण

| क्र.सं. | सहकारी संघ/संस्थाको नाम | ठेगाना | अवस्था | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| बचत तथा ऋण सहकारी संस्था | | | | | | |
| १ | कुपिण्डेदह बचत तथा ऋण सहकारी संस्था लि. | कुपिण्डेदह | सकृय | ७६ | १८६ | २६२ |
| २ | विन्दु बचत तथा ऋण सहकारी संस्था लि. | मुलखोला | निष्कृय | ८ | १७ | २५ |
| ३ | लक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि. | सुनौलीबजार | निष्कृय | ३ | २२ | २५ |
| | जम्मा | | | ८७ | २२५ | ३१२ |
| कृषि सहकारी संघ/संस्था | | | | | | |
| १ | कृष्ण कृषि सहकारी संस्था लि. | सल्लीबजार | निष्कृय | ५२ | ६१ | ११३ |
| २ | श्री जनमुक्ति कृषि सहकारी संस्था लि. | निगालचुला, चौर | निष्कृय | २ | २३ | २५ |
| ३ | जनकल्याण कृषि सहकारी संस्था लि. | घाँजरीपिपल | निष्कृय | ३ | २२ | २५ |
| ४ | श्रृजनात्मक कृषि सहकारी संस्था लि. | माँझकाडा | निष्कृय | ३ | २२ | २५ |
| ५ | मुलखोला कृषि सहकारी संस्था लि. | मुलखोला | निष्कृय | ५ | २० | २५ |
| ६ | सिद्धलेख कृषि सहकारी संस्था लि. | बामे | निष्कृय | २७ | ४ | ३१ |
| ७ | पवित्र कुपिण्डे कृषि सहकारी संस्था लि. | कुपिण्डेदह | निष्कृय | ३ | ५ | २५ |
| ८ | प्रगतिशिल कृषि सहकारी संस्था लि. | बामे | निष्कृय | ५ | २० | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | शुभकामना कृषि सहकारी संस्था लि. | देवस्थल | निष्कृय | ४ | २६ | ३० |
| १० | बनगाड कुपिण्डे महिला सहकारी संस्था लि. | देवस्थल | सकृय | १३ | २६ | ३९ |
| ११ | परिवर्तन कृषि सहकारी संस्था लि. | जगतपानी | सकृय | ४५ | ६५ | ११० |
| १२ | वनगाडी तरकारी विउ प्रवर्द्धन सहकारी संस्था लि. | मुलखोला | निष्कृय | ३ | २२ | २५ |
| | जम्मा | | | १६५ | ३१६ | ४९८ |
| **स्वास्थ्य सहकारी संस्था लि.** | | | | | | |
| १ | सञ्जीवनी सामुदायिक स्वास्थ्य सहकारी संस्था लि. | देवस्थल | निष्कृय | २ | ३० | ३२ |
| **उपभोक्ता सहकारी संस्था** | | | | | | |
| १ | कृष्ण उपभोक्ता सहकारी संस्था लि. | देवस्थल | निष्कृय | ६ | १९ | २५ |
| **साना किसान कृषि सहकारी संस्था लि.** | | | | | | |
| १ | कुपिण्डेताल साना किसान कृषि सहकारी संस्था लि. | बाबियाचौर | सकृय | ४४ | ५४ | ९८ |
| २ | ढोरपिपल साना किसान कृषि सहकारी संस्था | ढोरपिपल | सकृय | ३२ | ४५ | ७७ |
| | जम्मा | | | ७६ | ९९ | १०५ |

**स्रोतः वनगाड कुपिण्डे नगरपालिकाको COMOMIS पोर्टल**

नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुउद्देश्यीय, उपभोक्ता,स्वास्थ्य आदि प्रकृतिका सहकारी संस्थाहरू संचालन भएको देखिन्छ। यि संघ/संस्थाहरूबाट कर्जा लगानी गरिनुका साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको छ। नगरमा संचालित विभिन्न प्रकृतिका सहकारी संघ/संस्थाहरूमा बचत तथा ऋण सहकारी संस्था ३, कृषि सहकारी संस्था १२, स्वास्थ्य सहकारी संस्था १ र उपभोक्ता सहकारी संस्था १ र साना किसान कृषि सहकारी संस्था २ गरी जम्मा १९ सहकारी संस्थाहरू रहेका छन्। १९ सहकारी संस्थाहरु मध्ये COPOMIS Portal का अनुसार ५ वटा संस्था सकृय रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




नक्सा नं. १५ : बनगाड कुपिण्डे नगरपालिकाको सडक सञ्जालको अवस्था

### ६.१.१ विद्यमान सडक सञ्जाल

बनगाडा कुपिण्डे नगरपालिकाबाट सल्यान जिल्ला सदरमुकाम खलङ्गा नगरका विभिन्न वडाहरु, जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिका साथै देशका अन्य भागमा जानको लागि सडक सञ्जाल विस्तार भएको पाइन्छ। मुख्यगरी नगरको मुख्य बजार केन्द्र तथा नगरपालिका केन्द्र रहेको देवस्थल सल्लेरी बजार हुँदै १०७ कि.मि. लामो पक्की सुर्खेतको छिन्चुदेखि जाजरकोटको सदरमुकाम खलङ्गा सम्मको छिन्चु-जाजरकोट राजमार्ग गएको छ। त्यसै गरी देवस्थल सल्लि बजारबाट रुकुमको चौरजहारी जाने सडक, सल्लेरीबाट बालुवा संग्रही, कुपिण्डे दह हुँदै जिल्ला सदरमुकाम सल्यान जाने ३५ कि.मि. लामो कच्ची सडक, देवस्थलबाट नाम्रा हुँदै बामे जाने सडक आदि रहेका छन्। नगरपालिका क्षेत्रमा पक्की सडक ज्यादै न्यून रहेको छ। केही सडकमा ग्राभेल गरिएको भए पनि धेरैजसो सडक कच्ची रहेका छन्। कच्ची सडकमा वर्षा याममा यातायात सञ्चालनमा निकै कठीनाई हुन्छ। यी कच्ची सडकको स्तर उन्नति गर्नु पर्ने देखिन्छ। जसको विवरण तल को तालिकाम दिइएको छ।

| सि.नं. | सडक सञ्जालको विवरण | सि.नं. | सडक सञ्जालको विवरण |
|---|---|---|---|
| १ | नेपालगञ्ज - जाजरकोट | २ | आमखोली - घाँझरी पिपल |
| ३ | देवस्थल - चौरजहारी | ४ | नाथेखोला – बेलखोला - बामे |
| ५ | बालुवा संग्रही – कुपिण्डे - खलंगा | ६ | देवस्थल - माल्पे - बामे |
| ७ | नाथेखाला - उचाले - ढोरचौर | ८ | खलंगा - मार्के - निगालचुला |
| ९ | शंखपिपल – खैरागाड - उचाले | १० | जयतपानी - सोहरा - घाँझरी पिपल |
| ११ | देवस्थल – नाम्रा - बामे | १२ | ढोरपिपल - गौरी कटेरी - घाँझरी पिपल |
| १३ | नेटाबजार – काफलपानी - बामे | १४ | शंखपिपल – मैनानी - लांखर |
| १५ | सुनौली - घाँझरी पिपल | १६ | सालचौर - पुछ्याला - मामुर्खक - निगालचुला - घारापानी |
| १७ | देवस्थल–माल्पे–खहरेखोला–बेलखोला–च्यूरा–नेटा | १८ | ढोरपिपल–रजैखोला–कुटिचौर |

स्रोतः नगर कार्यपालिकाको कार्यालय २०८१।०८२

### ६.१.२ यातायात सेवा

बनगाड कुपिण्डेबाट दैनिक खलङ्गासम्म भाडाको गाडि सञ्चालन हुँदै आएको छ। सल्ली बजारबाट सुर्खेतको छिन्चु बर्दियाको बबई र बाँकेको कोहलपुरहुँदै नेपालगञ्जसम्म दैनिक बस सञ्चालन हुने गरेको छ नेपालगञ्जबाट सल्ली बजारबाट रुकुमको चौरजहारीसम्म यातायातको सुविधा विस्तार भएको छ। नगरपालिकाको केन्द्रदेखि नगरका अन्य वडाहरुमा जान कच्ची सडक भएपनि सल्लिबजारबाट वडा नं. ३ को औलबेशी हुनै वडा नं. २ को बामे सम्म, सल्लि देखि वडा नं. ७ को मैदुपोखरी, त्यसै गरी सल्ली बाट वडा नं. ९ को स्वारा, वडा नं. १० को थपाचौर, कुटिचौर सम्म दैनिक रुपमा यातायात सञ्चालनमा आएका छन।

### ६.१.३ वडा केन्द्रदेखि नगपालिका केन्द्रसम्मको दुरी

तलको तालिकामा नगरपालिका देवस्थल केन्द्र देखि वडा केन्द्र सम्म जान लाग्ने दुरीको विवरण दिइएको छ। वडा कार्यालय केन्द्र देखि नगरपालिका केन्द्र सम्मको दुरी :

| वडा केन्द्रदेखि | नगरपालिका केन्द्रसम्मको दुरी | वडा केन्द्रदेखि | नगरपालिका केन्द्रसम्मको दुरी |
|---|---|---|---|
| १ नं. वडा केन्द्र | २०० मिटर | ७ नं. वडा केन्द्र | १३ कि.मि. |
| २ नं. वडा केन्द्र | ३० कि.मि. | ८ नं. वडा केन्द्र | १९ कि.मि. |
| ३ नं. वडा केन्द्र | १५ कि.मि. | ९ नं. वडा केन्द्र | २७ कि.मि. |
| ४ नं. वडा केन्द्र | १५ कि.मि. | १० नं. वडा केन्द्र | २१ कि.मि. |
| ५ नं. वडा केन्द्र | १० कि.मि. | ११ नं. वडा केन्द्र | १४ कि.मि. |
| ६ नं. वडा केन्द्र | ६ कि.मि. | १२ नं. वडा केन्द्र | २८ कि.मि |

स्रोतः नगर कार्यपालिकाको कार्यालय २०८१

## ६.२ संचार

नेपालमा वि.सं. २०४८ साल सम्म संचार माध्यमहरू सिमित थिए। वि.सं. २०४६ सालको जनआन्दोलनको सफलता पछि भएको २०४८ आम निर्वाचन पश्चात देशको सञ्चार क्षेत्रमा क्रान्ति नै आयो। देशका विभिन्न क्षेत्रमा पत्रपत्रिका (दैनिक, साप्ताहिक, पाक्षिक र मासिक), एफ.एम. रेडियो, केबुल टेलिभिजन, स्थानीय तथा राष्ट्रिय टेलिभिजन, टेलिफोन, मोबाइल सेवा तथा इन्टरसेवाको विस्ता तीब्र गतिमा हुन थाल्यो। जसको प्रभाव देशका विभिन्न भागमा पनि विस्तारै पर्न गएको छ। बनगाड कुपिण्डे नगरपालिकामा हाल कुनै पनि एफएम स्टेशन नभएपनि सल्यान जिल्ला र आसपासका अन्य जिल्लाहरु - सुर्खेत, जाजरकोट, रुकुमलगायतका जिल्लाबाट प्रशारण हुने विभिन्न एफ.एम रेडियोहरु सुन्न सकिन्छ। नगरपालिका क्षेत्रबाट कुनै पनि स्थानीय टेलिभिजन सञ्चालन नभएपनि नगरपालिका क्षेत्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टेलिभिजन च्यनलहरु केवल नेटवर्क तथा डिसहोम (डिटिएच) मार्फत हेर्न सकिन्छ। राष्ट्रिय स्थतरमा प्रकाशन हुने पत्रपत्रिकाहरु साथै सल्यान जिल्लाबाट प्रकाशित हुने दैनिक, साप्ताहिक र मासिक पत्रपत्रिकाहरु नगरक्षेत्रमा पाइने गरेको छ। बनगाड कुपिण्डे नगरपालिकामा अनलाईन समाचार र वेबसाइटहरू पनि उपलब्ध छन्।

### ६.२.१ टेलिफोन तथा मोबाइल फोन सेवा

यस बनगाड कुपिण्डे नगरपालिकाका धेरै जसो वडा केन्द्रहरुमा नेपाल टेलिकम (NTC) को

मोबाइल नेटवर्क कमजोर अवस्थामा रहेको छ भने अधिकांश क्षेत्रहरुमा अत्यन्त कमजोर रहेको देखिन्छ। सञ्चार सम्बन्ध कायम गर्नका लागि यहाँका जनताहरूले NTC र NCELL लगायत सबै किसिमका मोबाइल सिम बोक्न बाध्य छन्। सल्ली बजार क्षेत्र लागायत बजार क्षेत्र र केही ग्रामिण क्षेत्रमा वल्डिङ्ग,टेकमाण्ड्स, एनटी फाईबर लागायतका सेवाहरुले इन्टरनेट सेवा दिएका छन। नगरपालिका तथा अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा वोल्डिङ्ग र टेकमाण्ड्स कम्पनिले इन्टरनेट सेवा उपलब्ध गराएका छन। यस नगरपालिका अन्तर्गत वडा नं. १,४,५,६,७,८ र ९ मा फाईबर लाईन पुगेको छ।

### ६.२.२ टेलिभिजनको विवरण

तालिका नं. ३६ टेलिभिजनको विवरण

| सि.नं. | नाम |
|---|---|
| १ | डिस होम |
| २ | आ ई टि पि टि (Net TV) वोर्ल्डिङ |

बनगाड कुपिण्डे नगरपालिकामा डिस होर र वोर्ल्डिङ्गको आ.ई.टि.पि.टि (Net TV) वोर्ल्डिङ रहेका छन्। यी टेलिभिजनहरूले नगरवासीलाई विभिन्न सूचना तथा मनोरञ्जन उपलब्ध गराईरहेका छन्।

### ६.२.३ हुलाक सेवा

नगरमा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरका विभिन्न वडाहरूमा कार्यरत छन्। अतिरिक्त हुलाक ५ (मुलखोला, कुपिण्डेदह, बामे, देवस्थल र निगालचुला), इलाका हुलाक १ (घाँजरीपिपल) गरी जम्मा ६ ओटा हुलाक कार्यालयहरूबाट नगरभित्र र नगर बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्।

तालिका नं. ३७ : नगरमा उपलब्ध हुलाक कार्यालयहरुको विवरण

| क्र.सं. | साविकको गाविस | स्थान | कार्यालयको नाम | स्वीकृत दरबन्दी | टेलिसेन्टर |
|---|---|---|---|---|---|
| १ | माझकाँडा | ढोरपिपल | अ.हु.का. ढोरपिपल | पत्र वितरक १,<br>डाँक बाहक १ | |
| ३ | कुपिण्डेदह | जयतपानी | अ.हु.का. थारा | पत्र वितरक १,<br>डाँक बाहक १ | |
| ४ | देवस्थल | देवस्थल | व.कु.न.पा.हु.का. देवस्थल | हुलाक प्रतिनिधि १,<br>पत्र वितरक ३,<br>डाँक बाहक १ | |
| ६ | मूलखोला | शंखपिपल, च्यूरा | अ.हु.का. मूलखोला | पत्र वितरक १,<br>डाँक बाहक १ | |

स्रोतः जिल्ला हुलाक कार्यालय, सल्यान, २०८१/८२

## ६.३ विभिन्न सुविधाको उपलब्धता अनुसार घरपरिवारको विवरण

**तालिका नं. ३८: विभिन्न सुविधाको उपलब्धता अनुसार घरपरिवारको विवरण**

| क्र.सं. | विवरण | जम्मा | क्र.सं. | विवरण | जम्मा |
|---|---|---|---|---|---|
| १ | जम्मा घरपरिवार | ७४२८ | ९ | टेलिफोन भएको | ५० |
| २ | कुनै पनि सुविधा नभएको | २५० | १० | मोबाइल फोन भएको | ७४२८ |
| ३ | कम्तीमा एउटा सुविधा भएको | ५३०० | ११ | मोटर भएको | ३ |
| ४ | रेडियो भएको | २५०० | १२ | मोटरसाइकल भएको | २५० |
| ५ | टेलिभिजन भएको | २०० | १३ | साइकल भएको | ५० |
| ६ | केबुल टेलिभिजन भएको | १५० | १४ | अन्य सवारी साधन भएको | ४५ |
| ७ | कम्प्युटर भएको | १५० | १५ | रेफ्रिजेरेटर भएको | ३ |
| ८ | इन्टरनेट भएको | १८०० | १६ | उल्लेख नगरिएको | १२० |

यस बनगाड कुपिण्डे नगरपालिकाका घरपरिवारहरूले प्रयोग गर्दै आएका सुविधाहरूको आधारमा तथ्यांक संकलन गरिएको छ। नगरको कुल घरपरिवार ७,४२८ मा २,५०० (३३.६५ प्रतिशत) परिवारहरूले रेडियो सुन्ने गरेको पाइयो। जुन यहाँका परिवारहरूले प्रयोग गरेका अन्य सुविधाहरूको तुलनामा रेडियो प्रयोग गर्ने परिवार संख्या बढी रहेको देखिन्छ। त्यसैगरी ७४२८ (सत प्रतिशत) परिवारले मोबाइल फोनको प्रयोग गर्ने गरेको, २०० (२.६९ प्रतिशत) परिवारले टेलिभिजनको सुविधा लिएको र ५,३०० (७१.३५ प्रतिशत) परिवारमा कम्तीमा एउटा सुविधा भएको देखिन्छ। नगरमा २५० (३.३६ प्रतिशत) परिवार सुविधाविहीन रहेको देखिन्छ। जसको विस्तृत विवरण माथि उल्लेख गरिएको छ।

## ६.४ विद्युत

### ६.४.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस बनगाड कुपिण्डे नगरपालिकाका सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा बिजुली, मट्टितेल, गोबरग्याँसबाहेक अन्य स्रोतहरू बढी प्रयोग गरेको देखिन्छ। नगरको कुल घरपरिवारको २.१५ प्रतिशत अर्थात् १६० घरपरिवारले बत्ती बाल्न अन्य स्रोतरुको प्रयोग गरेको देखिन्छ भने सोलारको प्रयोग गर्ने घरपरिवार ७३.३२ प्रतिशत अर्थात् ५,३७० रहेको छ। यसैगरी मट्टितेल प्रयोग गर्ने घरपरिवार ०.१ प्रतिशत अर्थात् ८, बिजुली प्रयोग गर्ने २५.५ प्रतिशत अर्थात १८९० र यस नगरपालिकामा गोबरग्याँस प्रयोग गर्ने घरपरिवारको संख्या ० रहेको छ। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ३९ : बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टीतेल | गोबरग्याँस | सोलार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ७३२ | १ | ० | ३५० | १२ | १०९५ |
| २ | १५४ | ० | ० | २९३ | १ | ४४८ |
| ३ | १८ | ० | ० | ४१६ | ५२ | ४८६ |
| ४ | १० | ० | ० | ४४२ | २ | ४५४ |
| ५ | ५९ | ० | ० | ६३७ | ४ | ७०० |
| ६ | ९३ | २ | ० | ५११ | ३३ | ६३९ |
| ७ | ५४ | ० | ० | ५५० | १३ | ६१७ |
| ८ | १८७ | ० | ० | ६०३ | २१ | ८११ |
| ९ | ३६३ | ३ | ० | २९१ | १८ | ६७५ |
| १० | ६७ | १ | ० | ४१३ | ० | ४८१ |
| ११ | १५३ | १ | ० | ४७१ | १ | ६२६ |
| १२ | ० | ० | ० | ३९३ | ३ | ३९६ |
| जम्मा | १८९० | ८ | ० | ५३७० | १६० | ७४२८ |
| प्रतिशत | २५.५ | ०.१ | ०.० | ७२.३२ | २.१५ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८



## ६.४.२ विद्युतीकरणको वर्तमान अवस्था

यस बनगाड कुपिण्डे नगरपालिकाका केही वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। नगरपालिकाको वडा नं. १ मा ६८५ घरपरिवार, वडा नं. २ मा २० घरपरिवार, वडा नं. ३ मा ४६ घरपरिवार, वडा नं. ४ मा २५ घरपरिवार, वडा नं. ५ मा ३५ घरपरिवार, वडा नं. ६ मा २७ घरपरिवार, वडा नं. ७ मा ७८ घरपरिवार, वडा नं. ८ मा ८५ घरपरिवार, वडा नं. ९ मा १२५ घरपरिवार, गरी जम्मा ११२६ घरपरिवारमा केन्द्रीय प्रशारण लाईनको विद्युत सेवा पुगेको देखिन्छ।

## ६.४.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ४० : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी.ग्याँस | कुइठा/ठोरहा | बाँयोग्याँस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७५६ | ० | ३३६ | ० | १ | १ | १०९४ |
| २ | ४४४ | ० | ४ | ० | ० | ० | ४४८ |
| ३ | ४६४ | १ | १९ | ० | ० | ० | ४८४ |
| ४ | ४३७ | ० | १६ | ० | ० | ० | ४५३ |
| ५ | ६४७ | ४ | ४९ | ० | ० | ० | ७०० |
| ६ | ५८९ | २ | ४८ | ० | ० | ० | ६३९ |
| ७ | ५८७ | २ | २८ | ० | ० | ० | ६१७ |
| ८ | ७८० | १ | २३ | ० | ७ | ० | ८११ |
| ९ | ६३३ | ४१ | १ | ० | ० | १ | ६७६ |
| १० | ३८९ | ० | ९१ | ० | ० | १ | ४८१ |
| ११ | ५५४ | १ | ६५ | ० | ६ | ० | ६२६ |
| १२ | ३८२ | ० | १७ | ० | ० | ० | ३९९ |
| जम्मा | ६६६२ | ५२ | ६९७ | ० | १४ | ३ | ७४२८ |
| प्रतिशत | ८९.६८ | ०.७ | ९.३८ | ०.० | ०.१८ | ०.०४ | १००.०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

वि.सं. २०७८ को जनगणनाअनुसार बनगाड कुपिण्डे नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ६,६६२ (८९.८६ प्रतिशत) प्रयोग गरेको देखिन्छ। यसैगरी दोस्रोमा एल.पी.ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ६९७ (९.३८ प्रतिशत), मट्टितेल प्रयोग गर्ने ५२ (०.७ प्रतिशत) र बाँयोग्याँस प्रयोग गर्ने घरधुरी १४ (०.१८ प्रतिशत) रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ६.५ खेलकुद तथा मनोरन्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरमा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि खासै पूर्वाधार तयार भएको देखिदैंन।

यस नगरमा खेलकुद विकासका लागि सबै जसो विद्यालयमा खेलमैदान रहेका छन्। जसको विवरण तलको तालिकामा दिइएको छ।

| वडा नं. | खेल मैदान | वडा नं. | खेल मैदान |
|---|---|---|---|
| १ | प्रभाकर मा.वि.देवस्थल खेल मैदान | ७ | भलिबल खेल मैदान, खारा |
| २ | कृष्ण मा.वि. संग्रही खेल मैदान | ८ | भलिबल खेल मैदान, गिठाचौर |
| ३ | संग्रही विद्यालयको खेल मैदान | ९ | भलिबल खेल मैदान, जयतपानी |
| ४ | मैदु पोखरी खेल मैदान | १० | माझकाँडा खेल मैदान |
| ५ | खेल मैदान, ज्यामिरे | ११ | आँपचौर भलिबल मैदान |
| ६ | खेल मैदान, अध्येरी | १२ | देवस्थल रातामाटा खेल मैदान |
| ७ | त्रिभुवन मा वि च्यूरा खेल मैदान | १३ | मुक्ति मा वि औलवेशी खेल मैदान |

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा यहाँ बनगाड कुपिण्डे नगरपालिकाको शैक्षिक स्थिति देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक सशक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ।

तालिका नं. ४१ : शैक्षिक संस्थाको विवरण

| वडा नं. | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | प्रा.वि | आ.वि | मा.वि | प्रा.वि | आ.वि | मा.वि | |
| १ | ६ | १ | १ | ० | १ | २ | ११ |
| २ | ३ | २ | ० | ० | ० | ० | ५ |
| ३ | ४ | १ | १ | ० | ० | ० | ६ |
| ४ | ५ | १ | ० | ० | ० | ० | ६ |
| ५ | २ | २ | १ | १ | ० | ० | ६ |
| ६ | ३ | १ | ० | ० | ० | ० | ४ |
| ७ | ५ | ० | १ | १ | ० | ० | ७ |
| ८ | ३ | ० | १ | १ | ० | ० | ५ |
| ९ | २ | १ | १ | १ | ० | ० | ५ |
| १० | ४ | १ | ० | ० | ० | ० | ५ |
| ११ | ३ | १ | १ | ० | ० | ० | ५ |
| १२ | ४ | ० | १ | ० | ० | ० | ५ |
| जम्मा | ४४ | ११ | ८ | ४ | १ | २ | ७० |

स्रोतः नगर पालिका शिक्षा शाखा २०८१/८२

शिक्षा क्षेत्रको परिसुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस नगरपालिकामा आ.व. २०८१/०८२ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण माथिल्लो तालिकामा दिइएको छ। नगरमा संचालित प्राथमिक विद्यालय सामुदायिक ४४ वटा र निजी ५ वटा छन् भने आधारभूत विद्यालय सामुदायिक ११ वटा र निजी १ वटा रहेका छन् र माध्यमिक विद्यालय सामुदायिक ८ र निजी २ गरी जम्मा ७० वटा शैक्षिक संस्थाहरू संचालनमा रहेका छन्।

### ७.१.१ साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा बनगाड कुपिण्डे नगरपालिका यस क्षेत्रका अन्य नगरपालिकाको तुलनामा केही पछाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाको साक्षरता दर ७०.५ प्रतिशत रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस नगरपालिकाको पुरुषको साक्षरता दर ७८.८ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६३ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १५.८ प्रतिशतको फरक देखिन्छ।

तालिका नं. ४२ : साक्षरता दर

| जम्मा | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| २९६३९ | ११०६२ | ९८४७ | ५५ | १०८ | २९१० | ५६५७ | १४०२७ | १५६१२ |
| प्रतिशत | ७८.८ | ६३ | ०.४ | ०.७ | २०.७ | ३६.२ | | |
| कुल साक्षरता | ७०.५% | | | | | | | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

बनगाड कुपिण्डेको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा साक्षरता दर ७०.५ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता दर ७८.८ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ६३ प्रतिशत रहेको छ।



### ७.१.२ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४३ : ५ वर्ष वा सो भन्दा माथिका व्यक्तिहरुको शैक्षिक जनशक्तिको विवरण

| | पूर्व बालविकास | प्रा.वि. तह | आ.वि. तह | मा.वि. तह | एस.एल.सी./ एस.ई.ई. | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह/सोभन्दा माथी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ७९८ | ७३८५ | ५२५८ | ४०८६ | ९४० | १६६१ | २८५ | १०८ | २०५२१ |
| प्रतिशत | ३.८ | ३५.१ | २५ | १९.४ | ४.५ | ७.९ | १.४ | ०.५ | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

यस तालिकामा बनगाड कुपिण्डे नगरपालिकामा विभिन्न शैक्षिक तह उत्त्रीण गरेका जनशक्ति देखाइएको छ। जसमा पूर्व बालविकास तफर् ३.८ प्रतिशत (७९८ जना), प्रा.वि. तहमा ३५.१ प्रतिशत (७,३८५ जना), आ.वि. तहमा २५ प्रतिशत (५,२५८ जना),मा.वि. तह १९.४ प्रतिशत (४,०८६ जना) ,एस.एल.सी. तह, ४.५ प्रतिशत (९४० जना) ,प्रमाणपत्र तह ७.९ प्रतिशत (१६६१ जना), स्नातक तह १.४ प्रतिशत (२८५ जना) र स्नातकोत्तर तह र सो भन्दा माथि ०.५ प्रतिशत (१०८ जना) अध्ययन गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### ७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४४ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| मानविकी तथा सामाजिक शास्त्र | व्यवस्थापन | शिक्षा | विज्ञान तथा प्रविधि | स्वास्थ्य | इन्जिनियरिङ्ग | कानून | कृषि | वन | पशु विज्ञान | कम्प्युटर तथा सूचना प्रविधि | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३४ | ११७ | १३५४ | ५४ | ५८ | ३६ | ४ | २३ | १३ | ९ | २० | २९ |
| ७.० | ५.७ | ६५.९ | २.६ | २.८ | १.८ | ०.२ | १.१ | ०.६ | ०.४ | १.४ | १.९ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

बनगाड कुपिण्डे नगरपालिकामा विश्वविद्यालय तहमा अध्ययनरत जनशक्तिको विवरण माथिको तालिकामा दिइएको छ। जसमध्ये विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिका अध्ययन गर्दा नगरमा शिक्षा संकायमा अध्ययन गर्नेहरूको संख्या सबैभन्दा बढी रहेको देखिन्छ अर्थात् नगरमा विभिन्न विषय लिएर पढेका कुल २०५४ जनाहरूमध्ये १३५४ जना (६५.९ प्रतिशत) ले शिक्षा विषय लिएको देखिन्छ। यसैगरी दोस्रोमा मानविकी तथा सामाजिक शास्त्र विषय अध्ययन गर्नेको संख्या १३४ (७.० प्रतिशत), व्यवस्थापन विषय अध्ययन गरेका संख्या ११७ (५.७ प्रतिशत), विज्ञान तथा प्रविधि विषय अध्ययन गर्नेको संख्या ५४ (२.६ प्रतिशत), स्वास्थ्य विषय अध्ययन गर्नेको संख्या ५८ (२.८ प्रतिशत), क्षन्जिनियरिङ्ग विषय अध्ययन गर्नेको संख्या ३६ जना (१.८ प्रतिशत), कानून विषय अध्ययन गर्नेको संख्या ४ जना (०.२ प्रतिशत), कृषि विषय अध्ययन गर्नेको संख्या २३ (१.१ प्रतिशत), वन तथा वातावरण विषय अध्ययन गर्ने संख्या १३ (०.६ प्रतिशत), पशुविज्ञान विषय अध्ययन गर्नेको संख्या ९ जना (०.४ प्रतिशत), कम्प्युटर तथा सूचना प्रविधि विषय अध्ययन गर्नेको संख्या २० जना (१.४ प्रतिशत) र अन्य विषय अध्ययन गर्ने संख्या २९ (१.९ प्रतिशत) देखिन्छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### ७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

**तालिका नं. ४५ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण**

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व बालविकास नर्सरी जाने उमेर समूह | ३-४ वर्ष | १७०० | १५६९ | ३२६९ | ७१३ | ५८४ | १२९७ | ३९.६७ |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १ - ८) | ५-१३ वर्ष | ३८८६ | ३४६२ | ७४६२ | २७५८ | २६३८ | ५३९६ | ७२.३१ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १४-१५ वर्ष | १३८० | १२४५ | २६२५ | ५०४ | ४७८ | ९८२ | ३७.४० |
| उच्च मा.वि. (कक्षा ११ – १२) | १६-१७ वर्ष | १५७५ | १५९५ | ३१७० | २२ | ३६ | ५८ | १.८२ |
| जम्मा | | ८५४१ | ७८७१ | १६५२६ | ३९९७ | ३७३६ | ७७३३ | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

माथि दिइएको तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल गएको देखिँदैन। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९७.४४ प्रतिशत स्कुल गएको देखिन्छ भने २.५५ प्रतिशत स्कुल गएको देखिँदैन त्यस्ते १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९०.९१ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ९.०९ प्रतिशत स्कुल गएको देखिँदैन। नगरमा १५ देखि १६ वर्ष उमेर समुहको बालबालिकामध्ये कोही पनि स्कुल नगएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.१.५ विभिन्न तहका विद्यार्थीहरूको विवरण

**तालिका नं. ४६ : शैक्षिक सत्र २०८२ मा विभिन्न तहका विद्यार्थीहरूको विवरण**

| तह | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| बालविकास केन्द्र | ५८४ | ७१३ | १२९७ |
| आधारभुत १ देखि ८ | २६३८ | २७५८ | ५३९६ |
| मा.वि. तह (कक्षा ९ –१०) | ५०४ | ४७८ | ९८२ |
| मा.वि. तह (कक्षा ११-१२) | ३६ | २२ | ५८ |
| जम्मा | ३७६२ | ३९७१ | ७७३३ |

स्रोतः EMIS CEHRD पोर्टल, २०८२

### ७.१.६ शिक्षक दरवन्दी विवरण

| प्रकार | प्रा.वि. | आ.वि. | मा.वि. (९-१०) | मा.वि.(११-१२) | जम्मा |
|---|---|---|---|---|---|
| दरवन्दी | ९८ | ९ | ९ | | ११६ |
| राहत | ६४ | १३ | ९ | ३ | ८९ |
| नगरपालिका करार | १६ | ९ | | | २५ |
| प्राविधिक धारतर्फका | | २ आइएसी एजी | २ विएसी एजी | ४ | ८ |
| जम्मा | १७८ | ३३ | २० | ७ | २३८ |

स्रोतः नगरपालिका शिक्षा शाखा २०८१।८२

यस तालिकामा सल्यान जिल्लाको विद्यालयमा कार्यरत स्वीकृत शिक्षक दरवन्दीको श्रेणीगत शिक्षकहरू प्राथमिक, निमावि, मावि र उमाविको स्थायी, अस्थायी र राहत दरबन्दीको विवरण देखाइएको छ। स्थायी दरबन्दी भएका प्राथमिक तहमा पढाउने शिक्षकको संख्या ८६४ जना, निमावी तहमा पढाउने स्थायी शिक्षकको संख्या १०३ जना, मा.वी. तहमा पढाउने स्थायी शिक्षकको संख्या ९१ र उमावि तहमा पढाउने स्थायी शिक्षकको संख्या १६ जना रहेको छ भने राहत दरवन्दीमा रहेर प्राथमिक तहमा पढाउने शिक्षकको संख्या ३५६ जना, राहत दरवन्दीमा रहेर निमावि तहमा पढाउने शिक्षकको संख्या १०० जना, मावी तहमा पढाउने शिक्षकको संख्या जम्मा ६२ जना र उमावि तहमा पढाउने शिक्षकको संख्या ३३ जना रहेको। त्यस्तैगरी निजी तथा प्राविधिक धारतर्फका शिक्षकहरूको विवरण माथिको तालिकाबाट प्रष्ट हुन्छ। जसको विस्तृत विवरण माथी तालिका र ग्राफद्वारा उल्लेख गरीएको छ।



### ७.१.७ विद्यालय संख्या: उपलब्ध दरवन्दीको आधारमा

| तह | ० दरवन्दी भएका | १ दरवन्दी भएका | २ दरवन्दी भएका | २ भन्दा वढी दरवन्दी भएका |
|---|---|---|---|---|
| प्रा.वि. | १ | १ | ३५ | २५ |
| निमावि | ११ | ० | १ | ० |
| मा.वि. | २ | ० | ४ | २ |
| उमावि | ० | २ | ० | ० |

स्रोतः नगरपालिका शिक्षा शाखा २०८१।८२

### ७.१.८ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनुः विद्यार्थीहरू प्राथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ।
- कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुः प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।
- दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनुः विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ।
- दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दरः नगरको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो।
- विद्यालयहरु आर्थिक रुपले कमजोर हुनुः नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्य विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामाग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।
- अभिभावकहरु चनाखो नहुनुः बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।
- शिक्षक दरबन्दी कम हुनुः दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ। यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन। एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन।

- राजनीतिकरण हुनुः विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ। राजनीतिक

पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ। यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ।

- **शिक्षकहरुमा प्रतिबद्धताको कमीः** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ। प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ।
- **आधुनिक प्रविधिको प्रयोग नहुनुः** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्रायः धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन्।

## ७.२ स्वास्थ्य

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको पहाडी भागमा अवस्थित यो नगर स्वास्थ्य सेवाको हिसाबले खासै सुगम नभएता पनि स्वास्थ्य, सरसफाई तथा समुदायको बानी व्यवहार स्वास्थ्यकर नै देखिन्छ। सानो उपचारको लागि पनि कोहलपुर, नेपालगञ्ज र छिमेकी राष्ट्र भारतको नासिक तथा लगनउसम्म जानु पर्ने बाध्यताले यहाँको स्वास्थ्य क्षेत्रको दयनीय अवस्थालाई दर्शाउँछ। राजनैतिक रुपमा १२ वडाहरूमा विभाजित यस नगरमा प्राय जसो जनताले आधारभूत स्वास्थ्य सेवा लिन बाट बञ्चित हुनु परेको छैन। नगरपालिकामा आ.व.२०८२।०८३ मा नगर अस्पताल संचालन गर्ने तयारीमा गरी नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ समेत पारित भएको छ। हाल नगरपालिका क्षेत्रमा ७ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ६ वटा सहरी स्वास्थ्य सेवा केन्द्र, १ आयुर्वेद औषधालय र ८ वटा Birthing Centre उपचार केन्द्र रहेका छन्। खासगरी समुदायमा प्रबद्धानात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा नगरका साविकका प्रत्येक वडाहरूमा १/१ जना गरी जम्मा ६३ जना महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन्। यी स्वयंसेविकाहरूको सेवा उदाहरणीय रहेको देखिन्छ।

**तालिका नं. ४८ : स्वास्थ संस्थाको संख्या**

| सि.न. | बिबरण | संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | ७ |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ५ |
| ३ | सहरी स्वास्थ्य सेवा केन्द्र | ६ |
| ५ | आयुर्वेद औषधालय | १ |
| जम्मा | | १९ |

स्रोतः वनगाड कुपिण्डे नगरपालिका २०८१।८२

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहुँचवाला

व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधिहरूको अभिव्यक्ति अनुसार यस नगरमा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको पाइन्छ।

नगरमा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन। यस अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुँदैन। निर्वाचन क्षेत्रको आधारमा स्थापना भएको ३/३ शैया क्षमताको प्राथमिक स्वास्थ्य केन्द्रहरूका दरबन्दी अनुसारको डाक्टरको आपुर्ति नभएका कारण विरामीहरूले यथोचित सुविधा प्राप्त गर्न सकेका छैनन्।

नगरका विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेका छन। नगरमा स्वास्थ्य सेवा पुऱ्याउँदै आएका ७ वटा स्वास्थ्य चौकीमा दरबन्दी भएका विभिन्द पदहरूमा १३ जना अ.हे.ब., १७ जना अ.न.मी. र १० जना कार्यालय सहयोगी छन्। यसरी स्वास्थ्य चौकीमा पर्याप्त जनशक्तिले गर्दा सबै नगरबासीहरूलाई स्वास्थ्य सेवा सुविधा उपलब्ध गराउन सहज परिरहेको अवस्था छ। त्यसैगरी जनसंख्याको आधारमा विभिन्न वडाहरूमा महिला स्वयंसेविकाहरू कार्यरत छन्। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ भने हालसालै सुरु भएको सामुदायिक औषधी कार्यक्रमले केहीमात्रामा औषधीको नियमित आपुर्ति गर्नसक्ने आशा गरिएको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

**तालिका नं. ४९ : नगरका स्वास्थ्य कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको विवरण**

| क्र.सं. | स्वास्थ्य संस्था | अ.हे.ब.(४/५/६) | अ.न.मी. (४/५/६) | हे.अ. | ल्याब अ. | का.स. |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी बाँझकोट | १ | २ | १ | ० | २ |
| २ | स्वास्थ्य चौकी घाँजरीपिपल | १ | ४ | १ | ० | १ |
| ३ | स्वास्थ्य चौकी देवस्थल | १ | ३ | १ | १ | २ |
| ४ | स्वास्थ्य चौकी बामे | २ | २ | ० | ० | १ |
| ५ | स्वास्थ्य चौकी कुपिण्डेदह | ३ | २ | ० | ० | २ |
| ६ | स्वास्थ्य चौकी निगालचुला | ३ | २ | ० | ० | १ |
| ७ | स्वास्थ्य चौकी माझकाँडा | २ | २ | ० | ० | १ |
| | जम्मा | १३ | १७ | ३ | १ | १० |

स्रोतः नगरपालिका स्वास्थ्य शाखा २०८१।८२

### ७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

नेपालमा रहेका प्रमुख स्वास्थ्य समस्याहरू मध्ये उच्च मातृ तथा शिशु मृत्यु दर, झाडापखाला, कुपोषण, सरुवा रोगहरू र उच्च प्रजनन् दर रहेको पाईन्छ भने कतिपय समस्याहरू बढी मात्रामा महिला तथा बालबालिकासँग सम्बन्धित समस्याहरू हुने गरेको र धेरै जसो समुदायको सहभागितामा समाधान गर्न सकिने भएको हुँदा समुदायलाई परिचालन गर्नको लागि महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन गरिएको हो। यो कार्यक्रम यस सल्यान जिल्लामा २०४५ सालदेखि लागु भएको हो। हाल यस नगरपालिकामा हरेक वडा टोलमा १/१ जना महिला स्वास्थ्य स्वयंसेविका रहने गरी जम्मा ४५ जना महिला स्वास्थ्य स्वयं सेविकाहरू कार्यरत रहेका छन्। यी महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्वद्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.२.२ गाउँघर क्लिनिक र नियमित खोप

नेपाल सरकाले आधारभूत स्वास्थ्य सेवालाई जनताको घर दैलोमा पुऱ्याउने नीति अनुरुप मौजुदा स्वास्थ्य संरचनाले सम्पूर्ण जनताको पहुँचमा स्वास्थ्य सेवा पुग्न नसकेको महशुस गरी आ.व. २०५२/२०५३ सालमा गाउँघर क्लिनिकको स्थापना गरी आधारभूत स्वास्थ्य सेवाहरू दिँदै आइरहेको छ। एउटा गाविसमा ३ देखि ५ वटासम्म गाउँ घर क्लिनिक संचालन गर्ने रणनीति रहेको र प्राथमिक स्वास्थ्य सेवाको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन नसकिएको स्थानमा प्रति महिना २ देखि ५ वटा गाउँघर क्लिनिक संचालन गर्ने गरिएको यस सल्यान जिल्लामा जम्मा १७३ वटा क्लिनिकहरू संचालनमा रहेका थिए भने बनगाड कुपिण्डे नगरपालिकामा २१ वटा क्लिनिकहरू थिए। हाल गाउँघर क्लिनिकहरु संचालन भएका स्थानहरुमा आधारभूत र शहरी स्वास्थ्य सेवा केन्द्रहरु संचालनमा आएकाले हाल १४ वटा गाउँघर क्लिनिकहरु संचालनमा रहेका छन।

स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूद्वारा संचालित यी गाउँघर क्लिनिकहरूबाट परिवार नियोजन सेवा, मातृ शिशु सेवा, वृद्धि अनुगमन, झाडापखाल नियन्त्रण र उपचार, स्वास्थ्य शिक्षा, सामान्य उपचार र प्रेषण आदि अन्य सेवाहरू उपलब्ध गराउँदै आएका छन्।

तालिका नं. ५०: नगरमा संचालन हुने गाउँघर क्लिनिक संख्या

| क्र.सं. | संस्थाको नाम | जम्मा क्लिनिक संख्या | पर क्लिनिक दिईएको सेवाग्राहीको औषत संख्या |
|---|---|---|---|
| 1 | बामे | ११ | २४ |
| 2 | देवस्थल | ३० | १३ |
| 3 | घाँजरीपिपल | २० | ६ |
| 4 | कुपिण्डेदह | २० | २३ |
| 5 | माझकाँडा | २० | १० |
| 6 | निगालचुला | २० | १५ |

| | | | |
|---|---|---|---|
| 7 | बाँझकोट मुलखोला | २० | २१ |
| | जम्मा | १४ | ९७ |

स्रोतः नगरपालिका स्वास्थ्य शाखा २०८१।८२

### ७.२.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०८२ को असार महिना सम्म नेपालमा भेटिएका जम्मा ३०,३०० एचआइभी संक्रमण मध्ये १२०० जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। वनगाड कुपिण्डे नगरपालिकाको रिपोर्ट अनुसार ७ जना व्यक्तिहरु एचआईभी संक्रमित रहेको देखिन्छ।

### ७.२.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरूविभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनु पर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२३)। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। यस बनगाड कुपिण्डे नगरपालिकामा सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत रहेका बर्थिङ सेन्टरहरूमा बामे स्वास्थ्य चौकी, धाँजरीपिपल स्वास्थ्य चौकी, देवस्थल स्वास्थ्य चौकी, कुपिण्डेदह स्वास्थ्य चौकी, माझकाँडा स्वास्थ्यचौकी,बाँझकोट स्वास्थ्य चौकी र ढोरपिपल शहरी स्वास्थ्य केन्द्र हुन्।

### ७.२.६ खोपको विवरण

बालबालिका भविष्यमा निर्माता हुन्। यसको लागि यिनीहरू स्वास्थ्य र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा रुबेला दुई पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ। बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रमा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा

राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्षको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.(४) प्राप्त गर्न सहयोग पुगेको छ।

**तालिका नं. ५१: दादुरा रुबेला रोग विरुद्ध खोप अभियान मिति २०७२/१०/२४ गतेदेखि २०७२/११/१३ गतेसम्म २ चरणमा समापन गर्ने गरी संचालन गरिएको खोपको प्रगति विवरण**

| क्र. सं. | संस्थाको नाम | लक्षित जनसंख्या | दादुरा रुबेला खोप लगाएका बालबालिका | | | प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | ९ महिनादेखि ५ वर्षसम्म | ९ महिनादेखि २ वर्षसम्म | २ वर्षदेखि ५ वर्षसम्म | जम्मा | |
| १ | बामे | ५८७ | १६९ | ४५५ | ६२४ | १०६.३ |
| २ | देवस्थल | ४६९ | १२० | ४१४ | ५३४ | ११३.९ |
| ३ | धाँजरीपिपल | ६०४ | ११८ | ३७५ | ४९३ | ८१.६ |
| ४ | कुपिण्डेदह | ६८८ | २१४ | ५२१ | ७३५ | १०६.८ |
| ५ | माझकाँडा | ४६२ | १६७ | ४३८ | ६०५ | १३१ |
| ६ | निगालचुला | २५० | ६९ | १६५ | २३४ | ९३.६ |
| ७ | बाझँकोट | ६७८ | ४५० | ५६५ | ७२० | १०७ |

स्रोतः नगरपालिका स्वास्थ्य शाखा २०७३।७४

तालिका नं. ५२ः जापानिज इन्सेफलाइटिस रोग विरुद्ध खोप अभियान मिति २०७३/०१/२६ गतेदेखि २०७३/०२/२६ गतेसम्म ३ चरणमा समापन गर्ने गरी संचालन गरिएको खोपको प्रगति विवरण

| क्र. सं. | संस्थाको नाम | लक्षित जनसंख्या | दादुरा रुबेला खोप लगाएका बालबालिका | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | १ वर्षदेखि १५ वर्षसम्म | १ वर्षदेखि १५ वर्षसम्म | ५ वर्षदेखि १५ वर्षसम्म | जम्मा | |
| १ | बामे | १८४३ | ५०५ | १४३५ | १९४० | १०५.३ |
| २ | देवस्थल | १७८४ | ४०७ | १७०८ | २११५ | ११८.६ |
| ३ | धाँजरीपिपल | २१५३ | ५१० | १५२२ | २०३२ | ९४.४ |
| ४ | कुपिण्डेदह | २५५८ | ५१५ | १९०५ | २४२० | ९४.६ |
| ५ | माझकाँडा | १९४९ | ५५४ | १३५३ | १९०७ | ९७.८ |
| ६ | निगालचुला | ८२९ | २०४ | ५४४ | ७४८ | ९०.२ |
| ७ | बाझँकोट | २२१० | ५६० | १४५० | ९५० | ८५.७ |

स्रोतः नगरपालिका स्वास्थ्य शाखा २०७३।७४

### ७.२.७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा निमोनिया, झाडापखाला, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.२.८ शिशु तथा ५ वर्ष बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने स.न. २०२२ मा क्रमशः घट्दै ३३ प्रतिहजारमा पुगेको छ। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा थियो भने स.न. २०२२ मा क्रमाशः घट्दै २१ प्रतिहजार रहेको देखिएको छ।

### ७.२.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था कस्तो छ भन्ने कुरा त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकार्लाइ अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लखे गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

**तालिका नं. ५३: आ.व. २०८१/८२ को नगरमा संचालित भिटामिन ए कार्यक्रमको विवरण**

| क्र.सं. | साविकका गा.वि.स. | भिटामिन ए लिएका | | | जुकाको औषधी (अल्वेण्डाजोल) लिएका | |
|---|---|---|---|---|---|---|
| | | ६ महिनादेखि १ वर्ष | १-५ वर्ष | जम्मा | १-५ वर्ष | जम्मा |
| आ.व. २०७२/०७३ कार्तिक | | | | | | |
| 1 | बामे | ५६ | ४८७ | | २४३ | |
| 2 | देवस्थल | २२ | ३११ | ३३३ | ३११ | |
| 3 | घाँजरीपिपल | ४७ | ३३० | | ३३० | |
| 4 | कुपिण्डेदह | ९० | ८७७ | | ८७७ | |
| 5 | माझकाँडा | ६७ | २९५ | | २९५ | |
| 6 | बाँझकोट मुलखोला | १०५ | ५९२ | | ५९२ | |
| 7 | निगालचुला | ३६ | ३०० | | ३०० | |

स्रोतः नगरपालिका स्वास्थ्य शाखा २०८१।८२

## ७.२.१० सुरक्षित मातृत्वसम्बन्धी विवरण

**तालिका नं. ५४: आईरन चक्की, अल्बेनडाजोल र भिटामिन ए प्रयोग गर्ने गर्भवती महिलाहरुको विवरण**

| क्र. सं. | साविकका गा.वि.स. | लक्ष्य | सेवा प्राप्त गर्ने गर्भवती महिलाको संख्या | | | सेवा प्राप्त गर्ने गर्भवती महिलाको प्रतिशत | | | No. of PP mother receiving | | % of PP mother receiving | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो पटक आइरन चक्की लिएका | १८० चक्की आइरन लिएका | जुकाको औषधी | पहिलो पटक आइरन चक्की लिएका | १८० चक्की आइरन लिएका | जुकाको औषधी | ४५ चक्की आइरन लिएका | भिटामिन ए क्याप्सुल लिएका | ४५ चक्की आइरन लिएका | भिटामिन ए क्याप्सुल लिएका |
| 1 | बामे | ४३ | २८ | १४ | २८ | | | | १३ | १३ | | |
| 2 | देवस्थल | ९० | ७८ | ५१ | ७८ | | | | ८० | ८० | | |
| 3 | घाँजरीपिपल | ५२ | २६ | १२ | २५ | | | | १६ | १६ | | |
| 4 | कुपिण्डेदह | ५८ | ६१ | ३१ | ६१ | | | | ३३ | ३३ | | |
| 5 | माझकाँडा | ४५ | १४ | १६ | १४ | | | | ५ | ५ | | |
| 6 | बाँझकोट | ६३ | ५० | ३१ | ४७ | | | | ५८ | ५८ | | |
| 7 | निगालचुला | ३५ | १९ | ३० | १९ | | | | ११ | ११ | | |

स्रोतः नगरपालिका स्वास्थ्य शाखा २०८१।८२

**तालिका नं. ५५ : बालबालिकालाई दिइएको खोपको विवरण**

| स्वास्थ्य चौकी | (२३ महिन मुनिका खोप लगाइएको बालबालिकाको संख्या) | | | | | | | | | | | | | राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत २३ महिनमुनिका पूर्ण खोपपाएका बालबालिकाहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बि.सि.जि. | डि.पि.टि.-हेप बि.-हिव | | | पोलियो | | | पि.सि.भि | | | FIPV (दोस्रो) | दादुरा/रुबेला (९-१५महिना) | | |
| | | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | | पहिलो मात्रा | दोस्रो मात्रा | |
| बामे | ३३ | ४४ | ३५ | २९ | ४४ | ३५ | २९ | ४४ | ३५ | ४० | ४० | ४० | ४७ | ४७ |
| देवस्थल | ४३ | ४९ | ५१ | ५१ | ४९ | ५१ | ५१ | ४९ | ५१ | ५१ | ५१ | ५१ | ७० | ७० |
| घाँजरीपिपल | २३ | ३६ | ३८ | ४२ | ३६ | ३८ | ४२ | ३६ | ३८ | ४० | ४२ | ४० | ४५ | ४५ |
| कुपिण्डे दह | ५६ | ८५ | ८५ | ८८ | ८५ | ८५ | ८८ | ८५ | ८५ | ७१ | ७१ | ७१ | ९७ | ९७ |
| माझकाँडा | ८२ | ८४ | ७५ | ७५ | ८४ | ७५ | ७५ | ८४ | ७५ | ८३ | ८३ | ८३ | १०१ | १०१ |
| बाँझकोट | ७३ | ८४ | ७८ | ७७ | ८४ | ७८ | ७७ | ८४ | ७८ | ६७ | ६७ | ६८ | ८३ | ८३ |
| निगालचुला | २७ | ३७ | ३८ | ३७ | ३७ | ३८ | ३७ | ३७ | ३८ | २३ | २३ | २४ | २८ | २८ |

स्रोतः नगरपालिका स्वास्थ्य शाखा २०८१।८२

# ७.३ नागरिक सुरक्षा सेवा

## ७.३.१ सामाजिक सूचकहरू

यस नगरमा शारीरिकरुपले कमजोर एवं सामाजिक हिसाबले पछाडि पारिएका अनाथहरू, बालबालिकाहरू, बृद्ध-बृद्धाहरू तथा अपाङ्गहरूको सुरक्षा एवं स्याहार सुसारको लागि अपाङ्ग पुर्नस्थापना केन्द्र, बृद्धाश्रमहरू, बाल क्लबहरू र बालविकास केन्द्रहरू रहेका छन्।यही जनगणनाको नतिजा अनुसार यस नगरमा ७० वर्ष र सो भन्दा माथिल्लो उमेरका बृद्ध-बृद्धाको संख्या ६६५ जना रहेको छ।जस मध्ये ३४१ जना बृद्ध र ३२४ जना बृद्धा रहेका छन्।त्यसै गरी कुल अपाङ्गहरूको संख्या ६३६ मा ३२ जना चाहिं मानसिक अपाङ्गहरू रहेका छन्।विधुवा-विधुरहरूको संख्या ८४९ जना मध्ये २४९ जना विधुर र ६०० जना विधुवा रहेका छन्।पारपाचुके गरेर बसीरहेकाहरू ४७ जनामा २१ पुरुष र २७ जना महिला रहेका छन्।कानूनीरुपमा ६१ जनाले सम्बन्ध विच्छेद नगरेतापनि एकर्कासंग छुट्टिएर बसेका छन्।यसरी एकअर्कासंग छुट्टिएर बसीरहेकामा १४ जना पुरुष तथा ४७ जना महिला रहेका छन्।

## ७.३.२ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०७८ को नतिजा अनुसार यस बनगाड कुपिण्डे नगरपालिकामा, ७० वर्ष उमेर नाघेका ३.१३ प्रतिशत (१०३३ जना) बृद्धबृद्धाहरू रहेका छन्।शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ।बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन।पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ।राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता भने सबै बृद्धबृद्धाले पाएका छन।नगरपालिकाले आ.व.२०८०।०८१ देखि नै सामाजिक सुरक्षा भत्ता वडा वडामा पुगेर वितरण गर्ने कार्य नियमित रुपमा गरेको छ। सबै यस नगरमा अर्ध बृद्धावस्थाकै हाराहारिकोमा रहेको ६०-६४ वर्षको २.८२ प्रतिशत (९३२ जना) , ६५-६९ वर्षका ३.१६ प्रतिशत (१०४२ जना) र ७० भन्दा माथि गरी जम्मा ९.१२ प्रतिशत (३,००७ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन।र यस स्थितिलाई कसरी सहज बनाउने र नगरमा जीवित यी जेष्ठ नागरिकहरूको अमूल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

# ७.४ महिला तथा बालबालिका

## ७.४.१ महिला सम्बन्धी विवरण

कुल जनसंख्याको आधाभाग ओगटेको नेपाली महिलाहरूको स्थिति अझै पनि उपेक्षित अवस्थामा रहेको पाइन्छ।महिलाहरूको विषय संवेदनशिल विषय भएको कुरालाई हाम्रो देशमा मात्र नभएर विश्वमा नै गहन रुपमा लिन थालिएको छ।महिलाहरूको विकासको लागि संयुक्त राष्ट्रिय संघले सन् १९८१ मा एउटा सन्धिपत्र जारी गरेको थियो।जसमा महिलाका अधिकारः राजनैतिक, आर्थिक,

सामाजिक, सास्कृतिक, शैक्षिक, स्वास्थ्य, खेलकुदसम्बन्धी उल्लेख गरिएको छ। यस विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ। यिनै विषयमा तथ्याङ्कहरूको अध्ययन र विश्लेषण गरी समस्याहरूको पहिचान गर्नुपर्ने देखिन्छ। जबसम्म महिलाहरू उत्पादनमूलक कार्यमा संलग्न रहदैनन् तबसम्म देशको आर्थिक अवस्था बढ्दैन भन्ने कुरा सर्वविदितै छ। यसै उद्देश्यलाई लिएर जिल्लामा समयसमयमा एकल महिला सुरक्षा कोष कार्यक्रम संचालन हुँदै आएको छ। आ.व. २०७२/७३ मा संचालन गरिएको एकल महिला सुरक्षा कोष कार्यक्रमबाट कुपिण्डे ९ का १ जना महिलालाई स्वरोजगार स्वरुप रु. १०,००० वितरण गरिएको छ।

### ७.४.२ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मका बालबालिकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ । कुनै पनि बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन पाइदैन। तथापि सुरक्षित वातावरणमा नयाँ(नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाका बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुव्र्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्यांक तथा जानकारीको भने अभाव छ। बालश्रमम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। बालश्रम नेपालको संविधान ले पनि रोक लगाइको छ भने बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, श्रम ऐन २०४८ लगायत कानुनी व्यवस्थाहरू विद्यमान छन्। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि,१९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं. १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ। बनगाड कुपिण्डे नगरपालिकाका पिडीत बालबालिकालाई उद्वार गर्ने लक्ष्य सहित नगरमा संचालन गरिएको बाल उद्धार कोष कार्यक्रमबाट सहायता प्रदान गरिएका बालबालिकाको स्थितिलाई तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५७: बाल उद्वार कोषबाट सहायता प्रदान गरिएका बालबालिकाको स्थिती

| क्र.सं. | ठेगाना | छात्रा | | | | छात्रा | | | | प्रतिव्यक्ति रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | |
| 1 | देवस्थल | १ | | | १ | | | २ | २ | १५०० |
| 2 | बामे | | | १ | १ | | | २ | २ | १५०० |
| 3 | मुलखोला | २ | | १ | ३ | | | | | १५०० |
| | जम्मा | ३ | ० | २ | ५ | ० | ० | ४ | ४ | |

स्रोतः महिला, बालबालिका तथा जष्ठ नगरिक शाखा २०८१।०८२

### ७.४.३ बाल विकास केन्द्र

तालिका नं. ५८ नगरमा भएका बाल विकास केन्द्रसम्बन्धी विवरण

| सि.नं. | बाल विकास केन्द्रको नाम | वडा नं. | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| 1 | सिद्धेश्वरी मा.वि. | 12 | 6 | 5 | 11 |
| 2 | सरस्वती  प्रा.वि. | 12 | 6 | 4 | 10 |
| 3 | अन्दविनासेनी प्रा.वि | 12 | 9 | 9 | 18 |
| 4 | ग्रोवाही प्रा.वि. | 12 | 4 | 4 | 8 |
| 5 | दुर्गादेवी प्रा.वि. | 12 | 6 | 4 | 10 |
| 6 | चारजुवा बाल विकास केन्द्र | 10,11 | 6 | 9 | 15 |
| 7 | प्रेमज्योती बाल विकास केन्द्र | 10,11 | 4 | 6 | 10 |
| 8 | भगवती बाल विकास केन्द्र | 10,11 | 13 | 21 | 34 |
| 9 | नवज्योति बाल विकास केन्द्र | 10,11 | 7 | 5 | 12 |
| 10 | महेन्द्र बाल विकास केन्द्र | 10,11 | 14 | 12 | 26 |
| 11 | लाहघाट बाल विकास केन्द्र | 2, 3 | 17 | 13 | 30 |
| 12 | घर्तीगाउँ बाल विकास केन्द्र | 2, 3 | 10 | 5 | 15 |
| 13 | बाहुनगाउँ  बाल विकास केन्द्र | 2, 3 | 8 | 9 | 17 |
| 14 | फलदेपानी बाल विकास केन्द्र | 2, 3 | 13 | 13 | 26 |
| 15 | प्रभाकर मा.वि. | 1 | 4 | 10 | 14 |
| 16 | अमरसहिद आधाभूत बाल विकास केन्द्र | 1 | 13 | 13 | 26 |
| 17 | शैहनीत प्राथमिक बाल विकास केन्द्र | 1 | 5 | 5 | 10 |
| 18 | कृष्ण प्राथमिकि बाल विकास केन्द्र | 1 | 10 | 3 | 13 |
| 19 | भैरिक आधारभूत बाल विकास केन्द्र | 1 | 11 | 11 | 22 |
| 20 | कुपिण्डेश्वी बाल विकास केन्द्र | 8 | 8 | 7 | 15 |
| 21 | लालीगुँरास बाल विकास केन्द्र | 9 | 5 | 14 | 19 |
| 22 | काफलगैरी बाल विकास केन्द्र | 9 | 4 | 7 | 11 |
| 23 | जनकल्याण बाल विकास केन्द्र | 9 | 12 | 15 | 27 |
| 24 | केराबारी बाल विकास केन्द्र | 9 | 5 | 11 | 16 |
| 25 | प्राय सबै प्राथमिक विद्यालयमा बाल विकास केन्द्र रहेको | 4 | 15 | 45 | 60 |
| 26 | प्राय सबै प्राथमिक विद्यालयमा बाल विकास केन्द्र रहेको | 5 | 31 | 41 | 72 |
| 27 | प्राय सबै प्राथमिक विद्यालयमा बाल विकास केन्द्र रहेको | 6, 7 | 85 | 83 | 168 |

स्रोतः नगर कार्यापालिकाको कार्यालय २०८१।०८२

### ७.४.४ बाल क्लव/बाल सञ्जाल

तालिका नं. ५९: नगरमा भएका बाल विकास केन्द्रसम्बन्धी विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्लब/सञ्जाल संख्या | ९ | २ | | | | २ | | ४ | ४ | १ | | १ |
| बालक | १०९ | ४० | | ३७ | २४ | ६० | | २९ | ३२ | १३ | | ७ |
| बालिका | ६३ | २३ | | २९ | २० | २० | | २५ | ३२ | ५ | | ६ |
| जम्मा | १७२ | ६३ | | ६६ | ४४ | ८० | | ५४ | ६४ | १८ | | १३ |

स्रोतः नगर कार्यापालिकाको कार्यालय २०८१।०८२

## ७.५ शान्ति सुरक्षा

बनगाड कुपिण्डे नगरपालिका अन्तर्गत निगालचुलाको दक्षिण(पूर्वी क्षेत्र इलाका प्रहरी कार्यालय कालिमाटीले, पूर्वी क्षेत्र जिल्ला प्रहरी कार्यालयले, इलाका प्रहरी कार्यालय सल्लीबजारले प्रहरी चौकी बालुवा संग्रहीले शान्ति सुरक्षालाई कायम गरिरहेको छ। साविकको निगाचुलामा स्थानीयहरुले तहाँको शान्ति सुरक्षाको अवस्था कमजोर रहेको भनी प्रहरी चौकीको निरन्तर माग गरिरहेको पाइयो। सुरक्षा निकायमा प्रत्यक्ष सुरक्षा जिम्मेवारीभित्र रहेको यस नगरपालिकाका विभिन्न सामाजिक समस्याहरूको उजुरी पर्ने गरेको छ। नगरमा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसा घटनाहरू भएको स्थानीयबासीको भनाई छ। सुरक्षा चुनौतीको सामाना गरी भविष्यमा हुन सक्ने घटनाको न्यूनीकरणका लागि प्रहरी कार्यालयसँग थप सवारी साधन हुनुपर्ने, महिला ब्यारेकको व्यवस्था हुनुपर्ने, महिला हिरासत अलग्गै बनाउनु पर्ने, प्रहरी कार्यालयहरूको ब्यारेक नयाँ निर्माण गर्नुपर्ने र पुराना ब्यारेक बेलाबेलामा मर्मत गर्नुपर्ने आवश्यकता रहेको छ।

तालिका नं. ६०: सामाजिक अपराधका घटना तथा दुर्घटना

| आत्महत्या | आगलागी | सवारी दुर्घटना | कर्तव्य ज्यान | भवितव्य ज्यान |
|---|---|---|---|---|
| ५ | ३ | ७ | १ | १ |

स्रोतः जिल्ला प्रहरी कार्यालय, सल्यान २०८१।८२

## ७.६ सामाजिक सुरक्षा भत्ता

यस बनगाड कुपिण्डे नगरपालिकामा आर्थिक वर्ष २०८१/८२ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको वडागत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ६१: आ.व.२०८१/०८२ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको विवरण

| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक एकल महिला | विधवा (आर्थिक सहायता) | क बर्ग अपाङ्ग | ख बर्ग (आर्थिक सहायता) | क्षेत्र तोकिएका बालबालिका | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २४१ | ४३ | ३९ | ५८ | ४ | १२ | २५६ | ८५ | ७३८ |
| २ | १११ | १२ | १२ | ३८ | १८ | ८ | २३४ | ६१ | ४९४ |
| ३ | १५८ | ३५ | १३ | ४० | ६ | १३ | २४६ | ५५ | ५६६ |
| ४ | १४२ | २५ | १९ | ४२ | ५ | ६ | २२५ | ४७ | ५११ |
| ५ | १५२ | २१ | १० | ३७ | १३ | ११ | २८० | ४८ | ५७२ |
| ६ | १५८ | ३३ | ८ | ५३ | ७ | १२ | २३० | ६९ | ५७० |
| ७ | १४२ | २३ | १४ | ४१ | ६ | १४ | २०२ | ७५ | ५१७ |
| ८ | १७५ | १९ | २२ | ४४ | ५ | २० | ३८६ | ८१ | ७५२ |
| ९ | ११२ | २२ | १४ | ४७ | ६ | १० | २९४ | ४६ | ५५१ |
| १० | ११८ | १४ | २१ | ३६ | ६ | ६ | १९५ | ३३ | ४२९ |
| ११ | १२६ | ४८ | १३ | ३६ | ६ | ११ | २०४ | ८८ | ५३२ |
| १२ | ६१ | १२ | १२ | २९ | २ | २ | १३१ | ४६ | २९५ |
| जम्मा | १६९६ | ३०७ | १९७ | ५०१ | ८४ | १२५ | २८८३ | ७३४ | ६५२७ |

स्रोतः नगर कार्यापालिकाको कार्यालय २०८१।०८२

## ७.७ अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार बनगाड कुपिण्डे नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या २.१२ प्रतिशत रहेको छ।जसमा शरिरीक अपाङ्गता भएका २७० जना (३८.५ प्रतिशत), न्यून दृष्टि सम्बन्धी अपाङ्गता भएका ९३ जना (१३.३ प्रतिशत), बहु अपाङ्गता सम्बन्धी अपाङ्गता भएका ७३ जना (१०.४ प्रतिशत), दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका ५१ जना (७.३ प्रतिशत), मानसिक सम्बन्धी अपाङ्गता भएका ५० जना (७.१ प्रतिशत), न्यून श्रवणशक्ति सम्बन्धी अपाङ्गता भएका ४९ जना (७ प्रतिशत), बहिरोपना सम्बन्धी अपाङ्गता भएका ४३ जना (६.१ प्रतिशत), मनोसामाजिक सम्बन्धी अपाङ्गता भएका ४२ जना (६ प्रतिशत), बहिरोपना एवं दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका ११ जना (१.६ प्रतिशत), बौद्धिक अपाङ्गता भएका १० जना (२.७ प्रतिशत), अनुवंशीय रक्तश्राव सम्बन्धी अपाङ्गता भएका ५ जना (०.६ प्रतिशत), र अटिजम सम्बन्धी अपाङ्गता भएका ४ जना (०.६ प्रतिशत) रहेका देखिन्छन्।खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न हुने रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्।जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै

कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्वर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपांगताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीयका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

तालिका नं. ६२: अपाङ्गताको विवरण

| | शारीरिक अपाङ्गता | न्युन दृष्टियुक्त | बहु अपाङ्गता | दृष्टिविहीन | मानसिक अपाङ्गता | न्युन श्रवणशक्ति | बहिरोपन | मनोसामाजिक अपाङ्गता | बहिरोपना एवं दृष्टिविहीन | बौद्धिक अपाङ्गता | अनुवंशीय रक्तश्राव | अटिजम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १५२ | ४३ | ३५ | ३१ | २७ | २५ | २३ | २२ | ७ | १ | ३ | २ | ३७१ |
| महिला | ११८ | ५० | ३८ | २० | २३ | २४ | २० | २० | ४ | ९ | २ | २ | ३३० |
| जम्मा | २७० | ९३ | ७३ | ५१ | ५० | ४९ | ४३ | ४२ | ११ | १० | ५ | ४ | ७०१ |
| प्रतिशत | ३८.५ | १३.३ | १०.४ | ७.३ | ७.१ | ७ | ६.१ | ६ | १.६ | २.७ | ०.६ | ०.६ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८



# ७.८ खानेपानी तथा सरसफाई

## ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ६३: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/पाइप (घरपरिसर बाहिर) | धारा/पाइप (घरपरिसर भित्र) | मूल धारा | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | खोला/ झरना | अन्य |
|---|---|---|---|---|---|---|
| ४४०६ | १४५८ | ९४९ | ३१० | १८५ | ११५ | ५ |
| ५९.३ | १९.६ | १२.८ | ४.२ | २.५ | १.५ | ०.१ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

माथिको तालिकमा बनगाड कुपिण्डे नगरपालिकाका परिवारहरूले प्रयोग गर्ने पानीको मुख्य श्रोतको तथ्याङ्कलाई देखाइएको छ। जस अनुसार सबैभन्दा बढी परिवारले प्रयोग गर्ने पानीको श्रोतमा धारा तथा पाइप (घरपरिसर बाहिर) रहेको छ। नगरको कुल घरपरिवारको ५९.३ प्रतिशत अर्थात् ४,४०६ घरधुरीले धारा तथा पाइप(घरपरिसर बाहिर) लाई प्रमुख पानीको श्रोतको रुपमा लिएका छन्। दोस्रोमा धारा तथा पाइप(घरपरिसर भित्र) पानी प्रयोग गर्ने घरधुरी १,४५४ (१९.६ प्रतिशत), तेस्रोमा मूल धारा पानी प्रयोग गर्ने घरधुरी ९४९ (१२.८ प्रतिशत), ढाकिएको इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी ३१० (४.२ प्रतिशत) र खुलाइनार  तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी १८५ (१.५ प्रतिशत) रहेका छन् भने अन्य खानेपानी प्रयोग गर्ने घरधुरीको संख्या ०.१ प्रतिशत अर्थात ५ घरधुरीले मात्र गरेको रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

## ७.८.२ वडागत खानेपानीको विवरण

तालिका नं. ६४: वडागत खानेपानीको विवरण

| वडा नं. | धारा/पाइप (घरपरिसर बाहिर) | धारा/पाइप (घरपरिसर भित्र) | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | खोला/ झरना | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८३९ | १२६ | ९७ | १७ | १४ | १ | १ | १०९५ |
| २ | ३०४ | ९२ | ० | २ | ३० | २० | ० | ४४८ |
| ३ | १५३ | ४९ | १० | १७ | १७९ | ७६ | २ | ४८६ |
| ४ | १३० | ९५ | १ | १ | २२७ | ० | ० | ४५४ |
| ५ | ३८२ | २४५ | १५ | ९ | ४७ | २ | ० | ७०० |
| ६ | ३०९ | १७९ | ८ | ९ | १३२ | १ | १ | ६३९ |
| ७ | २४५ | ६४ | १६८ | ४ | १२९ | ७ | ० | ६१७ |
| ८ | ५१७ | १६६ | २ | २२ | १०४ | ० | ० | ८११ |
| ९ | ४३५ | १७२ | २ | १७ | ४८ | ० | १ | ६७५ |
| १० | ३७० | ९९ | १ | १० | १ | ० | ० | ४८१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | ४१९ | १६२ | ३ | २७ | ७ | ८ | ० | ६२६ |
| १२ | ३०३ | ९ | २ | ५० | ३१ | १ | ० | ३९६ |
| जम्मा | ४४०६ | १४५८ | ३०९ | १८५ | ९४९ | ११६ | ५ | ७२२८ |
| प्रतिशत | ५९.३१ | १९.६२ | ४.१५ | २.४९ | १२.७७ | १.५ | ०.०६ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

माथिको तथ्यांक अनुसार यस नगरमा सबैभन्दा बढी धारा तथा पाइप (घरपरिसर बाहिर)को पानी प्रयोग गर्ने घरपरिवार ५९.३१ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम अन्य स्रोतको पानी प्रयोग गर्ने परिवार ०.०६ प्रतिशत अर्थात ५ घरपरिवारले प्रयोग गरेको देखिन्छ। जसलाई वडागत रुपमा हेर्दा १, २, ३, ५, ६, ७, ८, ९, १०, ११ र १२ वडामा धारा तथा पाइप (घरपरिसर बाहिर) को पानी प्रयोग गर्ने घरपरिवार बढी रहेको देखिन्छ भने वडा नं. ४ मा मात्र मुल धाराको पानी प्रयोग गर्ने परिवार (२२७ घरपरिवार) धेरै रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.८.३ खानेपानी आयोजना

**तालिका नं. ६५ः बनगाड कुपिण्डे नगरपालिकामा हाल भएका खानेपानी आयोजनाको विवरण**

| क्र.सं. | वडा नं. | आयोजना वा स्किमकोउ नाम | समुदाय/ टोल |
|---|---|---|---|
| १ | १ | मुलाकोखोला खा.पा.आ. | मुलाकोखोला |
| २ | १ | अम्रा खा.पा.आ. | अम्रा |
| ३ | १ | भिरपानी, लिसपानी खा.पा.आ. | खहरेखोला |
| ४ | १ | तल्लो लिस्पानी बेलखोला खा.पा.आ. | बेलखोला |
| ५ | १ | कुईयाखोला नाम्रा खा.पा.आ. | नाम्रा |
| ६ | १ | अधिगार बगर देवस्थल खा. पा. आ. | देवस्थल |
| ७ | १ | जुरे ढुङ्गा इमिलेखोला बागचौर खा. पा. आ. | बागचौर |
| ८ | १ | लिस्पानी खहरेखोला खा.पा.आ. | खहरेखोला |
| ९ | १ | भित्रिखोला बिसारा कैनडाँडा खा.पा.आ. | बिसारा, कैनडाँडा |
| १० | १ | औलसेनी ज्यामिरे खा.पा.आ. | ज्यामिरे |
| ११ | १ | चुरेखेत चुर बुरेली लिफ्ट खा.पा. | बुरेली |
| १२ | २ | दल्यानि खा.पा.आ. | |
| १३ | २ | छहरेखोला खा.पा.आ. | |
| १४ | २ | कागुने जलुके खा.पा.आ. | |
| १५ | २ | पधेरो खा.पा.आ. P-2 | |
| १६ | २ | बेतेनी खा.पा.आ. -2 | |
| १७ | २ | कुमाले बालुवा सङ्ग्रही खा.पा.आ. | |
| १८ | २ | खालीकाचौर पनेरा खा.पा.आ. | |
| १९ | २ | राईरा खा.पा.आ. | राईरा |

| | | | |
|---|---|---|---|
| २० | २ | लाहाघाट खा.पा.आ. | लाहाघाट |
| २१ | २ | भर्सिल खा.पा.आ. | भर्सिल |
| २२ | २ | फल्तेचौर खा.पा.आ. | फल्तेचौर |
| २३ | ३ | बामे खा.पा.आ. स्कीम नं.२ | बामे |
| २४ | ३ | बामे खा.पा.आ.स्कीम नं. ९ | बामे |
| २५ | ३ | पारिखोला काभ्रा खा.पा.आ. | काभ्रा |
| २६ | ३ | मुलाखोला खेतगारा लिफ्ट खा.पा.आ. | खेतगारा |
| २७ | ३ | बराखोला पोखरा खा.पा.आ. | पोखरा |
| २८ | ३ | छिपछिपे औल खा.पा.आ. | औल |
| २९ | ३ | गर्जमा पाट्के खा.पा.आ. | पाट्के |
| ३० | ३ | जलुकेखोली च्युरीगैरा खा.पा.आ. | च्युरीगैरा |
| ३१ | ३ | औजिखोला खेतगारा खा.पा.आ. | खेतगारा |
| ३२ | ४ | काफलपानी खा.पा.आ. | काफलपानी |
| ३३ | ४ | डाव खा.पा.आ. | डाव |
| ३४ | ४ | धारापानी खा.पा.आ. | धारापानी |
| ३५ | ४ | ढावा देउली खा.पा.आ. | देउली |
| ३६ | ४ | कैनफती बताचौर गर्चे खा.पा.आ. | गर्चे |
| ३७ | ४ | राईसे अमलटाकुरा खा.पा.आ. | अमलटाकुरा |
| ३८ | ४ | चरी सिस्नेपातल खा.पा.आ. | सिस्नेपातल |
| ३९ | ४ | जुम्लेरह लानडाँडा खा.पा.आ. | |
| ४० | ४ | पाखापानी अतरकाँडा खा.पा.आ. | पाखापानी |
| ४१ | ४ | सिस्नेरी गर्चे बडाखेत खा.पा.आ. | |
| ४२ | ४ | पल्ला बिउरेनी टोल खा.पा.आ. | बिउरेनी |
| ४३ | ४ | धबाट टिमुरेनी डोप्के खा.पा.आ. | डोप्के |
| ४४ | ४ | पनेरा डोप्के खा.पा.आ. | डोप्के |
| ४५ | ४ | धारापानी मुलाखोला लिफ्ट खा.पा.आ. | मुलखोला |
| ४६ | ४ | धारापानी तल्लो मुहान मुलखोला खा.पा.आ. | मुलखोला |
| ४७ | ४ | चिसापानी रातामाटा खा.पा.आ. | रातामाटा |
| ४८ | ४ | कोटखोला देखि चिसापानी धाईरे सितलनेटा चउफारे रोगागाउँ खा.पा.आ. | सितलनेटा,चउफारे, रोगागाउँ |
| ४९ | ४ | किचेन लिस्पानी काँरा च्यूरा खा.पा.आ. | काँरा |
| ५० | ४ | जैसीमुल टँकी काफलपानी खा.पा.आ. | काफलपानी |
| ५१ | ४ | घेलपानी टँकी काफलपानी खा.पा.आ. | काफलपानी |
| ५२ | ४ | पातल आमचौर काफलपानी खा.पा.आ. | काफलपानी |
| ५३ | ५ | जुम्लेधारा खा.पा.आ. | जुम्लेधारा |

| | | | |
|---|---|---|---|
| ५४ | ५ | राँउचे खा.पा.आ. | राँउचे |
| ५५ | ५ | चिसापानी खा.पा.आ. | चिसापानी |
| ५६ | ५ | मेलेनी खा.पा.आ. | मेलेनी |
| ५७ | ५ | घरेली खा.पा.आ. | घरेली |
| ५८ | ५ | खैरागर खा.पा.आ. | खैरागर |
| ५९ | ५ | रातामाटा खा.पा.आ. | रातामाटा |
| ६० | ५ | बस्नेउरा खा.पा.आ. | बस्नेउरा |
| ६१ | ५ | मैननी खा.पा.आ. | मैननी |
| ६२ | ५ | मुलखोला खा.पा.आ. | मुलखोला |
| ६३ | ५ | त्रिभुवन जनता मा. वि. खा.पा.आ. | शंखपिपल |
| ६४ | ५ | पधेरो खा.पा.आ. P-3 | |
| ६५ | ५ | जैसीमुल खा.पा.आ. | नतेखोला |
| ६६ | ५ | च्यूरा शंखपिपल खा.पा.आ. | शंखपिपल |
| ६७ | ५ | राँउचे खा.पा.आ. | राँउचे |
| ६८ | ५ | खैरागार खा.पा.आ. | खैरागार |
| ६९ | ५ | काँरा खा.पा.आ. | काँरा |
| ७० | ५ | स्याला खा.पा.आ. | स्याला |
| ७१ | ५ | मैनेनी खा.पा.आ. | मैनेनी |
| ७२ | ५ | घरेली खा.पा.आ. | घरेली |
| ७३ | ५ | रातामाटा खा.पा.आ. | रातामाटा |
| ७४ | ५ | थाकाचौर खा.पा.आ. | थाकाचौर |
| ७५ | ५ | मिरा जैसिमुल खा.पा.आ. | |
| ७६ | ५ | बस्नेउरा खा.पा.आ. | |
| ७७ | ६ | चिल्नेटा पोखरा खा.पा.आ. | |
| ७८ | ६ | सिस्नेखोला खा.पा.आ. | |
| ७९ | ६ | मँग्रा खा.पा.आ. | |
| ८० | ६ | जल किठौरे काब्रा तल्लो डुडाखोला खा.पा.आ. | किठौरे |
| ८१ | ६ | मोरट खोला खा.पा.आ. | |
| ८२ | ६ | तुलधारा भर्सिल ज्युला खा.पा.आ. | भर्सिल ज्युला |
| ८३ | ६ | भाटगारे टँकी खा.पा.आ. | |
| ८४ | ७ | चिल्याटी खा.पा.आ. | चिल्याटी |
| ८५ | ७ | छरेपानी औलगाउ राम्चाउना खा.पा.आ. | राम्चाउना |
| ८६ | ७ | छिबछिबे लाम्पाटा खा.पा.आ. | लाम्पाटा |
| ८७ | ८ | खानेपानीधारा खा.पा.आ. | |
| ८८ | ८ | भित्रीखोला कुपिण्डे गाँउ खा.पा.आ. | कुपिण्डे |

| | | | |
|---|---|---|---|
| ८९ | ८ | तल्लो ज्यामिरे खा.पा.आ. | तल्लो ज्यामिरे |
| ९० | ८ | भित्रखोला खा.पा.आ. | |
| ९१ | ८ | ओरघाट खा.पा.आ. | ओरघाट |
| ९२ | ८ | भीत्रीखोला चीनबीसाउना खा.पा.आ. | |
| ९३ | ८ | मुसुलरी खा.पा.आ. | मुसुलरी |
| ९४ | ८ | धपखोला खा.पा.आ. | |
| ९५ | ८ | सिलाखेत गाईदुवा खा.पा.आ. | गाईदुवा |
| ९६ | ८ | कौछे लिफ्ट खा.पा.आ. | कौछे |
| ९७ | ८ | माझखोला मानडाडा खा.पा.आ. | |
| ९८ | ८ | भित्रिखोला आगरनेटा खा.पा.आ. | आगरनेटा |
| ९९ | ८ | भित्रिखोला तल्लो गाउ खा.पा.आ. | |
| १०० | ८ | ज्यामिरे लिफ्ट खा.पा.आ. | ज्यामिरे |
| १०१ | ८ | कागेखोला वरघाट कालढुङ्गा खा.पा.आ. | वरघाट |
| १०२ | ८ | धापा अधेरी खा.पा.आ. | अधेरी |
| १०३ | ८ | काजेखोला कैनेनी खा.पा.आ. | कैनेनी |
| १०४ | ८ | काजेखोला मुस्यार्नी खा.पा.आ. | मुस्यार्नी |
| १०५ | ८ | धापा खोला खा.पा.आ. | |
| १०६ | ८ | न्याला खा.पा.आ. | न्याला |
| १०७ | ८ | सिमखोला खा.पा.आ. | |
| १०८ | ८ | पारीगाउँ खा.पा.आ. | पारीगाउँ |
| १०९ | ९ | खत्री टोल खा.पा.आ. | खत्री टोल |
| ११० | ९ | किउचने मुहान खा.पा.आ. | |
| १११ | ९ | सिमागैरा तल्लो जयतपानी खा.पा.आ. | जयतपानी |
| ११२ | ९ | धागेछहरा खा.पा.आ. | |
| ११३ | ९ | भैयारी खा.पा.आ. | |
| ११४ | ९ | हुलाकी खा.पा.आ. | |
| ११५ | १० | माझकाँडा खा.पा.आ.स्कीम नं. १ | माझकाँडा |
| ११६ | १० | माझकाँडा खा.पा.आ. स्कीम नं. ३ | माझकाँडा |
| ११७ | १० | माझकाँडा खा.पा.आ.स्कीम नं. ७ | |
| ११८ | १० | माझकाँडा खा.पा.आ. स्कीम नं. ८ | माझकाँडा |
| ११९ | १० | माझखर्क खोला थापाचौर खा.पा.आ.स्कीम नं. ९ | माझखर्क |
| १२० | १० | माझकाडा खा.पा.आ. | माझकाडा |
| १२१ | १० | फारुलेपानी खा.पा.आ. | |
| १२२ | १० | जोखपानी खा.पा.आ. | |
| १२३ | ११ | पातलिघाट मायारुख खोला खा.पा.आ. | पातलिघाट |

| | | | |
|---|---|---|---|
| १२४ | ११ | बाइसहाते खा.पा.आ. | |
| १२५ | ११ | खोचेपानी पाँघरे खा.पा.आ. | |
| १२६ | ११ | बेतेनी खा.पा.आ. -1 | बेतेनी |
| १२७ | ११ | धाइरे खा.पा.आ. | |
| १२८ | ११ | दुईखोली रातामाटा खा.पा.आ. | रातामाटा |
| १२९ | ११ | सिमाखोली खानीयाखर्क खा.पा.आ. | खानीयाखर्क |
| १३० | ११ | चिसापानी सिंगाउरे खा.पा.आ. | |
| १३१ | १२ | मार्के खा.पा.आ. | मार्के |
| १३२ | १२ | लिसे खोला खा.पा.आ. | |
| १३३ | १२ | ददाटी खा.पा.आ. | |
| १३४ | १२ | काफलनेटी सिरुगैरा खा.पा.आ. | सिरुगैरा |
| १३५ | १२ | मार्के सौर्या खा.पा.आ. | |
| १३६ | १२ | भिरकुना खा.पा.आ. | |
| १३७ | १२ | आरुखर्क खा.पा.आ. | आरुखर्क |
| १३८ | १२ | कपंगैरा खा.पा.आ. | |
| १३९ | १२ | सल्लेरी खा.पा.आ. | |
| १४० | १२ | तल्लो बजेरी खा.पा.आ. | तल्लो बजेरी |
| १४१ | १२ | मथिल्लो बजेरी खा.पा.आ. | मथिल्लो बजेरी |
| १४२ | १२ | कान्त ताल खा.पा.आ. | |
| १४३ | १२ | हिले बस्नेउरा खा.पा.आ. स्कीम नं. १ | |
| १४४ | १२ | धाराखोला खा.पा.आ. | |
| १४५ | १२ | बयाले खा.पा.आ. | बयाले |
| १४६ | १२ | तुसारे खोला खा.पा.आ. | |
| १४७ | १२ | नौलापानी पुछ्याला खा.पा.आ. | पुछ्याला |

स्रोतः वनगाड कुपिण्डे नगरपालिका २०८१।०८२

नगरपालिकामा हाल सञ्चालनमा रहेका खानेपानी आयोजना मध्ये वडा नं. १ र २ मा ११/११ वटा, वडा नं.३ मा ९ वटा, वडा नं. ४ मा २१ वटा, वडा नं. ५ मा २४ वटा, वडा नं. ६ मा ७ वटा, वडा नं. ७ मा ३ वटा, वडा नं. ८ मा २२ वटा, वडा नं. ९ मा ६ वटा, वडा नं. १० र ११ मा ८/८ वटा रहेका छन भने वडा नं. १२ मा ९ वटा रहेका छन। जसको विस्तृत विवरण माथिको तालिका देखाइएको छ।

### ७.८.४ शौचालयको विवरण

तालिका नं. ६६: शौचालयको प्रकार

| फलस भएको (सार्वजनिक ढल) | फलस भएको (सेफ्टि ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | सार्वजनिक | जम्मा |
|---|---|---|---|---|---|
| १५८ | ६६०९ | ४३३ | २२५ | ३ | ७४२८ |
| २.१ | ८९ | ५.८ | ३ | ०.०४ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

माथिको तालिकामा बनगाड कुपिण्डे नगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। जसको अध्ययन गर्दा नगरमा अधिकांश परिवारहरू शौचालय विहिन रहेको देखिन्छ। स्वास्थ्य, शिक्षा तथा सरसफाई सम्बन्धी जनचेतनाको कमीले गर्दा नगरमा कुल घरपरिवारको ३ प्रतिशत अर्थात् २२५ परिवारले शौचालय प्रयोग गरेको देखिँदैन। नगरमा शौचालय प्रयोग गर्ने घरपरिवारहरूमा पनि साधारण शौचालय प्रयोग गर्नेको परिवार ४३३ (५.८ प्रतिशत) रहेको छ भने फलस भएको (सेफ्टि ट्याङ्की) शौचालय प्रयोग गर्ने परिवार संख्या ६६०९ (८९ प्रतिशत) र फलस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या १५८ (२.१ प्रतिशत) मात्र देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ७.८.५ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ६७: वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फलस भएको (सार्वजनिक ढल) | फलस भएको(सेप्टिक ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | सार्वजनिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३९ | ९०७ | १४१ | ७ | १ | १०९५ |
| २ | १० | ४२६ | १ | ११ | ० | ४४८ |
| ३ | २ | ४३२ | १ | ५१ | ० | ४८६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ३ | ४४३ | ७ | १ | ० | ४५४ |
| ५ | ४१ | ३९० | २५६ | १३ | ० | ७०० |
| ६ | २१ | ५५९ | १२ | ४६ | १ | ६३९ |
| ७ | २ | ५८६ | ३ | २६ | ० | ६१७ |
| ८ | १२ | ७८१ | २ | १६ | ० | ८११ |
| ९ | ९ | ६४१ | ४ | २० | १ | ६७५ |
| १० | ८ | ४७३ | ० | ० | ० | ४८१ |
| ११ | ९ | ५९८ | ४ | १५ | ० | ६२६ |
| १२ | २ | ३७३ | २ | १९ | ० | ३९६ |
| **जम्मा** | १५८ | ६६०९ | ४३३ | २२५ | ३ | ७४२८ |
| **प्रतिशत** | २.१ | ८९ | ५.८ | ३ | ०.०४ | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा सबै वडाहरूमा शौचालय भएको घरपरिवारको संख्या बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.८.६ खुला दिसामुक्त क्षेत्र

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.हरुमा ८४.३४ प्रतिशत घरपरिवारको आफ्नो शौचालय थिएन। जिल्ला खानपानी तथा सरसफाई डिभिजन कार्यालय, जिल्ला समन्वय समिति, साविकका गा.वि.स., स्थानीय राजनीतिक दल, नागरिक समाज आदिको सहयोग र नेपाल रेडक्रस सोसाईटी, पास नेपाल, डिडिएस जस्ता संस्थाको सहभागिता र समन्वयमा मिति २०७२ पौष १२ देखि २०७३ जेष्ठ २५ बिचका विभिन्न मितिमा यस नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.हरूमा शतप्रतिशत घरधुरीमा शौचालय निर्माण गरिएकोले खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको थियो। जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६८ः खुला दिसामुक्त क्षेत्र घोषणा भएका साविकका गा.वि.स.हरुको विवरण**

| सि.नं. | साविकका गा.वि.स. | घर परिवार | जनसंख्या | शौचालय भएका घरपरिवार | खुला दिसामुक्त क्षेत्र घोषणा मिति |
|---|---|---|---|---|---|
| 1 | देवस्थल | 918 | 4,783 | 918 | 2072/09/12 |
| 2 | मुलखोला | 1,015 | 5,288 | 1,015 | 2072/09/13 |
| 3 | बामे | 900 | 4,689 | 900 | 2072/12/23 |
| 4 | निगालचुला | 443 | 2,308 | 443 | 2073/01/30 |

| | | | | | |
|---|---|---|---|---|---|
| 5 | कुपिण्डेदह | 1,265 | 6,591 | 1,265 | 2073/02/18 |
| 6 | घाँझरी पिपल | 1,155 | 6,018 | 1,155 | 2073/02/24 |
| 7 | माझकाँडा | 979 | 5,101 | 979 | 2073/02/25 |

स्रोतः जिल्ला खानेपानी तथा सरसफाई कार्यालय, सल्यान २०७३

## ७.९ फोहोर मैला व्यवस्थापन

नगरपालिकालाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता दिने क्रममा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा कैयौ पटक अभियानको रुपमा संचालन भएको पाइन्छ। यसबाट आम नगरपालिका बासीहरुमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ। बनगाड कुपिण्डे नगरपालिकामा फोहरमैला व्यवस्थापन एवं पूर्वाधारा विकास तर्फ सतह ढल निर्माण, ठोस र तरल फोहोर व्यवस्थापनका लागि कार्ययोजना तयार गरी लाग्ने खर्च रकम छुट्याएको छ। फोहोरमैला व्यवस्थापनका लागि हाललाई नगरपालिकाले सवारी साधन भाडामा लिई हप्तामा २ पटक फोहर मैला संकलन गरी व्यवस्थापन गर्दै आएको छ। थप उपकरणहरुको व्यवस्थापन गर्न र व्यवस्थित ल्याण्डफिल साइट निर्माण गर्न अझैं लाग्नु पर्ने देखिन्छ।

# खण्ड ८: वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पति




नक्सा नं. १६: बनगाड कुपिण्डे नगरपालिकामा वनले ढाकिएको क्षेत्रफलको नक्सा

बनगाड कुपिण्डे नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अद्यपि सम्पन्न नगरको श्रेणीमा पर्दछ। नगरको कुल क्षेत्रफल ३३८.२१ वर्ग कि.मि. मध्ये २४१.७७ वर्ग कि.मि. (७१.४८ प्रतिशत) वन क्षेत्रको रुपमा रहि आएको छ। जसमध्ये सामुदायिक वन, धार्मिक वन, कवुलियती वन र अन्य राष्ट्रिय वन रहेको छ।

जिल्ला वन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने गरि बनगाड कुपिण्डे नगरपालिकाको वन क्षेत्रलाई व्यवस्थापन गरिएको छ। यस नगरमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, खोटे सल्ला, साल, साज, बाँझ, कटुस, लालीगुराँस, काफल, उतिस, चिउरी, पैयु, कोइरालो, वोटधाइरो, जामुन, सिसौ, टुनी, सान्दन, तिजु, टुनी आदि रहेका छन् र लघु वन पैदावारहरूमा खोटो, टिमुर, तेजपात, दारुहल्दी, काउलो, गोकुलधुप, अमला, रिठा, पाखनवेद, बोझो काफलको बोक्रा आदी हुन्। त्यसैगरी बन्यजन्तुहरूमा १) स्तनधारीः कस्तुरी मृग, घोरल, झारल, थार, बाघ, फ्याउरो, चितुवा, बाँदर, भालु, स्याल, रतुवा, दुम्सी, पाखे वेत, खरायो, बँदेल, मलसाप्रो, ब्वाँसो आदि रहेको छन्। त्यस्तैगरी, २) पंक्षीः डाँफे, मुनाल, कालिज, तित्रा, कोईली, ढुकुर, बकुल्ला, पानी हाँस, गिद्ध, चिल, काग, गौथली, भंगेरा, लुँईते, लामपुच्छ्रे, च्याखुरा, मलेवा, लुइचे, जुरली, धनेस, हुचिल आदि विभिन्न प्रजातीका चराहरू रहेको अनुमान छ। ३) सरीसृपः छेपारो, अजिंगर, सर्प, सालक आदि। ४) उभयचरः भ्यागुता र पाहाँ आदि। ५) किरा पुतलीः खजुरो, कन्सुत्लो, पुतली, फटयाङ्ग्रा आदि।

तालिका नं. ६९ः नगरको भू-उपयोगको अवस्था र बनजंगलको समुह

| क्र.सं. | साविक गा.वि.स. | चौडापाते तथा कोणधारी वन (हे.) | | | व्यवस्थापनको आधारमा (हे.) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | चौडापाते वन | कोणधारी वन | जम्मा | सा.व.क्षेत्र | क.व. क्षेत्र | रष्ट्रिय वन क्षेत्र | जम्मा |
| १ | बामे | ११५५.८ | ४६२३ | ५७७८.८ | १५७९.३ | ० | ४१९९.५ | ५७७८.८ |
| २ | देवस्थल | ४९१.५ | २४०१.५ | २८९३ | १६६.५ | २७२.१ | २४५४.४ | २८९३ |
| ३ | घाँजरीपिपल | १०५० | २६३५ | ३६८५ | ८२६.७ | ० | २८५८.३ | ३६८५ |
| ४ | कुपिन्डेदह | ४२६ | ३८३८.८ | ४२६०.८ | २०४२ | ८.९ | २२०९.९ | ४२६०.८ |
| ५ | माझकाडा | १४८२ | १६८२.१ | ३१६४.१ | ३२१.७ | ० | २८४२.४ | ३१६४.१ |
| ६ | मुलखोला | २०१.९ | २६८१.९ | २८८३.८ | १०४२ | १२८.२ | १७१३.६ | २८८३.८ |
| ७ | निगालचुला | ७५० | ७६१ | १५११ | १९७.८ | ० | १३१३.२ | १५११ |
| | जम्मा | ५५५७.२ | १८६१९.३ | २४१७६.५ | ६१७६ | ४०९.२ | १७५९१.३ | २४१७६.५ |

तालिका नं. ७०ः बनगाड कुपिण्डे नगरपालिकामा भएका विभिन्न किसिमका बनजंगल समुहको विवरण

| वडा नं. | सामुदायिक वन | | कवुलियती वन | | राष्ट्रिय वन (हे.) |
|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | वन संख्या | क्षेत्रफल (हेक्टर) | वन संख्या | |
| १ | १६६.५ | ३ | २७२.१ | ३८ | २४५४.४ |
| २ | ८३९.७ | ७ | ० | ० | ४१९९.५ |
| ३ | ७३९.७ | ६ | ० | ० | |
| ४ | ६६७.६२ | ७ | ३९.५ | ६ | १७१३.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ३७४.७ | ३ | ८८.७ | १२ | |
| ६ | ५८३ | ४ | ० | ० | २८५८.३ |
| ७ | २४३.७ | ३ | ० | ० | |
| ८ | १०३४.१ | ९ | ० | ० | २२०९.९ |
| ९ | १००७.९ | ६ | ८.९ | २ | |
| १० | १९५.२ | १ | ० | ० | ४१५५.६ |
| ११ | १२६.५ | १ | ० | ० | |
| १२ | १९७.८ | ६ | ० | ० | |
| जम्मा | ६१७६.४२ | ५६ | ४०९.२ | ५८ | १७५९१.३ |

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

नेपालको वन क्षेत्र वि.सं. २०१३ सालभन्दा अगाडि मुखिया, तालुकदार तथा गाउँलेहरूबाट रेखदेख हुँदै आएकोमा २०१३ सालमा निजी वनजंगल राष्ट्रियकरण ऐन लागु भएपछि निजी वन बाहेकका सबै वन सरकारको अधिनमा गयो। बनगाड कुपिण्डे नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलित रुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको बनगाड कुपिण्डे नगरपालिका जस्ता नगरमा वन संरक्षण र सम्बद्र्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्य नजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरमा सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, निजी वन र राष्ट्रिय वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा बनगाड कुपिण्डेको वन वरिपरी बढिरहेको जनसंख्या र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल आएर ५६ वटा सामुदायिक वन, ५८ वटा कबुलियती वन र केही वन राष्ट्रिय वन संरक्षण, सम्बद्र्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

बनगाड कुपिण्डे नगरपालिका समुन्द्री सतहबाट ५५० मि. भुभाग देखि २३०० मि. सम्मको उर्चाइमा अवस्थित रहेको र यस नगरमा उपोष्ण, समशीतोष्ण जलवायुयुक्त भएको कारण यस क्षेत्रमा चिलाउने कटुस, तिजु, पैयू, उत्तिस, टुनी, खोटे सल्ला, साल, लालिगुराँसका प्रजातीहरूका विरुवाहरू पाइन्छन। गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका बाँस, निगालो, लोक्ता आदि वनस्पति तथा पिपला, अमला, हर्रो, बर्रो, चाबो, चिराईतो, दालचिनी आदि जडीबुटीहरू यस नगरका मुख्य लघुवन पैदावरहरू हुन्।

मिश्रित जलवायुका कारण जिवजन्तुमा अनुकुल प्रभाव परेको छ र उनीहरूले यस किसिमको वातावरणमा सहजतापुर्वक आफुलाई खपाउन सकिरहेको पाइन्छ। नगरको विभिन्न प्रकारको वन क्षेत्रले कस्तुरी मृग, घोरल, झारल, थार, बाघ, फ्याउरो, कालो चितुवा, बाँदर, भालु, चितुवा, स्याल, रतुवा, दुम्सी, पाखे वेत, डाँफे, मुनाल, कालिज, तित्रा, कोईली, ढुकुर, बकुल्ला, पानी हाँस, गिद्ध, चिल, काग, गौथली, भंगेरा, लामपुच्छ्रे, छेपारो, अजिंगर, सर्प, सालक, भ्यागुता, पाहाँ, खजुरो, कन्सुत्लो, पुतली, फटयाङ्ग्रा आदि वन्यजन्तुहरूलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। वर्षेनी वन क्षेत्र फडानी भई निर्माण क्षेत्र तथा कृषियोग्य भुभागमा परिणत हुनु र वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

नगरको विषम हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका कुपिण्डेदह र अन्य मन्दिरहरू समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.३ जिल्लामा पाइने मुख्य वनस्पतिहरू

विविध प्रकारको भूबनोट र प्राकृतिक वातावरणका कारण सल्यान नगरलाई जैविक विविधताको भण्डारको रुपमा लिन सकिन्छ। यो नगरलाई विशेष गरी सिमसार क्षेत्रको रुपमा चिनिन्छ। यहाँ पाइने मुख्य वनस्पतिहरूमा चिलाउने कटुस, तिजु, पैयू, उत्तिस, टुनी, खोटे सल्ला, साल, लालिगुराँसका प्रजातीहरू पाइन्छन्। बाँस, निगालो, लोक्ता आदि वनस्पति तथा पिपला, अमला, हर्रो, बर्रो, चाबो, चिराईतो, दालचिनी आदि जडीबुटीहरू यस नगरका मुख्य लघुवन पैदावरहरू हुन्।

## ८.४ लघु वन पैदावार

यस नगरमा उपोष्णदेखि समशीतोष्ण ठण्डासम्मका विविध प्रजातीका वनजंगलहरू रहेकाले विविध महत्वका जडीबुटीहरू पाईन्छन्। तथापी प्राप्त हुनसक्ने जडिबुटीहरू र यसको संकलन बारे सूचनाको अभाव रहेको छ। विभिन्न प्रजातिका लघु वन पैदावरहरू नगरमा पाइन्छन्। बनगाड कुपिण्डे नगरको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरूमा काउलो, पिपला, साल, साज, टुनी, बाँझ, चुत्रो, ऐँसेलु, च्याउ, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, निगालो, अम्रिसो, रुद्राक्ष, घिउकुमारी, टिमुर, तेजपात, दारुहल्दी, गोकुल धुप, खोटे सल्ला,

दालचिनी, चिराईतो, बेल, असुरो, चिउरी, यार्सागुम्बा, काफल, रिट्ठा, राजवृक्ष, ओखर, भ्याकुर, दतिवन, छतिवन, श्रीखण्ड, कटुज, वन तरुल, लालिगुराँस, कागती घाँस, पाखनवेद, काफलको बोक्रा, कालो जिरा, वोटधाइरो, सान्दन, लोक्ता, कोइरालो, भोर्ला, कालो मुसली, निम, सिमल, सालको पात, खोटो, सर्पगन्धा, लप्सी आदि मुख्य हुन्।

## ८.५ जिल्लामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

यस नगरमा विभिन्न प्रजातीका स्तनधारी वन्यजन्तुहरू पाइन्छन्। तिनीहरूमा मुख्य गरी कस्तुरी मृग, घोरल, झारल, थार, बाघ, फ्याउरो, कालो चितुवा, बाँदर, भालु, चितुवा, स्याल, रतुवा, दुम्सी, पाखे वेत आदि छन।

### (ख) चराचुरुंगी

यस नगरमा करिब विभिन्न प्रजातिका चराचुरुङ्गी पाइन्छन्। तिनीहरूमा मुख्य गरी डाँफे, मुनाल, कालिज, तित्रा, कोईली, ढुकुर, बकुल्ला, पानी हाँस, गिद्ध, चिल, काग, च्याखुरा, मलेवा, लुइचे, जुरेली, गौथली, हुचिल, भंगेरा, लुँईते, लामपुच्छ्रे आदि छन्। यसबाहेक यहाँ बसाई सर्ने आउने चराहरूको मात्रा पनि प्रचुरमात्रामा रहेको छ।

### (ग) सरिसृप जिवजन्तुहरू

यस नगरमा घिस्रने जिवजन्तुहरूमा छेपारो, अजिंगर, सर्प, सालक आदी पाइन्छन्।

### (घ) माछा वर्ग

यहाँ पाइने विभिन्न प्रजातीका माछाहरूको लागि भने ताल क्षेत्र उत्तम बासस्थान मानिन्छ।

### (ङ) किरा पुतली

यस नगरमा खजुरो, कन्सुत्लो, पुतली, फट्याङ्ग्रा आदि प्रशस्त मात्रामा पाइन्छन्।

## ८.६ वन क्षेत्र सम्वन्धी विवरण

तालिका नं. ७१: बनगाड कुपिण्डे नगरपालिकाको वन क्षेत्र सम्वन्धी विवरण

| क्र.सं. | वनको किसिम | संख्या | क्षेत्रफल(हेक्टर) | प्रतिशत | लाभान्वित घरधुरी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लाभान्वित घरधुरी | पुरुष | महिला | कुल जनसंख्या |
| १ | सामुदायिक वन | ५६ | ६,१७६.४२ | २५.५५ | ४,३८१ | १३,०१३ | १२७६४ | २५,७९५ |
| २ | कबुलियती वन | ५८ | ४०९.२० | १.६९ | ६३० | १९६९ | १९२१ | ३८९० |
| ३ | राष्ट्रिय वन | | १७५९१.३० | ७२.७६ | | | | ० |
| जम्मा | | | २४१७६.९२ | १०० | ५०११ | १५,००० | १४६८५ | २९६८५ |

स्रोतः जिल्ला वन कार्यालय सल्यान २०८१।०८२

यस तालिकामा बनगाड कुपिण्डे नगरपालिकामा रहेका सामुदायिक, धार्मिक, कबुलियती, निजी र राष्ट्रिय वनको विवरण उल्लेख गरिएको छ। बनगाड कुपिण्डे नगरपालिकाको कुल क्षेत्रफलको ७१.४८ प्रतिशत (२४१.७७ वर्ग कि.मी.) भूभाग वन क्षेत्रले ढाकिएको छ। नगरमा विभिन्न वडाहरूमा सामुदायिक वन हस्तान्तरण भई ४,३८१ घरधुरी तथा २५,७९५ (१३,०३१ पुरुष र १२,७६४ महिला) जनसंख्याहरू सामुदायिक वनबाट लाभान्वित भएका छन्। यसैगरी कबुलियती वनबाट ६३० घरधुरी तथा ३,८९० (१९६९ जना पुरुष र १९२१ जना महिला) जनसंख्या लाभान्वित छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ८.७ सरकारद्वारा व्यवस्थित वन

यस नगरमा कुल २४,१७६.९२ हे. (२४१.७७ वर्ग कि.मि.) वनक्षेत्रले ओगटेको छ। जिल्ला वन कार्यालय अन्तर्गत वन क्षेत्र रहेकोमा सामुदायिक वन र निजी वनको रुपमा स्थानीय उपभोक्ताहरूलाई हस्तान्तरण नगरिएको राष्ट्रिय वनको भाग नै सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ। नगरका विभिन्न वडाहरूमा गरी करिब १७,५९१.३ हे. राष्ट्रिय वन क्षेत्र रहेको छ। यस वनमा मुख्य रुपमा चिलाउने कटुस, तिजु, पैयू, उत्तिस, टुनी, खोटे सल्ला, साल, लालिगुराँसका प्रजातीहरू, बाँस, निगालो, लोक्ता आदि वनस्पति तथा पिपला, अमला, हर्रो, बर्रो, चाबो, चिराईतो, दालचिनी आदि जडीबुटीहरू पाइन्छन्।

## ८.८ सामुदायिक वन

तालिका नं. ७२: हस्तान्तरिक सामुदायिक वनहरुको विवरण

| सि.नं. | साविकका गाविसको नाम | समूह संख्या | क्षेत्रफल (हेक्टर) | लाभान्वित | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | घरधुरी | पुरुष | महिला | जम्मा |
| १ | वामे | १३ | १५७९.३ | ४८० | १९०८ | २१३९ | ४०४७ |
| २ | देवस्थल | ३ | १६६.५ | ६२० | २०७९ | २३४३ | ४४२२ |
| ३ | घाँजरीपिपल | ७ | ८२६.७ | ५४० | २५०८ | २८७९ | ५३८७ |
| ४ | कूपिण्डेदह | १५ | २०४२ | ९४० | २८६८ | ३४६७ | ६३३५ |
| ५ | माँझकाडा | २ | ३२१.७ | २५० | १०९५ | ११५६ | २२५१ |
| ६ | मूलखोला | १० | १०४२ | ७८० | १८२५ | २७६३ | ४५८८ |
| ७ | निगालचूला | ६ | १९७.८ | १७५ | ९०१ | ९२० | १८२१ |
| जम्मा | | ५६ | ५६ | ६१७६ | ३७८५ | १३१८४ | १५६६७ |

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निती अनुसार यस नगरमा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। नगरमा आ.व. २०४९/५० देखि सामुदायिक वनको शुरुवात भएको पाइन्छ। यस नगरमा आ.व. २०८१/०८२ सम्ममा जम्मा ५६ वटा सामुदायिक वन उपभोक्ता समूहहरूलाई ६१.७६ वर्ग कि.मी. (६१७६ हेक्टर) वन क्षेत्र संरक्षण, व्यवस्थापन गर्न हस्तान्तरण भै सकेको छ। जसबाट १३,१८४ घरधुरी लाभान्वित भएका छन्। विगतको समयमा थोरै

जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले नगरको अवस्था संवेदनशील भएको छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent Right) का विषयमा र GATT WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। जिविस र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाटै वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरमा परिचालन गर्नुपर्ने देखिन्छ।

सामुदायिक वनहरूको संरक्षणमा प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

### ८.८.१ सामुदायिक वनहरूबाट बिक्री वितरण गरेको वनपैदावरको विवरण

तालिका नं. ७३: जिल्लामा सामुदायिक वनहरूबाट बिक्री वितरण गरेको काठको विवरण (समूह बाहिर आ.व. २०७२/०७३)

| क्र.सं. | सा.व.उ.स.को नाम | जात | ग्रेड | गोलिया थान(वटा) | परिमाण (क्यू.फि.) | जम्मा सकार मूल्य रु. | १३ प्रतिशत भ्याट रु. |
|---|---|---|---|---|---|---|---|
| १ | लालिगुराँस सा.व. | सल्ला | A | १०५ | १६६०.८ | ५१४५८८.४८ | ६६८९६.५ |
| | | | B | ५२५ | ४३६३.९६ | ९१७६४५.२१ | ११९२९३.८८ |
| २ | हिमाली सा.व. | सल्ला | A | ३५ | ४७७.२६ | १४८६३४.५८ | १९३२२.५ |
| | | | B | ७२४ | ४४२३.५६ | ९१७८७१.३४ | ११९३२३.२७ |
| ३ | सुलिकोटा सा.व. | | A | ३१ | ४६०.८१ | १४२३९०.२९ | १८५१०.७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | B | ३०५ | १९३९.८९ | ४०१५५७.२३ | ५२२०२.४४ |
| | जम्मा | | A | १७१ | २५९८.८७ | ८०५६१३.३५ | १०७२९.७४ |
| | | | B | १५५४ | १०७२७.४१ | २२३७०७३.७८ | २९०८१९.५९ |
| | | | | १७२५ | १३३२६.२८ | ३०४२६८७.१३ | ३९५५४९.३३ |

स्रोत:जिल्ला वन कार्यालय, सल्यान २०७२।०७३

तालिका नं. ७४: जिल्लामा सामुदायिक वनबाट खोटोको निकासी विवरण

| क्र.सं. | कम्पनीको नाम | ठेगाना | उत्पादन परिमाण टिन | निकासी परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खोटो टिन | वजन के.जी. | समुहको खातामा जम्मा भएको रकम रु. | १३ प्रतिशत VAT | जि.वि.स. निकासी कर |
| १ | बुढाथोकी रो. एण्ड ट.उ.प्रा.लि. | सतवरिया ९, अमलिया, दाङ्ग | ९९७ | ९९७ | १७६५७ | १६४९३१ | २१४४१ | ८८२९ |
| २ | माउण्ट रो. एण्ड ट. ई.प्रा.लि. | तिलोमा न.पा. २१, रुपन्देही | ९४२३ | ९४२३ | १६०४३९ | १४४३९४७ | १८७७१३ | ८०२१९ |
| ३ | देउती रो. एण्ड ट. ई.प्रा.लि. | गनापुर(७, नेपालगञ्ज, बाँके मनकामना | ९०४९ | ९०४९ | १५९२६२ | १४३३३५४ | १८६३३६ | ७९६३१ |
| ४ | रा.ए.के.उ.प्रा.लि. | शंसेरगञ्ज ४, बाँके, नेपालगञ्ज | ९५५९ | ९५५९ | १६६६४१ | १४७८७१८ | १९२२३३ | ८३३२० |
| ५ | गणपति रा.एण्ड ट.ई. (प्रा.लि.) | शिवराज न.पा. ८, कपिलवस्तु | ३३८१८ | ३३८१८ | ५९६५५३ | ५९६५५३४ | ७७५५१ | २९८२७७ |
| ६ | श्री गंगा रो.ए.ट.उ.प्रा.लि. | गनापुर २, बाँके | १११५३६ | १११५३६ | १९६६९९२ | १७७०२९२८ | १४१६८३ | १५००४१ |
| ७ | ग्लोबल केमिकल्स प्रा.लि. | अत्तरिया न.पा.१२, कैलालि | | | | | | |
| जम्मा | | | १७४३८२ | १७४३८२ | ३०६७५४४ | २८१८९४१२ | १५०४९२५ | ७००३१७ |

स्रोत:जिल्ला वन कार्यालय, सल्यान २०७२।०७३

## ८.९ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। बनगाड कुपिण्डे नगरपालिकाको विभिन्न भागहरू धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू रहेको पाइन्छ।

## ८.१० कबुलियती बन सम्वन्धी विवरण

तालिका नं. ७५: कबुलियती वनसम्बन्धी विवरण

| सि. नं. | साविकका गाविसको नाम | समूह संख्या | क्षेत्रफल (हेक्टर) | जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | घरधुरी | पुरुष | महिला | जम्मा |
| १ | देवस्थल | ४२ | २७२.१ | ४५१ | १४१३ | १३९९ | २८१२ |
| २ | कुपिण्डेदह | २ | ८.९ | १८ | ५९ | ५० | १०९ |
| ३ | मूलखोला | १४ | १२८.२ | १६१ | ४९७ | ४७२ | ९६९ |
| जम्मा | | ५८ | ४०९.२ | ६३० | १९६९ | १९२१ | ३८९० |

गरिबीका रेखामुनी रहेका जनताहरूलाई, हैसियत बिग्रिएको तथा भू-क्षय भई अनुत्पादक वनक्षेत्रलाई मात्र कबुलियती वनको रुपमा हस्तान्तरण गर्ने लक्ष्य अनुरुप कबुलियती वन समुहहरू गठन भएका थिए। यस नगरमा ५८ कबुलियती वन समूह गठन भई ४.०९ वर्ग कि.मि. (४०९.२ हेक्टर) हैसियत बिग्रेको वन क्षेत्रमा आय आर्जनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन भएको देखिन्छ। जसबाट ६३० घरधुरी र ३८९० (१९६९ पुरुष र १९२१ महिला) जनसंख्या लाभान्वित भएका थिए भने अहिलेको अवस्थामा धेरै जसो ठाउँमा ती वन कबुलेती वन निसकृय अबस्थामा रहेको पाईयो।

## ८.११ जडिबुटी सम्बन्धी विवरण

यस नगरको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा तेजपात, अमला, कुरिलो, पिपला, बोझो, हर्रो, बर्रो, भ्याकुर, रिठ्ठा, मौवा, लेमनग्रास, बेत, राजबृक्ष, रोहिनि, सालधुप, बाँस, अम्रिसो, नीम, चिउरी, मौवा, घोडाटाप्रे, वनहल्दी, सालकोपात, चिराइतो, टिमुर, भकिम्लो आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ। यस न.पा.को निगालचुला, कुपिन्डेदह, माझकाडा क्षेत्रमा टिमुर र रिठाको राम्रो पकेट क्षेत्र रहेको छ भने मुलखोला, घाँजरीपिपल क्षेत्रमा तेजपात, दारुहल्दी (चुत्रोको बोक्रा) को पकेट क्षेत्र रहेको छ। वडा नं. २,३,७,११ र १२ मा नगरपालिकाले टिमुर पकेट क्षेत्रको रुपमा परिचित छ। वडा नं. २ र ३ मा अनुवाको राम्रो उत्पादन हुन्छ।

